# सामाजिक विकास मन्त्रालय र मातहतका निकायबाट आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन हुने कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८३

लुम्बिनी प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

**कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०८३/०८४**

**स्वीकृत मितिः २०८३/०५ /०२**

सामाजिक विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन हुने विभिन्न बजेट उपशीर्षकहरुमा रहेका कार्यक्रम तथा आयोजनाहरुको मितब्ययी, प्रभावकारी, पारदर्शी र व्यवस्थित कार्यान्वयन तथा सहजीकरणका लागि यो कार्यक्रम सञ्चालन कार्यविधि तयार गरिएको छ।कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट लक्षित नतिजा सुनिश्चित गरी नतिजामा आधारित अनुगमन प्रणाली अवलम्वन गर्न र कार्यक्रमको प्रभावकारिता मुल्याङ्कन, सामाजिक परीक्षण तथा लेखा परीक्षण कार्यलाई आवश्यकता अनुसार सहजीकरण गर्ने समेत उद्देश्यले यो सञ्चालन मार्गदर्शन तयार गरिएको हो।

आर्थिक वर्ष २०८३/८४ मा प्रदेश सरकारको नीति तथा कार्यक्रम मन्त्रालय तथा मातहतका निकायबाट कार्यान्वयन हुने कार्यक्रम कार्यान्वयनको अवधारणा, कार्यान्वयन प्रक्रिया, खर्च गर्ने आधार र एकै प्रकारका कामहरूलाई समान एवम् प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याउने अभिप्रायले यो मार्गदर्शन तयार पारिएको छ। यस मार्गदर्शनबाट वित्तीय अनुशासन कायम राख्न, पारदर्शी रूपबाट कार्यक्रम सरोकारवालाहरूको सहभागितामा कार्यान्वयन गर्न मद्दत पुग्ने छ भन्ने अपेक्षा लिइएको छ।विशेष गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायले यस कार्यविधिको अतिरिक्त प्रचलित ऐन कानुनको परिधिभित्र रही औचित्यता, नियमितता, कार्यदक्षता, प्रभावकारीता र पारदर्शिताको आधारमा चालु वर्षको कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ। यसै गरी कार्यक्रम कार्यान्वयन र अनुगमनमा सम्बद्ध सबै सरोकारवालाहरूले यस मार्गदर्शनलाई प्रयोगमा ल्याई कार्यक्रमका उद्देश्यहरू समयसीमा भित्रै हासिल गर्न ठोस सहयोग पुग्ने छ भन्ने अपेक्षा राखिएको छ।अन्त्यमा यस मार्गदर्शनका विषयमा प्राप्त हुने सुझावहरूले यस मन्त्रालयलाई आगामी दिनका लागि थप पृष्ठपोषण प्रदान गर्ने हुनाले सरोकारवालाहरूबाट रचनात्मक सुझावको अपेक्षा राख्दै मार्गदर्शन तयार गर्ने कार्यमा सहयोग पुर्याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

.......................

**(सुशीला अर्याल)**

**प्रदेश सचिव**

बार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय, निर्देशनालय, तालिम केन्द्र र डिभिजन कार्यालयमा कार्यक्रम कार्यान्वयनमा संलग्न कर्मचारी तथा निकायहरुले ध्यान दिनुपर्ने महत्वपूर्ण विषयहरु देहाय बमोजिम रहेका छन्-:

१. यो मार्गदर्शन सामाजिक विकास मन्त्रालय र मातहतका निकायबाट आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गर्ने कार्यक्रमको कार्यान्वयन सहजीकरणका निमित्त तयार गरिएको छ । यसमा वाझिएका विषयहरु प्रचलित कानुन अनुसार नै कार्यसम्पादन गर्नुपर्नेछ । हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस मार्गदर्शनलाई राम्ररी अध्ययन गर्नु पर्नेछ।

२. यस मार्गदर्शनमा उल्लेखित विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी मन्त्रालयको हकमा लेखाउत्तरदायी अधिकृत र मातहतका निकायका सन्दर्भमा अख्तियारी प्राप्त अधिकारीको हुनेछ।

३. कार्यक्रम सञ्चालन गर्नु पूर्व प्रचलित कानुनको प्रावधान अनुकुल हुने गरी कार्यक्रमको उद्देश्य, कार्यक्रम सञ्चालन प्रक्रिया, कार्यक्रममा लाग्ने अनुमानित खर्च बाँडफाँट, कार्यक्रमका सहभागी तथा स्रोतव्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान, मिति आदि उल्लेख गरिएको कार्यक्रमको अवधारणा तथा रुपरेखा संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट टिप्पणी आदेशबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नु गराउनु हुनेछ।

४. स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन २०७५, प्रदेश सार्वजनिक खर्च नियमावली, २०७६ नेपाल सरकारको भ्रमण खर्च नियमावली, २०६४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई मितव्ययी, पारदर्शी तथा दक्षतापूर्वक कार्यक्रम सञ्चालन गर्नुहुनेछ।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मिति २०८३।०४।१३ गते प्रेषित ५१ बुँदे बजेट कार्यान्वयन मार्गदशर्नको पुर्णपालना गर्नुहुनेछ । यसका  साथै महालेखा नियन्त्रकको कार्यालयबाट अन्तिम लेखापरीक्षण प्रतिवेदनमा प्राप्त सुझावहरुलाई चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा ध्यान दिनुहुनेछ।

६. कार्यक्रमहरु सञ्चालन गर्दा नतिजामूलक खाका, स्वीकृत कार्ययोजना, समयसारिणी र स्वीकृत खरिद योजना अनुसार गर्नु पर्नेछ । कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिकरुपमा यस मन्त्रालयको योजना हेर्ने महाशाखामा पठाउनु पर्नेछ । सो प्रतिवेदन डिभिजन कार्यालयहरुले तालुक निकाय निर्देशनालयमा समेत पठाउनु पर्नेछ।

७. तालिम सञ्चालन गर्ने निकायले संघीय तथा प्रदेश सरकारबाट स्वीकृत खर्च मापदण्डको सीमाभित्र रही सञ्चालन गर्नु पर्नेछ। तालिम कार्यक्रमको तालिम योजना तथा तालिम पाठ्यक्रम/कार्यतालिका समेत तयार पार्नु पर्नेछ। खरिद कार्य स्वीकृत वार्षिक खरिद योजना अनुसार गर्नु पर्नेछ।

८. बजेट खर्च गर्दा विनियोजित बजेटको परिधिभित्र रही महालेखा नियन्त्रकको कार्यालयको खर्च संकेत वर्गिकरण तथा व्याख्यालाई आधार मानी खर्च गर्नुपर्नेछ। साथै महालेखा परीक्षकको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता निकायबाट विभिन्न मितिमा भएका निर्देशन र परिपत्रहरुलाई पालना गर्नुहुनेछ।

९. डिभिजन कार्यालयहरुले आयोजना कार्यान्वयन गर्दा विनियोजित बजेटको परिधि भित्र रही बहुवर्षीय योजना बाहेकको हकमा चालु आर्थिक बर्षमा सम्पन्न गर्ने गरी कार्यान्वयन गर्नुहुनेछ। बजेटको न्यूनता देखाई आयोजना अधुरो गर्ने गरी कार्यान्वयन गर्नुहुनेछैन।

१०. समान प्रकृतिका कार्यक्रमहरू जसको अलग अलग कार्यान्वयन प्रक्रिया उल्लेख गर्न सम्भव नभएका कार्यक्रमहरूलाई मुख्य ४ समूह जस्तै; अभिमुखीकरण/सचेतना/जनचेतनामूलक कार्यक्रम, सशक्तीकरण तथा क्षमता विकास, सीपमूलक तालिम र अन्य कार्यक्रम भनी एकिकृत कार्यान्वयन प्रक्रिया उल्लेख गरिएको छ। अख्तियारी प्राप्त निकायले ती एकिकृत कार्यान्वयन प्रक्रियालाई आफ्नो निकायलाई तोकिएको कार्यक्रमको प्रकृति, सन्दर्भ अनुसार उपयुक्त प्रक्रिया अवलम्वन गरी प्रचलित कानून अनुसार कार्यान्वयन गर्नु हुनेछ।

११. पूर्वाधार तर्फका आयोजनाहरूको अलग अलग कार्यान्वयन प्रक्रिया आवश्यक नहुने भएकाले अधुरो भवन निर्माण, भवन निर्माण, ICT जडान तथा उपकरण खरिद, ट्रष्ट निर्माण, कम्पाउण्डवाल/तारवार निर्माण, शौचालय निर्माण र भौतिक पूर्वाधार निर्माण गरी समूहकृत रुपमा कार्यक्रमको उद्देश्य, कार्यान्वयन प्रक्रिया, खर्च प्रक्रिया र प्रतिवेदन लगायतका विषयहरू उल्लेख गरिएकाले अख्तियारी प्राप्त निकायले समूहकृत कार्यान्वयन प्रक्रिया मध्ये आफ्नो निकायलाई प्राप्त आयोजनाको प्रकृति अनुसारको उपयुक्त प्रक्रिया अवलम्वन गरी प्रचलित कानून अनुसार कार्यान्वयन गर्नुहुनेछ।

## १.  कार्यक्रम/आयोजनाको नामः जिल्ला बालअधिकार समिति बैठक

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४८३ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५०००० १३) | ३० प्रति जिल्ला | १२ | दोस्रो, तेस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा प्रदेश बालवालिका सम्बन्धी ऐन,२०७६लगायत सम्बद्ध नीति तथा कानूनले बालअधिकारको संरक्षण, प्रवर्द्धन तथा बालमैत्री वातावरण निर्माणका लागि राज्यको महत्वपूर्ण  भूमिका निर्धारण गरेको छ।जिल्लास्तरमा बालअधिकारको संरक्षण तथा प्रवर्द्धनसँग सम्बन्धित कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित सरकारी निकाय, स्थानीय तह, बालअधिकारकर्मी तथा अन्य सरोकारवालाबीच समन्वय र सहकार्य आवश्यक हुन्छ।प्रदेश बालवालिका सम्बन्धी ऐन,२०७६ दफा ४३ वमोजिम जिल्ला बालअधिकार समितिको बैठक  गठन सम्बन्धी व्यवस्था गरेको छ।बालबालिकाका विद्यमान समस्या तथा चुनौतीको पहिचान र बालअधिकार संरक्षणतथा प्रवर्द्धन गर्न एवं सोही ऐनको दफा ४४ वमोजिम स्थानीय बालअधिकार समिति गठन तथा परिचालनमा समन्वय र सहजीकरण लगायतका कार्य मार्फत जिल्लामा बालअधिकारको सम्मान संरक्षण, सम्वर्द्धन गर्न गराउन  बैठक सञ्चालन हुनेछ। |
| कार्यक्रमको उद्देश्य | १. जिल्लामा बालबालिकाको अधिकार संरक्षण, प्रवर्द्धन र कार्यान्वयनको अवस्था बारे समीक्षा गर्ने,<br>२. बाल अधिकार सम्बन्धी नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने,<br>३. जोखिममा रहेका, हिंसा तथा दुर्व्यसनीमा परेका बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाका लागि आवश्यक पहल गर्ने। |
| कार्यान्वयन प्रकृया | १. प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६ को दफा ४३ बमोजिम जिल्ला बाल अधिकार समिति गठनका लागि जिल्ला  समन्वय समितिसँग समन्वय गर्ने,<br>२. जिल्ला समन्वय समितिसँगको समन्वयमा बैठकको एजेण्डा, मिति तथा स्थान निर्धारण गर्ने,<br>३. जिल्लामा बालबालिका सवालको पहिचान, सम्बोधन, बालअधिकारको संरक्षण र प्रर्वद्धन गर्न बैठक सञ्चालन गर्ने,<br>४. ऐनको दफा ४४ बमोजिम स्थानीय बालअधिकार समितिको गठन र परिचालनका लागि जिल्ला बालअधिकार समितिले समन्वय र सहजीकरण गर्ने,<br>५. बैठकका सञ्चालन गर्ने /गराउने। |
| खर्च प्रकृया र प्रतिवेदन | लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचालित कानूनको अधिनमा रही खर्च गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिबिजन कार्यालय सबै |
| अपेक्षित उपलब्धी | १. सबै जिल्लामा जिल्ला बालअधिकार समिति गठन तथा परिचालन भएको हुने,<br>२. स्थानीय बालअधिकार समिति  गठन र परिचालनमा सहजीकरण भई बालवालिकाका सवाल पहिचान, सम्बोधन र बालअधिकार प्रवर्द्धन भएको हुने। |
| अनुगमन सूचक | बैठकको उपस्थिती,  निर्णय र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, जिल्ला समन्वय समिति |

## २.  कार्यक्रमको नामः- स्थानीय तहको साझेदारीमा बालमैत्री स्थानीय तह घोषणामा समन्वय र सहजीकरण

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४८५ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५०००० १३) | २०० प्रति डिबिजन | १२ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | बालमैत्री स्थानीय शासनको अवधारणाले स्थानीय तहको नीति, योजना, बजेट तथा सेवा प्रवाहमा बालबालिकाका अधिकार, आवश्यकता, सहभागिता र सर्वोत्तम हितलाई प्राथमिकतामा राख्दछ। बालमैत्री स्थानीय तह निर्माण तथा घोषणा प्रक्रियाका लागि स्थानीय तहको संस्थागत क्षमता, आवश्यक सूचकहरूको अवस्था, बाल सहभागिता तथा सरोकारवालाबीचको समन्वय महत्वपूर्ण हुन्छ। बालबालिकाको अधिकार सुनिश्चित गर्ने स्थानीय संरचना तथा प्रणालीलाई सुदृढ गर्दै बालमैत्री स्थानीय तहको प्रवर्द्धन, घोषणा तथा दिगोपनाका लागि स्थानीय तहसँग साझेदारी, समन्वय तथा आवश्यक सहजीकरण गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. बालअधिकारको संरक्षण, प्रवर्द्धन र सुनिश्चितता गर्ने,<br>२. बालमैत्री नीति, योजना तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,<br>३. स्थानीय तह, विद्यालय, समुदाय र सरोकारवाला बीच समन्वय र साझेदारी अभिवृद्धि गर्ने,<br>४. निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गर्दै बालश्रम, बालविवाह, हिंसा, दुर्व्यवहार र शोषण न्यूनीकरण गर्ने,<br>५. बालमैत्री स्थानीय तह घोषणाका सूचकहरू पूरा गर्न आवश्यक सहजीकरण गर्ने। |
| कार्यान्वयन प्रकृया | १. जिल्लाका सबै स्थानीय तहलाई बालमैत्री स्थानीय शासन घोषणा कार्यविधिका प्रावधानबारे जानकारी गराउने,<br>२. सबै स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालालाई बालविवाह अन्त्यका लागि अभिमुखीकरण गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचालित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिबिजन कार्यालय सबै |
| अपेक्षित उपलब्धी | १. बालमैत्री स्थानीय तह घोषणाका लागि सहजीकरण हुने,<br>२. बालमैत्री स्थानीय तह घोषणा भएको स्थानीय तहको संख्या वृद्धि हुने। |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागीहरुको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

### ३. कार्यक्रमको नाम:-माध्यमिक तहमा अध्ययनरत छात्राहरुका लागि आत्मरक्षा तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४८८ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५०००१३) | ४०० प्रति डिबिजन | २४ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | किशोरी तथा बालिकाहरू विभिन्न प्रकारका हिंसा, दुर्व्यवहार, यौनजन्य हिंसा तथा अन्य जोखिममा पर्न सक्ने अवस्था रहेको हुँदा उनीहरूको व्यक्तिगत सुरक्षा तथा आत्मविश्वास अभिवृद्धि गर्नु आवश्यक छ। किशोरीहरूलाई सम्भावित जोखिम पहिचान गर्न, जोखिमपूर्ण अवस्थाबाट सुरक्षित रहन तथा आवश्यक अवस्थामा आत्मरक्षाका व्यवहारिक सीप प्रयोग गर्न सक्षम बनाउनु बाल संरक्षणको महत्वपूर्ण पक्ष हो। यसै सन्दर्भमा माध्यमिक तहमा अध्ययनरत छात्राहरूको व्यक्तिगत सुरक्षा, आत्मविश्वास तथा आत्मरक्षा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम तर्जुमा गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | १. किशोरीहरूलाई सम्भावित हिंसा, दुर्व्यवहार तथा जोखिमबाट सुरक्षित राख्न आत्मरक्षाका आधारभूत तथा व्यावहारिक सीप प्रदान गर्ने,<br>२. आपतकालिन अवस्थामा सही निर्णय लिन र सुरक्षितरूपमा सहयोग माग्न सक्षम बनाउने, |

| | |
|---|---|
| | ३. किशोरीहरूलाई सुरक्षित र सम्मानित जीवनयापनका लागि उपयुक्त वातावरण निर्माणमा सहयोग गर्ने। |
| कार्यान्वयन प्रकृया | १. तालिमको प्रस्ताव तयार गर्ने,<br>२. साविकमा तालिम सञ्चालन नगरिएका र हिंसाको जोखिम उच्च भएका क्षेत्रका विद्यालय छनौट गर्ने,<br>३. तालिमको विषयवस्तु निर्धारण र स्रोतव्यक्ति छनौट गर्ने,<br>४. तालिमको अवधि ४५ दिन रहने गरी प्रति जिल्ला कम्तिमा २ विद्यालय पर्ने गरी तालिम सञ्चालन गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचालित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै |
| अपेक्षित उपलब्धी | छात्राहरुमा आत्मरक्षाका आधारभूत सीप विकास भई आत्मविश्वास अभिवृद्धि भएको हुनेछ। |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागी विद्यार्थी उपस्थिती, फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, विद्यालय व्यवस्थापन समिति |

### ४. कार्यक्रमको नामः-बाल क्लव सञ्जालसँगको अन्तर्किया कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.५०० | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५०००१३) | ३०० | १/२ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | बालअधिकारको संरक्षण तथा बाल विकासका तथा बालसहभागिताका लागि बालबालिकालाई आफ्नो विचार व्यक्त गर्ने, आफ्ना सवाल प्रस्तुत गर्नेर निर्णय प्रक्रियामा सहभागी हुने अवसर प्रदान गर्नु आवश्यक हुन्छ। बालक्लब तथा बाल सञ्जालले बाल सहभागिता, नेतृत्व विकास र बालअधिकार प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। बालबालिकाका सवाल, अनुभव तथा आवश्यकता पहिचान गरी नीति, योजना तथा कार्यक्रम निर्माणमा बाल सहभागितालाई थप प्रभावकारी बनाउन बालक्लब सञ्जालसँग अन्तरक्रिया गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. बाल क्लवका सदस्यहरूबीच आपसी समन्वय, सहकार्य र अनुभव आदान-प्रदानको अवसर प्रदान गर्ने,<br>२. बाल क्लब सञ्जाललाई सक्रिय, सक्षम र प्रभावकारीरूपमा परिचालन गर्न सहयोग गर्ने,<br>३. बालबालिकाको अधिकार, संरक्षण र सहभागिताबारे सचेतना अभिवृद्धि गर्ने,<br>४. बालबालिकामा नेतृत्व क्षमता, निर्णय क्षमता र आत्मविश्वास विकास गर्ने,<br>५. नीति, योजना तथा कार्यक्रम निर्माणमा बाल सहभागिता प्रवर्द्धन गर्ने। |
| कार्यान्वयन प्रकृया | १. प्रस्तावना तयार गरी स्वीकृत गर्ने,<br>२. प्रदेश बाल क्लव सञ्जालका सबै प्रतिनिधि, जिल्ला बाल क्लव सञ्जालका प्रतिनिधिहरु तथा सरोकारवालाहरुको सहभागिता गराउने,<br>३. बालवालिकाका सवालहरु पहिचान एवं बाल अधिकार संरक्षण र सम्वर्द्धनमा सञ्जालको भूमिकाका विषयमा अभिमुखीकरण गर्ने,<br>४. नीति, योजना र कार्यक्रम तर्जुमा र कार्यान्वयनमा बाल सहभागिता प्रर्वद्धन गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचालित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

| | |
|---|---|
| अपेक्षित उपलब्धी | १. बालबालिकाको नेतृत्व क्षमता,आत्मविश्वास र निर्णय गर्ने क्षमताको विकास हुने,<br>२. विभिन्न बाल क्लव तथा सञ्जालबीच समन्वय र सहकार्य सुदृढ हुने। |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागीहरुको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

## ५. कार्यक्रमको नाम:-प्रदेश बाल अधिकार समिति बैठक

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.५०१ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५००००१३) | १५० | ३ | तेस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | बालबालिकाको अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि प्रदेशस्तरमा नीति, योजना, कार्यक्रम तथा संस्थागत संयन्त्रबीच प्रभावकारी समन्वय आवश्यक हुन्छ। बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था, बाल संरक्षणका सवाल तथा विद्यमान चुनौतीको समीक्षा गरी आवश्यक नीतिगत तथा संस्थागत पहल गर्न प्रदेश बालअधिकार समितिको भूमिका महत्वपूर्ण रहेको छ। प्रदेश बालवालिका सम्बन्धी ऐन,२०७६ कोदफा ४० वमोजिमको समितिको बैठक बसी बालवालिकाको अधिकार, हक हितको संरक्षण र सम्वर्द्धन गर्ने सम्बन्धमा आवश्यक नीति निर्माण तथा कार्यान्वयनलाई समन्वयात्मक, व्यवस्थित र प्रभावकारी बनाइनेछ। |
| कार्यक्रमको उद्देश्य | १. प्रदेशमा बाल अधिकार सम्बन्धी नीति, योजना तथा कार्यक्रमको समीक्षा गर्ने,<br>२. बालबालिका माथि हुने हिंसा, दुर्व्यवहार, शोषण र भेदभाव न्यूनीकरण गर्ने उपायबारे छलफल गर्ने,<br>३. सम्बन्धित सरकारी निकाय, स्थानीय तह तथा सरोकारवालाबीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने। |
| कार्यान्वयन प्रकृया | १. बैठकको मिति, समय, स्थानर Agenda निर्धारण गर्ने,<br>२. बैठकको लागि समन्वय र पत्राचार गर्ने,<br>३. बैठक सञ्चालन गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचालित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अपेक्षित उपलब्धी | बालबालिकाका सवालहरु प्रभावकारी रुपमा सम्बोधन भएको हुने। |
| अनुगमन सूचक | बैठकको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

## ६. कार्यक्रमको नाम:-दलित अधिकार प्रवर्द्धन तथा सशक्तिकरण कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.५०२ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५००००१३) | ३००० | १ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | नेपालको संविधानले जातीय विभेद तथा छुवाछूतको अन्त्य गरी समानता, सामाजिक न्याय तथा समावेशीकरणको प्रत्याभूति गरेको छ। तथापि दलित समुदायले सामाजिक विभेद, आर्थिक विपन्नता, अवसरमा असमान पहुँच तथा विभिन्न प्रकारका सामाजिक बहिष्करणको सामना गर्नुपरिरहेको अवस्था छ। दलित समुदायको हक अधिकारको संरक्षण र सशक्तिकरणका लागि लुम्बिनी प्रदेश सरकारले दलित अधिकार सम्बन्धी ऐन निर्माण, दलित समुदायको संवैधानिक तथा कानूनी अधिकारको प्रभावकारी कार्यान्वयन, सामाजिक विभेद न्यूनीकरण तथा राज्यका सेवा, सुविधा र अवसरमा पहुँच अभिवृद्धिका लागि सचेतना तथा |

| | |
|---|---|
| | सशक्तीकरणका विभिन्न कार्यक्रमहरु सञ्चालन एवं ऐनको प्रभावकारी कार्यान्वयनका लागि अन्य आवश्यक कानूनी पूर्वाधार समेत तयार गर्न आवश्यक भएकाले यो कार्यक्रम तर्जुमा गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | १. दलित समुदायको संवैधानिक तथा कानुनी अधिकार प्रत्याभूतिका लागि आवश्यक नीतिगत दस्तावेज तयार गर्ने,<br>२. दलित समुदाय माथि हुने जातीय भेदभाव, छुवाछूत तथा सामाजिक विभेदको अन्त्य गर्न संवैधानिक तथा कानूनी प्रावधानहरु वारे अभिमुखीकरण गर्ने। |
| कार्यान्वयन प्रकृया | १. आवश्यक नीतिगत दस्तावेज तयार गर्ने,<br>२. सरोकारवालासँग छलफल तथा अन्तर्किया गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचालित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अपेक्षित उपलब्धी | १. दलित समुदाय माथि हुने जातीय भेदभाव, छुवाछूत तथा सामाजिक विभेद न्यूनीकरण गर्न सहयोग पुगेको हुनेछ,<br>२. दलित समुदायको आत्मसम्मान, सामाजिक प्रतिष्ठा र सशक्तीकरणमा सकारात्मक सुधार भएको हुनेछ। |
| अनुगमन सूचक | १. तयार गरिएका नीतिगत दस्तावेजहरू,<br>२. उपस्थिती र फोटोहरू। |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

## ७. कार्यक्रमको नाम:-प्रदेश ज्येष्ठ नागरिक संघसँगको प्रादेशिक अन्तर्किया कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.५०३ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५००००१३) | ४०० | १ | प्रथम, दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | ज्येष्ठ नागरिकको सम्मानजनक, सुरक्षित तथा मर्यादित जीवन सुनिश्चित गर्नु राज्यको दायित्व हो। ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा, स्वास्थ्य, संरक्षण, सहभागिता तथा अधिकारसम्बन्धी सवाललाई प्रभावकारीरूपमा सम्बोधन गर्न प्रदेश सरकार, स्थानीय तह, ज्येष्ठ नागरिक संघ तथा अन्य सरोकारवालाबीच समन्वय र संवाद आवश्यक हुन्छ। ज्येष्ठ नागरिकका वास्तविक समस्या, आवश्यकता तथा प्राथमिकताको पहिचान गरी नीति तथा कार्यक्रम निर्माणमा समेट्न लुम्बिनी प्रदेशका सबै जिल्लाका ज्येष्ठ नागरिक संघ र प्रादेशिक संघको समन्वय र सहभागितामा प्रदेशस्तरीय अन्तरक्रिया गर्ने उद्देश्यले यो कार्यक्रम तर्जुमा गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | १. ज्येष्ठ नागरिकका हक, अधिकार, सम्मान र सामाजिक सुरक्षा, समस्या, आवश्यकता सम्बन्धी विषयमा छलफल गर्ने,<br>२. प्रदेश तथा स्थानीय तहबाट ज्येष्ठ नागरिकका लागि सञ्चालित कार्यक्रम तथा सेवाहरूको प्रभावकारिता र पहुँचबारे समीक्षा गर्ने। |
| कार्यान्वयन प्रकृया | १. प्रस्तावना तयार गरी स्वीकृत गर्ने,<br>२. प्रदेश ज्येष्ठ नागरिक संघको समन्वयमा प्रादेशिक संघका पदाधिकारी र सबै जिल्लाका ज्येष्ठ नागरिक संघका प्रतिनिधीहरु छनौट गर्ने,<br>३. अन्तरकृया र छलफल गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचालित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने, |

| | |
|---|---|
| | २. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अपेक्षित उपलब्धी | ज्येष्ठ नागरिकहरुका सवालहरुको सम्बोधन हुने। |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागीको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग |

## ८. कार्यक्रमको नामः-राष्ट्रिय अपाङ्ग महासंघ लुम्बिनी प्रदेशको समन्वयमा दोभाषे जनशक्ती व्यवस्थापन

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २६४१३ | १.३.५.१ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५००००१३) | ३६० | १ | प्रथम |

| | |
|---|---|
| कार्यक्रमको परिचय | बहिरा तथा श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवा, शिक्षा, स्वास्थ्य, न्याय तथा अन्य सेवा प्राप्त गर्ने क्रममा सञ्चारसम्बन्धी अवरोधको सामना गर्नुपर्ने अवस्था रहेको छ। सांकेतिक भाषा तथा दोभाषे सेवामा पहुँचको अभावले अपाङ्गता भएका व्यक्तिको अधिकार तथा सेवामा समान पहुँच प्रभावित हुने भएकाले आवश्यक स्थानमा दक्ष दोभाषे जनशक्ति उपलब्ध गराउनु आवश्यक हुन्छ। अपाङ्गता भएका व्यक्तिको सञ्चार तथा सार्वजनिक सेवामा पहुँच अभिवृद्धि गर्न राष्ट्रिय अपाङ्ग महासंघ लुम्बिनी प्रदेश संगको सहकार्यमा दोभाषे जनशक्ति व्यवस्थापन कार्यलाई निरन्तरता दिन यो कार्यक्रम तर्जुमा गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | १. बहिरा तथा श्रवण अपाङ्गता भएका व्यक्तिहरूलाई सूचना, सेवा तथा सञ्चारमा सहज पहुँच सुनिश्चित गर्ने,<br>२. दक्ष तथा जिम्मेवार दोभाषे जनशक्ति परिचालन गरी अपाङ्गता मैत्री र समावेशी सेवा प्रवाहलाई प्रभावकारी बनाउने,<br>३. दोभाषे सेवाको माध्यमबाट बहिरा नागरिकको समान पहुँच, आत्मनिर्भरता र सम्मानजनक जीवनयापनमा सहयोग पुर्याउने। |
| कार्यान्वयन प्रकृया | १. दोभाषे जनशक्ति व्यवस्थापनका लागि प्रचलित कानून तथा कार्यविधि अनुसार सम्बन्धित संस्थासंग सम्झौता गर्ने,<br>२. प्रदेश प्रशासनिक परिसर भित्र आयोजना हुने कार्यक्रम तथा सभासमारोहमा सम्बन्धित संस्थाद्वारा निशुल्क दोभासेको सुविधा उपलब्ध गराउने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचालित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अपेक्षित उपलब्धी | अपाङ्गता भएका व्यक्तिको सूचना र सञ्चारमा पहुँच स्थापित भएको हुने। |
| अनुगमन सूचक | दोभाषे जनशक्तीको नियुक्ति, सम्झौता र प्रतिवेदन। |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

## ९. कार्यक्रमको नामः-अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्र

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २६४१३ | १.३.५.२ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५००००१३) | ५०० | १ | प्रथम |

| | |
|---|---|
| कार्यक्रमको परिचय | अपाङ्गता भएका बालबालिकाको स्वास्थ्य परीक्षण, उपचार, पुनर्स्थापना तथा आवश्यक सहयोग सेवामा सहज पहुँच सुनिश्चित गर्नु बालअधिकार संरक्षणको महत्वपूर्ण पक्ष हो। विशेषगरी ग्रामीण तथा आर्थिक रूपमा कमजोर परिवारका अपाङ्गता भएका बालबालिकाले विशेषज्ञ स्वास्थ्य तथा पुनर्स्थापना सेवामा पर्याप्त पहुँच प्राप्त गर्न नसकेको अवस्था रहेको छ। अपाङ्गता भएका बालबालिकालाई आवश्यक स्वास्थ्य उपचार, पुनर्स्थापना तथा सहयोग उपलब्ध गराई उनीहरूको विकास तथा सामाजिक सहभागिता अभिवृद्धि गर्नअपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रद्वारा सञ्चालन भएको कार्यक्रमलाई निरन्तरता दिनगरी कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. अपाङ्गता भएका बालबालिकालाई उपचार तथा पुनर्स्थापना सेवा प्रदान गर्ने,<br>२. अपाङ्गता भएका बालबालिकालाई आत्मनिर्भर र सम्मानजनक जीवनयापनका लागि सक्षम बनाउने,<br>३. परिवार तथा समुदायमा अपाङ्गता सम्बन्धी जनचेतना र समावेशी वातावरण विकास गर्ने। |
| कार्यान्वयन प्रकृया | १. प्रचलित कानून बमोजिम अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्रसँग सम्झौता गरी अपाङ्गता भएका बालबालिकाको आवासीय पुनःस्थापना केन्द्र संचालन कार्यविधि २०७९ बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गराउने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचालित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय बाँके |
| अपेक्षित उपलब्धी | केन्द्रमा आश्रित अपाङ्ग बालबालिकाको पुर्नस्थापना सहज भएको हुने। |
| अनुगमन सूचक | सम्झौता, लाभग्राहीको संख्यात्मक विवरण र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

### १०. कार्यक्रमको नामः-ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना र सञ्चालन

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २६४१३ | १.३.५.३,४<br>१.४.३.५४,५५ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५०००० १३) | ५०० प्रति डिभिजन | | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा संरक्षण तथा सहयोगको आवश्यकता भएका व्यक्तिका लागि परिवार तथा समुदायमै सुरक्षित, सम्मानजनक र सहभागितामूलक वातावरण निर्माण गर्न दिवा सेवा केन्द्रको महत्वपूर्ण भूमिका हुन्छ। दिवा सेवा केन्द्रमार्फत सामाजिक अन्तरक्रिया, मनोरञ्जन, स्वास्थ्य तथा आवश्यक परामर्शजस्ता सेवामा पहुँच विस्तार गर्न सकिने भएकाले समुदायस्तरमा यस्ता सेवाको विकास आवश्यक रहेको छ। लक्षित वर्गको सामाजिक सहभागिता तथा संरक्षणलाई सुदृढ गर्न दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालनको कार्यक्रम तर्जुमा गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | १. ज्येष्ठ नागरिकको खुसी व्यवस्थापनका लागि सुरक्षित, सम्मानजनक र मैत्री पूर्ण वातावरणमा दिवा सेवा उपलब्ध गराउने,<br>२. पारिवारिक एवंम सामाजिक एक्लोपना न्यूनीकरण गरी सामाजिक सहभागिता र सक्रियता बढाउने,<br>३. ज्येष्ठ नागरिकका अनुभव, ज्ञान र सीपको सदुपयोग गर्ने अवसर सिर्जना गर्ने। |
| कार्यान्वयन प्रकृया | १. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि,२०८३ बमोजिम कार्यान्वयन गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |

| | |
|---|---|
| कार्यान्वय गर्ने निकाय | डिभिजन कार्यालय (दाङ, प्युठान, बाँके र रुपन्देही) |
| अपेक्षित उपलब्धी | १. ज्येष्ठ नागरिकको आत्मसम्मान अभिवृद्धि भएको हुने,<br>२. ज्येष्ठ नागरिकको सम्मान, संरक्षण, सामाजिक सहभागिता र मर्यादित जीवनयापनमा सहयोग भई उनीहरुको ज्ञानसीप र अनुभवलाई समाज विकासमा उपयोग गर्ने वातावरण सिर्जना हुने। |
| अनुगमन सूचक | निर्णय,सम्झौता र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

## ११. कार्यक्रमको नामः-बाल हेल्प लाईन सञ्चालन तथा व्यवस्थापन

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २६४१३ | १.३.५.५<br>१.३.५.६ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५०००१३) | २०० प्रति डिभिजन | २ | पहिलो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | जोखिममा परेका बालबालिकाको उद्धार, राहत, मनोविमर्श, अल्पकालीन आश्रय तथा संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना सम्बन्धी बाल संरक्षणका कार्यहरू सम्बन्धित सरोकारवाला निकाय र संघसंस्थाबीचको समन्वय-, सहयोग, सहकार्य र सह अस्तित्वमा सञ्चालन तथा व्यवस्थापन- गरिदै आएको छ। लुम्बिनी प्रदेशमा हाल रुपन्देही र बाँके जिल्लामा निःशुल्क हटलाइनका रुपमा बाल हेल्पलाइन १०९८ सञ्चालनमा रहेको छ । जोखिममा परेका र जोखिममा पर्न सक्ने सम्भावना भएका बबालबालिकालाई चौबीसै घण्टा सुरक्षा कवचको रूपमा रही आपत्कालीन उद्धार तथा संरक्षणका लागि बाल हेल्पलाइन १०९८ लाई सञ्चालन र व्यवस्थापनमा आवश्यक सहयोग गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. बाल हेल्पलाइन १०९८ लाई सञ्चालन र व्यवस्थापनका माध्यमबाट जोखिममा रहेका बालवालिकाको उद्दार तथा संरक्षण गर्ने। |
| कार्यान्वयन प्रकृया | १. प्रचलित कानून बमोजिम बाल हेल्पलाइन १०९८ सञ्चालन गरेको संस्थासँग सम्झौता गर्ने,<br>२. बाल हेल्पलाईन सञ्चालन कार्यविधी २०७६ बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गराउने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय (रुपन्देही र बाँके) |
| अपेक्षित उपलब्धी | १. बाल हेल्पलाईन १०९८ मार्फत जोखिममा रहेका बालबालिकाको समयमै उद्धार, संरक्षण, राहत, मनोपरार्मश तथा पुनःस्थापनामा प्रभावकारी सहयोग हुनेछ। |
| अनुगमन सूचक | सम्झौता, सेवा लिएका बालबालिकाको संख्या खुल्ने अभिलेख, प्रतिवेदन र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय |

## १२. कार्यक्रमको नामः-अपाङ्गता पुर्नस्थापना केन्द्र व्यवस्थापन अनुदान

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २६४१३ | १.४.३.५२ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५०००१३) | **५००** | **१** | **दोस्रो** |

| | |
|---|---|
| कार्यक्रमको परिचय | अपाङ्गता भएका व्यक्तिको शारीरिक, मानसिक, सामाजिक तथा व्यावसायिक पुनर्स्थापनाका लागि निरन्तर तथा विशेषज्ञ सेवाको आवश्यकता हुन्छ। पुनर्स्थापना केन्द्रले अपाङ्गता भएका व्यक्तिको आवश्यकता पहिचान गरी स्वास्थ्य उपचार, थेरापी, सहायक सामग्री, सीप विकास तथा सामाजिक पुनर्स्थापनामा सहयोग |

| | |
|---|---|
| | पुऱ्याउँछ। अपाङ्गता भएका व्यक्तिको पुनर्स्थापना सेवामा पहुँच विस्तार तथा केन्द्रको प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न व्यवस्थापन सहयोग उपलब्ध गराउने उद्देश्यले केन्द्रद्वारा सञ्चालन भएको सेवालाई निरन्तरता दिनगरी कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. अपाङ्गता भएका व्यक्तिहरूलाई गुणस्तरीय पुनर्स्थापना सेवा उपलब्ध गराउने,<br>२. पुनर्स्थापना केन्द्रको नियमित सञ्चालन तथा प्रभावकारी व्यवस्थापन गर्ने। |
| कार्यान्वयन प्रकृया | १. प्रचलित कानून बमोजिम अपाङ्गता भएका व्यक्तिको पुर्नस्थापना केन्द्रसंग सम्झौता गरी अपाङ्गता भएको व्यक्तिको आवासीय पुनःस्थापना केन्द्र संचालन कार्यविधि, २०७९ कार्यक्रम कार्यान्वयन गर्ने गराउने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय बाँके |
| अपेक्षित उपलब्धी | अपाङ्गता भएका व्यक्तिहरुको पुनःस्थापना भएको हुने। |
| अनुगमन सूचक | केन्द्रको सेवाबाट लाभान्वित हुने लाभाग्रहीको अभिलेख र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय |

### १३. कार्यक्रमको नामः-अपाङ्गता आवास गृह संचालन तथा व्यवस्थापन अनुदान

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २६४१३ | १.४.३.५३ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५०००१३) | ३०० | १ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | परिवार तथा समुदायबाट पर्याप्त संरक्षण प्राप्त गर्न नसकेका वा दीर्घकालीन संरक्षणको आवश्यकता भएका अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक, सुरक्षित तथा संरक्षणयुक्त वातावरणमा बसोबासको व्यवस्था गर्दै आवश्यक स्वास्थ्य, हेरचाह तथा सामाजिक सेवामा पहुँच सुनिश्चित गर्नु आवश्यक छ। अपाङ्गता भएका व्यक्तिका आधारभूत आवश्यकताहरू जस्तै; गास, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा पूरा गर्दै अपाङ्गता भएका बालवालिक आधारभूत अधिकारको संरक्षण गर्न संघ संस्थाको समन्वयमा सञ्चालन भएकोआवास गृहको दैनिक सञ्चालन तथा व्यवस्थापनमा सहयोग पुर्याउने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. आवास गृहको नियमित सञ्चालन तथा प्रभावकारी व्यवस्थापनमा सहयोग पुऱ्याउने,<br>२. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, संरक्षण, सहभागिता र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने। |
| कार्यान्वयन प्रकृया | १. प्रचलित कानून बमोजिम अपाङ्गता भएका व्यक्तिको पुर्नस्थापना केन्द्रसंग सम्झौता गरी अपाङ्गता भएको व्यक्तिको आवासीय पुनःस्थापना केन्द्र संचालन कार्यविधि, २०७९ कार्यक्रम कार्यान्वयन गर्ने गराउने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय प्युठान |
| अपेक्षित उपलब्धी | सम्बन्धित निकायबीच समन्वय र सहकार्य वृद्धि भएको |
| अनुगमन सूचक | केन्द्रको सेवाबाट लाभान्वित हुने लाभाग्रहीको अभिलेख र फोटोहरू |
| अनुगमनगर्नेनिकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय |

### १४. कार्यक्रमको नामः-सांकेतिक भाषामा समाचार प्रसारणका लागि संचार संस्थासँग समन्वय

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २६४१३ | २.३.१८.५ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५००००१३) | ३६० | १ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूचना तथा सञ्चारमा समान पहुँच अपाङ्गता भएका व्यक्तिको अधिकारको महत्वपूर्ण पक्ष हो। विशेषगरी बहिरा तथा श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्तिले सांकेतिक भाषामा सूचना तथा समाचार प्राप्त गर्न नसक्दा सार्वजनिक सूचना, सेवा तथा अवसरमा उनीहरूको पहुँच प्रभावित हुने गरेको छ। सांकेतिक भाषामार्फत समाचार तथा सार्वजनिक सूचना प्रसारणको पहुँच विस्तार गरी अपाङ्गता भएका व्यक्तिको सूचनाको अधिकार सुनिश्चित गर्न सञ्चार माध्यम संगको समन्वय र साझेदारीमा सांकेतिक भाषामा सूचना तथा समाचार प्रषारणलाई निरन्तरता दिनेगरी कार्यक्रम कार्यान्वयन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. प्रमुख समाचार तथा सार्वजनिक सरोकारका सूचना सांकेतिक भाषा सहित प्रसारण गर्ने,<br>२. सञ्चार माध्यममा अपाङ्गता मैत्री तथा समावेशी सञ्चार प्रणालीको विकास गर्ने,<br>३. प्रदेश सरकारद्वारा सम्पादित महत्त्वपूर्ण कार्यहरुबारे सांकेतिक भाषामा समेत समाचार तयार गरी प्रसारण गर्ने। |
| कार्यान्वयन प्रकृया | नेपाल टेलिभिजन (NTV) संग प्रचलित कानून बमोजिम सम्झौता गरी सांकेतिक भाषामा समाचार प्रसारण गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अपेक्षित उपलब्धी | अपाङ्गता भएका व्यक्तिको सूचना र संचारमा पहुँच स्थापित भएको हुने। |
| अनुगमन सूचक | सम्झौता, समाचार सम्बन्धी फोटो र भिडियोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय |

### १५. कार्यक्रमको नामः-सडक मानव मुक्त प्रदेश निर्माणका लागि सहयोग

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २६४१३ | २.५.१०.२९ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५००००१३) | ५००० | | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | मानवीय मर्यादा, समानता, सामाजिक न्याय तथा सबै नागरिकको अधिकारको सम्मानमा आधारित समाज निर्माण गर्नु राज्यको प्रमुख दायित्व हो।सार्वजनिक निकाय तथा सम्बन्धित कार्यका लागि स्थापना र सञ्चालनमा रहेका गैरसरकारी संघ संस्थाको साझेदारी र समन्वयमा प्रदेशका सार्वजनिक स्थलमा कष्टपूर्ण जीवनयापन गर्न बाध्य सडक आश्रित व्यक्तिको पहिचान, पारिवारिक पुनर्मिलन तथा त्यस्ता व्यक्तिको, संरक्षण, उद्धार, जीवनयापनलाई सहज बनाई सडक आश्रित मानवमुक्त प्रदेश बनाउने गरी यो कार्यक्रम कार्यान्वयन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार, संरक्षण र पुनःस्थापना गर्ने कार्यमा सम्बद्ध सरोकारवालासँग सहकार्य गर्ने। |
| कार्यान्वयन प्रकृया | सडक आश्रित मानव व्यवस्थापन कार्यविधि,२०८३ अनुसार कार्यक्रम कार्यान्वयन गर्ने गराउने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने, |

| | |
|---|---|
| | २. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, सामाजिक विकास डिभिजन कार्यालय |
| अपेक्षित उपलब्धी | १. सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार, संरक्षण र पुनःस्थापना भएको हुने,<br>२. सडक मानवमुक्त प्रदेश निर्माणमा सहयोग पुगेको हुने। |
| अनुगमन सूचक | सम्झौता, लाभग्राहीको अभिलेख र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, सम्बद्ध मन्त्रालय |

### १६. कार्यक्रमको नामः-अपाङ्गता रोकथाम तथा पुर्नस्थापना साझेदारी कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २६४१३ | २.७.१२.१२ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५०००० १३) | १०००० | १ | प्रथम, दोस्रो, तेस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | प्रदेशमा जन्मजात तथा जन्म पश्चात हुने अपाङ्गताको रोकथाम तथा न्यूनीकरण गर्दै अपाङ्गता भएका व्यक्तिकाहक अधिकारको सम्मान, संरक्षण तथा प्रवर्द्धन गर्न पहुँचयुक्त वातावरणको निर्माण गरी सहज र सम्मानित जीवनयापनको सुनिश्चितता गर्न, अपाङ्गता सम्बन्धी कार्यक्रमबाट लक्षितवर्ग समूह अधिकतम लाभ पुर्‍याउन, अपाङ्गताको रोकथाम, न्यूनीकरण तथा पुर्नस्थापना सम्बन्धी कार्यमा सोही उद्देश्यले स्थापना भएका संस्थासंगको साझेदारीमा एकीकृत कार्यक्रम सञ्चालन र कार्यान्वयनलाई व्यवस्थित बनाउन अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२ बमोजिम कार्यक्रम कार्यान्वयन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | स्थानीय तह, स्वास्थ्य संस्था तथा अन्य सरोकारवालासँगको साझेदारी र समन्वयमा अपाङ्गता हुन सक्ने सम्भावित कारणहरूको पहिचान, रोकथाम तथा अपाङ्गता भएका व्यक्तिको पुनः स्थापना गर्ने। |
| कार्यान्वयन प्रकृया | अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम सम्बन्धी कार्यविधी २०८२ बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, स्थानीय तहहरू |
| अपेक्षित उपलब्धी | अपाङ्गता रोकथाम तथा समावेशी समाज निर्माण भएको हुने। |
| अनुगमन सूचक | लाभग्राहीहरूको अभिलेख, प्रतिवेदन र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

### १७. कार्यक्रमको नामः-समुदायमा आधारित पुर्नस्थापना (CBR) कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.५०४ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५०००० १३) | ३०० प्रति जिल्ला | ८ जिल्ला | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | अपाङ्गता भएका व्यक्तिको अधिकार, समान अवसर, सामाजिक सहभागिता तथा आत्मनिर्भर जीवनयापन सुनिश्चित गर्न समुदायस्तरबाटै आवश्यक सेवा तथा सहयोग उपलब्ध गराउनु आवश्यक हुन्छ। समुदायमा आधारित पुनर्स्थापना प्रणालीले अपाङ्गता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, सीप, रोजगारी, सामाजिक सहभागिता तथा अधिकारमा पहुँच अभिवृद्धि गर्न समुदाय, परिवार, स्थानीय तह तथा सम्बन्धित संस्थाबीच सहकार्यको आधार तयार गर्दछ। अपाङ्गता भएका व्यक्तिलाई समुदायमै आवश्यक पुनर्स्थापना सेवा तथा |

| | |
|---|---|
| | अवसर उपलब्ध गराई सामाजिक मूलप्रवाहीकरण गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | परिवार तथा समुदायलाई अपाङ्गता सम्बन्धी सवालमा सचेत र जिम्मेवार बनाउदै सम्बद्ध सरोकारवालासँगको समन्वय तथा सहकार्यमा अपाङ्गता भएका व्यक्तिको पुनर्स्थापनामा सहयोग गर्ने । |
| कार्यान्वयन प्रकृया | १. CBR कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसार कार्यक्रम सञ्चालन गर्ने,<br>२. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि छनौट भएका जिल्ला(अर्घाखाँची, बर्दिया, रोल्पा र रुकुम पूर्व)बाहेकका जिल्लाहरुमा सञ्चालन गर्ने । |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने । |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिबिजन कार्यालयहरु |
| अपेक्षित उपलब्धी | ८ वटा जिल्लामा CBR कार्यक्रम कार्यान्वयन भई अपाङ्गता भएका व्यक्ति र परिवारको सशक्तिकरण भएको हुने । |
| अनुगमन सूचक | लाभग्राहीहरूको अभिलेख, प्रतिवेदन र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय |

### १८. कार्यक्रमको नामः-दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुलाई सीपमूलक तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.५०६ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५०००१३) | ५०० | १ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | दृष्टिविहीन भएका व्यक्तिको आर्थिक आत्मनिर्भरता तथा सामाजिक सहभागिता अभिवृद्धिका लागि उनीहरूको क्षमता र आवश्यकताअनुसार सीप तथा व्यावसायिक अवसरमा पहुँच सुनिश्चित गर्न आवश्यक हुन्छ। सामाजिक तथा भौतिक अवरोधका कारण रोजगारी तथा आयआर्जनका अवसरमा पर्याप्त पहुँच स्थापित गर्न नसकेका दृष्टिविहीन व्यक्तिलाई सीप विकासका अवसर प्रदान गर्नु उनीहरूको सशक्तीकरणको महत्वपूर्ण माध्यम हो। यसै सन्दर्भमा दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिको क्षमता अभिवृद्धि तथा आत्मनिर्भरता प्रवर्द्धन गर्न सीपमूलक तालिम कार्यक्रम तर्जुमा गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरूको सीप तथा क्षमता विकास गरी सम्मानपूर्वक जीवनयापन गर्न सक्षम बनाउने । |
| कार्यान्वयन प्रकृया | १. तालिमको आवश्यकता पहिचान तथा सहभागी छनौट गर्ने,<br>२. सम्बन्धित क्षेत्रमा कार्यरत संस्थाको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने । |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने । |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिबिजन कार्यालय, दाङ |
| अपेक्षित उपलब्धी | दृष्टिबिहिन व्यक्तिहरुको सीप तथा क्षमता अभिवृद्धि भई आर्थिक रुपमा आत्मनिर्भर भएको हुने । |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, लाभग्राहीहरूको अभिलेख, प्रतिवेदन र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

### १९. कार्यक्रमको नामः-विपद् संरक्षण विषयगत क्षेत्रको बैठक संचालन तथा अन्तर्किया

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.५०७ | बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम(३५००००१३) | २०० | २ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | विपद्का समयमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समुदाय बढी प्रभावित हुने भएकाले विपद् व्यवस्थापनका सबै चरणमा उनीहरूको संरक्षण तथा आवश्यकतालाई सम्बोधन गर्नुपर्छ। विपद् पूर्वतयारी, प्रतिकार्य, राहत, संरक्षण तथा पुनर्स्थापनाका कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित विषयगत निकाय तथा सरोकारवालाबीच समन्वय र सूचना आदानप्रदान आवश्यक हुन्छ। विपद्को समयमा जोखिममा रहेका वर्गको संरक्षणलाई प्रभावकारी बनाउन विषयगत क्षेत्रका सरोकारवालाबीच बैठक तथा अन्तरक्रिया गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. विपद्को समयमा जोखिममा रहेका वर्गको संरक्षणलाई प्रभावकारी बनाउने,<br>२. अन्तरनिकाय साझेदारीमा विपद् पूर्वतयारी, प्रतिकार्य, राहत, संरक्षण तथा पुनर्स्थापनाका कार्यलाई लक्षित वर्गमैत्री र सहभागितात्मक बनाउने । |
| कार्यान्वयन प्रकृया | १. बैठकको मिति, समय, स्थान र Agenda निर्धारण गर्ने,<br>२. बैठकको लागि समन्वय र पत्राचार गर्ने,<br>३. बैठक सञ्चालन, निर्णय र कार्यान्वयन गर्ने । |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने । |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अपेक्षित उपलब्धी | विपद्मा संरक्षणका सवालहरु सम्बोधन हुने । |
| अनुगमन सूचक | लाभग्राहीहरूको अभिलेख, प्रतिवेदन र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

## २०. कार्यक्रम/आयोजनाको नामः प्राविधिक शिक्षामा सहकार्य गरेका परियोजनासँगको साझेदारी कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | स्वीकृत बजेट | लक्ष्य | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४७२ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५००००१४ | ४००० | २ समुह | पहिलो, दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | प्राविधिक तथा व्यावसायिक शिक्षा ज्ञान, सीप र व्यवहारिक दक्षतालाई एकीकृत गरी श्रम बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गर्ने महत्वपूर्ण माध्यम हो। यसले युवाको रोजगारी तथा स्वरोजगारीका अवसर विस्तार गर्नुका साथै उद्योग, व्यवसाय र उत्पादनशील क्षेत्रका लागि आवश्यक दक्ष जनशक्ति उपलब्ध गराउन सहयोग गर्दछ। बदलिँदो प्रविधि, श्रम बजारको आवश्यकता र रोजगारीका अवसरसँग प्राविधिक शिक्षालाई जोड्न सरकार, विकास साझेदार, शिक्षण संस्था तथा उद्योग/व्यवसायबीचको सहकार्य आवश्यक हुन्छ। यसै सन्दर्भमा मन्त्रालयसँग विस्तृत सझमदारी गरी सञ्चालित इन्स्योरपरियोजनाको अप्रेन्टसीपकार्यक्रमसँग मुख्य साझेदारी गर्दै प्राविधिक शिक्षामा सहकार्य गरेका अन्य परियोजना तथा संस्थासँग आवश्यकता आधारित सामान्य साझेदारीमार्फत अनुभव, स्रोत, प्रविधि तथा असल अभ्यासको आदान–प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. इन्सेयोर परियोजनाको साझेदारीमा अप्रेन्टसीपकार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने।<br>२. मन्त्रालयको तर्फबाट साझेदारी भई सञ्चालन हुने प्राविधिक शिक्षालाई उद्योग तथा श्रम बजारको आवश्यकतासँग जोड्न सहजीकरण गर्ने । | |

| | | |
|---|---|---|
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. इन्स्योर परियोजनासँग हाल कार्यान्वयनमा रहेको अप्रेन्टसीप कार्यक्रमको अवस्था, उपलब्धि, समस्या तथा चुनौतीको समीक्षा गर्ने।<br>२. कार्यविधि बमोजिम अप्रेन्टसीप कार्यक्रममा सहभागी हुन चाहने शिक्षण संस्थाहरुबाट स्वीकृत व्यावसायिक क्षेत्रका विधा भित्र कार्यक्रम सञ्चालन गर्न प्रस्ताव माग गर्ने र प्रस्तावकोअध्ययन गरी उपयुक्त शिक्षालय/विद्यालय छनोट गर्ने।<br>३. अप्रेन्टसीप कार्यक्रम सञ्चालनका क्रममा देखिएका असल अभ्यास, सिकाइ, समस्या तथा समाधानका उपायबारे सम्बन्धित पक्षबीच अन्तरक्रिया गर्ने।<br>४. उद्योग–शिक्षण संस्था समन्वयगरी शिक्षार्थीको व्यवहारिक सीप विकास, कार्यस्थलमा आधारित सिकाइ तथा रोजगारीसँगको सम्बन्ध सुदृढ गर्न उद्योग/व्यवसायिक प्रतिष्ठान र शिक्षण संस्थाबीच समन्वय गर्ने ।<br>५. छलफलबाट प्राविधिक शिक्षा, अप्रेन्टसीप, सीप विकास, उद्योग साझेदारी, रोजगारी तथा प्रविधि हस्तान्तरणका सम्भावित सहकार्य क्षेत्र पहिचान गर्ने।<br>६. अप्रेन्टसीप कार्यक्रमको निश्चित समयको अन्तरालमा कार्यक्रमको कार्यान्वयनको प्रभावकारिताको अनुगमन गर्ने ।<br>७. सम्पन्न कार्यक्रम र सहकार्यबाट प्राप्त उपलब्धिको समीक्षा गरी आवश्यक सुधार तथा आगामी कार्यक्रमका लागि सुझाव संकलन गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि कानुन अनुसार खर्च व्यवस्थापन गर्ने । कार्यक्रम सम्पन्न भएपछि सहभागी विवरण, उपलब्धि, सहकार्यका क्षेत्र र खर्च विवरण समेटिएको संक्षिप्त प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | अप्रेन्टसीप कार्यक्रमको कार्यान्वयनमा प्रभावकारिता वृद्धि हुने, उद्योग–शिक्षण संस्था सम्बन्ध सुदृढ हुने, प्रशिक्षार्थीको व्यवहारिक सीप तथा रोजगारीसँगको अवसर अभिवृद्धि भएको हुने । श्रम बजारको मागमा आधारित सीपयुक्त जनशक्ति तयार भएको हुने । | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश; इन्स्योर परियोजना, सम्बन्धित प्राविधिक विद्यालय /शिक्षालय, उद्योग/व्यवसायिक प्रतिष्ठान तथा अन्य साझेदार परियोजना/संस्था। | |
| अनुगमन सूचक | अप्रेन्टसीप कार्यक्रमको प्रगति, सहभागी प्रशिक्षार्थी तथा संस्थाको संख्या, उद्योग/व्यवसायको सहभागिता, सम्पन्न अन्तरक्रिया तथा बैठक, पहिचान भएका सहकार्यका क्षेत्र, तालिम पश्चात सम्बन्धित उद्योग व्यवसायमा पदस्थापन भएका प्रशिक्षार्थीको विवरण । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग | |

## २१. कार्यक्रम/ आयोजनाको नामः प्राविधिक शिक्षालयमा विद्यालय देखि कामको संसारमा प्रवेश गराउन सहजीकरण कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४७३ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | ५०० | २समुह | दोस्रो, तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमले विद्यार्थीलाई सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक सीप, कार्यसम्पादन क्षमता र रोजगारीयोग्य दक्षता प्रदान गर्ने भएकाले शिक्षा र श्रम बजारबीचको सेतुका रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। तर शिक्षालयमा प्राप्त सीपलाई वास्तविक कार्यस्थलसँग जोड्न नसक्दा विद्यार्थीले अध्ययन पूरा गरेपछि रोजगारी प्राप्त गर्न कठिनाइ हुने अवस्था देखिन्छ। यस अवस्थालाई सम्बोधन गर्न प्राविधिक शिक्षालयबाटै विद्यार्थीलाई कामको संसारमा प्रवेशका लागि आवश्यक अभिमुखीकरण, करियर परामर्श, रोजगारदाता सम्पर्क, कार्यस्थल अनुभव, अप्रेन्टसीप,इन्टर्नसीपर रोजगार सहजीकरण प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। | कैफियत |

| | | |
|---|---|---|
| कार्यक्रम को उद्देश्य | १. विद्यार्थीलाई रोजगार बजारको आवश्यकता र अवसरबारेमा जानकारी गराउने।<br>२. सीप परीक्षण, वैयक्तिक विवरण लेखन, अन्तर्वार्ता तथा कार्यस्थल व्यवहारसम्बन्धी क्षमता विकास गर्ने। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. प्राविधिक शिक्षालयहरुको समावेशी छनोट गर्ने,<br>२. छनोट भएका विद्यालय/ शिक्षालयका विद्यार्थीलाई पायक पर्ने स्थानमा सहभागी गराउने,<br>३. रोजगार बजार तथा उद्योगको मागसम्बन्धी अध्ययन प्रतिवेदनका नतिजाहरुको जानकारी गराउने,<br>४. रोजगार बजारमा आवश्यक सीप वैयक्तिक विवरण, अन्तर्वाता सीप तथा कार्यक्षेत्रको आचारसंहितासम्बन्धी प्रशिक्षण गर्ने।<br>५. उद्योग/व्यवसाय तथा रोजगारदातासँग अन्तरक्रिया गर्ने वातावरण सिर्जना गर्ने,<br>६. विद्यार्थीको वृत्ति अभिमुखीकरण तथा वृत्ति परामर्शका विषयहरुमा अभिमुखीकरण गर्ने। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि कानून अनुसार खर्च व्यवस्थापन गर्ने। कार्यक्रम सम्पन्न भएपछि सहभागी विवरण, उपलब्धि, सहकार्यका क्षेत्र र खर्च विवरण समेटिएको संक्षिप्त प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीलाई रोजगारीका लागि आवश्यक सीप, व्यवहारिक ज्ञान, कार्यस्थलको जानकारी तथा रोजगार बजारसँगको सम्बन्ध विकास गरी कामको संसारमा प्रवेशका लागि सकारात्मक अभिप्रेरणा र आधारभुत सीपको विकास भएको हुने। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |
| अनुगमन सूचक | सहभागी प्रशिक्षार्थीको संख्या, उद्योग/व्यवसायीको सहभागिता, प्रतिवेदन र फोटो | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग | |

## २२. कार्यक्रम/ आयोजनाको नामः वार्षिक कार्यक्रम अभिमुखीकरण

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४७४ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००००१४) | ६०० | २समुह | पहिलो दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | मन्त्रालयबाट आर्थिक वर्ष २०८३/८४ का लागि स्वीकृत वार्षिक विकास कार्यक्रम तथा बजेटलाई निर्धारित लक्ष्य, उद्देश्य, प्राथमिकता र अपेक्षित नतिजाअनुरूप प्रभावकारी रूपमा कार्यान्वयन गर्न मन्त्रालय तथा मातहतका निकायबीच कार्यक्रमगत स्पष्टता, समन्वय, कार्यान्वयन क्षमता र उत्तरदायित्व आवश्यक हुन्छ। वार्षिक स्वीकृत कार्यक्रमको उद्देश्य, कार्यान्वयन प्रक्रिया, बजेट खर्च गर्ने विधि, खरिद तथा वित्तीय अनुशासन, कार्यक्रमको समयबद्ध कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन प्रणालीबारे कार्यान्वयन गर्ने निकायमा समान बुझाइ कायम हुन नसक्दा कार्यक्रम कार्यान्वयनमा ढिलाइ, बजेट खर्चमा असन्तुलन तथा अपेक्षित उपलब्धि हासिल गर्न कठिनाइ हुन सक्छ। यस सन्दर्भमा मन्त्रालय तथा मातहतका कार्यालय/निकायका प्रमुख तथा सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने कर्मचारीहरूको सहभागितामा आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रमबाट स्वीकृत कार्यक्रमको उद्देश्य, लक्ष्य, बजेट, कार्यान्वयन विधि, वित्तीय तथा प्रशासनिक प्रक्रिया, खरिद प्रक्रिया, अनुगमन तथा प्रतिवेदन प्रणालीबारे स्पष्टता कायम गरी कार्यक्रम–बजेट–कार्यान्वयन–नतिजा बीच प्रभावकारी सम्बन्ध स्थापित गर्ने लक्ष्य राखिएको छ। | कैफियत |

| | | |
|---|---|---|
| कार्यक्रम को उद्देश्य | १. आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम तथा बजेटबारे मन्त्रालय तथा मातहतका निकायमा समान बुझाइ कायम गर्ने।<br>२. कार्यक्रमको उद्देश्य, लक्ष्य, अपेक्षित उपलब्धि र कार्यान्वयन समयतालिका बारे स्पष्टता प्रदान गर्ने।<br>३. स्वीकृत कार्यक्रमलाई समयमै, गुणस्तरीय र नतिजामुखी रूपमा कार्यान्वयन गर्न सहजीकरण गर्ने। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको अध्ययन र वर्गीकरण गरी मन्त्रालय तथा मातहतका निकायका कार्यक्रम कार्यान्वयनकर्ताको पहिचान गर्ने।<br>२. वार्षिक कार्यक्रमको उद्देश्य, र अपेक्षित उपलब्धिका विषयमा छलफल गरी कार्यान्वयनमा आउन सक्ने संभावित समस्या तथा समाधानको उपाय पहिचान गर्ने। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा प्रचलित कानून बमोजिम गर्ने । कार्यसम्पन्न भए पछि सहभागि विवरण, अभिमुखीकरणका विषयवस्तु समेटिएको संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. मन्त्रालय तथा मातहतका निकायमा वार्षिक स्वीकृत कार्यक्रम र सो को कार्यान्वयन बारे समान बुझाइ कायम हुनेछ।<br>२. कार्यक्रमको कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना, जिम्मेवारी र समयसीमा निर्धारण हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |
| अनुगमन सूचक | सहभागीको उपस्थिति, कार्यक्रमका फोटो तथा अन्य विवरणहरु | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग | |

## २३. कार्यक्रम/ आयोजनाको नामः प्रादेशिक एकीकृत शिक्षा नीति तर्जुमा

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४७५ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | ६०० | १ | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | लुम्बिनी प्रदेशमा हालसम्म विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षालाई समेट्ने एकीकृत प्रदेश शिक्षा नीति तर्जुमा भएको छैन। नेपालको संविधान, कार्यविस्तृतीकरण प्रतिवेदन तथा प्रचलित कानुनी व्यवस्थाले प्रदेशलाई शिक्षा क्षेत्रका विभिन्न विषयमा अधिकार तथा जिम्मेवारी प्रदान गरेको सन्दर्भमा ती अधिकारको प्रभावकारी प्रयोग गर्दै प्रदेशको समग्र शैक्षिक विकासका लागि साझा दृष्टिकोण, नीति प्राथमिकता, रणनीति र कार्यदिशा निर्धारण गर्नु आवश्यक रहेको छ। प्रदेशको सामाजिक, आर्थिक, भौगोलिक तथा जनसांख्यिक विविधता, स्थानीय आवश्यकता, श्रम बजार, रोजगारी तथा आर्थिक विकासका सम्भावनालाई शिक्षासँग आबद्ध गर्दै विद्यालय शिक्षादेखि प्राविधिक शिक्षा, उच्च शिक्षा, सीप, रोजगारी तथा जीवनपर्यन्त सिकाइसम्मको एकीकृत प्रदेशीय शिक्षा प्रणाली विकास गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रममार्फत विद्यमान शैक्षिक अवस्था तथा नीतिगत व्यवस्थाको अध्ययन, विषयगत तथा सरोकारवालागत परामर्श, अन्तरसम्बन्धको विश्लेषण र नीतिको मस्यौदा तर्जुमा गरी प्रदेशको एकीकृत शिक्षा नीति निर्माणको आधार तयार गरिनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. संविधान तथा कार्यविस्तृतीकरण प्रतिवेदनले प्रदेशलाई प्रदान गरेका शिक्षा क्षेत्रका अधिकारमा आधारित रही लुम्बिनी प्रदेशको समग्र शैक्षिक विकासका लागि एकीकृत प्रादेशिक नीति तयार गर्नु।<br>२. विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षाबीच नीतिगत तथा | |

| | | |
|---|---|---|
| | कार्यक्रमगत अन्तरसम्बन्ध कायम गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. पहिलो चरण–अध्ययन तथा समीक्षा: प्रदेशको विद्यमान शैक्षिक अवस्था, नीति, कानुन, संस्थागत संरचना, उपलब्धि, समस्या तथा चुनौतीको अध्ययन गर्ने।<br>२. दोस्रो चरण–विषयगत अध्ययन: विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षाको वर्तमान अवस्था तथा भावी आवश्यकताको छुट्टाछुट्टै अध्ययन गर्ने।<br>३. तेस्रो चरण–सरोकारवाला परामर्श: मन्त्रालय, मातहतका निकाय, स्थानीय तह, विश्वविद्यालय, विद्यालय, प्राविधिक शिक्षालय, शिक्षक/प्राध्यापक, विद्यार्थी, निजी क्षेत्र, उद्योग/व्यवसाय, शिक्षाविद् तथा अन्य सरोकारवालासँग प्रदेश तथा आवश्यकता अनुसार जिल्ला/स्थानीय तहस्तरीय छलफल गर्ने।<br>४. चौथो चरण–नीतिगत विश्लेषण: तीनै तहको शिक्षा प्रणालीबीचको अन्तरसम्बन्ध, अधिकारक्षेत्र, समन्वय, स्रोत परिचालन, सीप तथा रोजगारीसँगको सम्बन्ध र प्रदेशको विशिष्ट आवश्यकताको विश्लेषण गर्ने।<br>५. पाँचौँ चरण–मस्यौदा तर्जुमा: प्रदेशको शिक्षा दृष्टिकोण, ध्येय, उद्देश्य, नीति, रणनीति, कार्यनीति, प्राथमिकता, कार्यान्वयन संयन्त्र, स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणाली समेटिएको एकीकृत शिक्षा नीतिको मस्यौदा तयार गर्ने।<br>६. छैटौँ चरण–मस्यौदा छलफल तथा परिमार्जन: मस्यौदा उपर विज्ञ तथा सरोकारवालासँग छलफल गरी सुझाव प्राप्त गर्ने र आवश्यक परिमार्जन गर्ने।<br>७. सातौँ चरण–अन्तिम मस्यौदा तथा स्वीकृति: प्राप्त सुझाव समेटी अन्तिम मस्यौदा तयार गरी प्रचलित कानुनबमोजिम स्वीकृतिका लागि पेश गर्ने। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि कानून बमोजिम खर्च गर्ने । अध्ययन, अनुसन्धान, विज्ञ परामर्श, कार्यशाला/छलफल, सूचना संकलन, मस्यौदा तर्जुमा तथा प्रकाशनसम्बन्धी कार्यहरु समेटेको संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. लुम्बिनी प्रदेशको एकीकृत शिक्षा नीति तयार भएको हुने ।<br>२. विद्यालय शिक्षा, प्राविधिक शिक्षा र उच्च शिक्षाबीच नीतिगत अन्तरसम्बन्ध स्थापित हुने।<br>३. प्रदेशको शिक्षा क्षेत्रका प्राथमिकता, नीति तथा रणनीति स्पष्ट हुनेछन्। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |
| अनुगमन सूचक | १. एकीकृत शिक्षा नीति प्रारम्भिक मस्यौदा तयार,<br>२. सरोकारवालासँग छलफल/परामर्श सञ्चालन स्वीकृत कार्ययोजना,<br>३. विद्यमान शिक्षा नीति/कानुनी व्यवस्थाको समीक्षा प्रतिवेदन, कार्यक्रमका फोटो | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय र आवश्यकता अनुसार अन्य मन्त्रालय, प्रदेश योजना आयोग | |

## २४. **कार्यक्रम/ आयोजनाको नाम: कार्यक्रम कार्यान्वयनका लागिआवश्यक कानून तथा कार्यविधि निर्माण**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४७६ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम **(३५०००१४)** | ६०० | आवश्यक | पहिलो दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | प्रदेश सरकारबाट सञ्चालन गरिने विभिन्न विकास तथा सेवा प्रवाहसम्बन्धी कार्यक्रमलाई प्रभावकारी, पारदर्शी, जवाफदेही, व्यवस्थित तथा एकरूपतामा कार्यान्वयन गर्न स्पष्ट कानूनी आधार आवश्यक हुन्छ। कतिपय कार्यक्रम सञ्चालनका क्रममा कानून, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड तथा कार्यसञ्चालन प्रक्रियाको अभावमा निर्णय प्रक्रिया, अधिकारक्षेत्र, जिम्मेवारी, लाभग्राही छनोट, स्रोत परिचालन तथा अनुगमनमा अस्पष्टता देखिन सक्छ।त्यसैले प्रदेशको अधिकारक्षेत्रभित्र रही आवश्यक कानून तथा कार्यविधिको पहिचान, तर्जुमा, संशोधन, परिमार्जन तथा स्वीकृति गरी कार्यक्रम कार्यान्वयनलाई कानूनी र संस्थागत आधार प्रदान गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ । | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानूनी आधार तयार गर्नु।<br>२. विद्यमान कानून तथा कार्यविधिमा रहेका अस्पष्टता र दोहोरोपन हटाउनु।<br>३. कार्यक्रम सञ्चालनमा मितव्यीता, एकरूपता, पारदर्शिता र जवाफदेहिता कायम गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. कानून मस्यौदाका लागि मुख्य सरोकारवाला रहेको कानून मस्यौदा समिति गठन गर्ने,<br>२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नियम, कार्यविधि, निर्देशिका र मापदण्डको सूची तयार गर्ने,<br>३. प्रचलित संघीय तथा प्रदेश कानून, नीति र कार्यविधिको अध्ययन तथा समीक्षा गर्ने,<br>४. नयाँ कानून आवश्यक पर्ने वा विद्यमान कानून संशोधन गर्नुपर्ने विषय पहिचान गर्ने,<br>५. कार्यविधि, निर्देशिका तथा मापदण्डको प्रारम्भिक मस्यौदा तयार गर्ने,<br>६. सम्बन्धित मन्त्रालय, कार्यालय, स्थानीय तह, विज्ञ तथा अन्य सरोकारवालासँग छलफल गर्ने,<br>७. प्राप्त सुझावका आधारमा मस्यौदालाई अन्तिम रूप दिने,<br>८. सम्बन्धित अधिकार प्राप्त निकायबाट स्वीकृत गराउने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि तथा कानून बमोजिम खर्च गर्ने । अध्ययन, अनुसन्धान, विज्ञ परामर्श, कार्यशाला/छलफल, सूचना संकलन, मस्यौदा तर्जुमा तथा प्रकाशनसम्बन्धी स्वीकृत खर्चहरू कार्यक्रमको उद्देश्यसँग प्रत्यक्ष सम्बन्धित हुने गरी प्रतिवेदन तयार गरी पेश गर्ने । | |
| अपेक्षित उपलब्धी | कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानून तथा कार्यविधिको पहिचान र सूचीकरण,<br>आवश्यकतानुसार नयाँ कानून/कार्यविधिको मस्यौदा तयार भएको।<br>विद्यमान कानून तथा कार्यविधिमा आवश्यक संशोधन/परिमार्जन भएको। | |
| कार्यान्वयन गर्ने निकाय | मुख्य जिम्मेवार निकाय मन्त्रालय/निर्देशनालय/कार्यालय<br>सहयोगी निकाय: कानूनसम्बन्धी निकाय, स्थानीय तह, विषयगत विज्ञ तथा सरोकारवाला निकाय। | |
| अनुगमन सूचक | पहिचान गरिएका आवश्यक कानून/कार्यविधिको संख्या, तयार गरिएका कानून/कार्यविधिको संख्या, स्वीकृत कानून/कार्यविधिको संख्या, बैठक, अभिलेख र प्रतिवेदन | |
| अनुगमन गर्ने निकाय | योजना आयोग, कानून सँग सम्बन्धित मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |

## २५. कार्यक्रम/ आयोजनाको नाम: स्थानीय तहको शैक्षिक अभ्यासहरुको आदान प्रदान तथा क्षमता विकास तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४७७ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम **(३५०००१४)** | ६०० | ३ समुह | पहिलो, दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | नेपालको संघीय संरचनाअनुसार विद्यालय शिक्षाको व्यवस्थापन तथा सञ्चालनमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ। स्थानीय तहले आफ्नो भौगोलिक, सामाजिक, आर्थिक तथा शैक्षिक आवश्यकता र सम्भावनाका आधारमा विभिन्न नवीन शैक्षिक अभ्यास, व्यवस्थापकीय सुधार, सिकाइ उपलब्धि अभिवृद्धि, शिक्षक व्यवस्थापन, विद्यालय अनुगमन, शैक्षिक योजना निर्माण तथा शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्।तर स्थानीय तहबीच भएका सफल अभ्यासहरू एकअर्कामा पर्याप्त रूपमा आदान–प्रदान हुन नसक्दा एउटै प्रकृतिका समस्या समाधानका लागि विभिन्न तहमा दोहोरिने प्रयास र स्रोतको प्रयोग हुने अवस्था देखिन्छ। साथै स्थानीय तहका शिक्षा शाखा तथा सम्बन्धित पदाधिकारीहरूको शैक्षिक योजना, तथ्याङ्कमा आधारित निर्णय, अनुगमन तथा मूल्याङ्कन, नेतृत्व विकास, कार्यक्रम व्यवस्थापन र नवप्रवर्तनात्मक अभ्यास सम्बन्धी क्षमता थप सुदृढ गर्न आवश्यक छ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. स्थानीय तहमा प्रयोगमा ल्याइएका असल तथा नवीन शैक्षिक अभ्यासहरूको पहिचान, आदान–प्रदान र विस्तार गर्नु।<br>२. स्थानीय तहका शिक्षा क्षेत्रसँग सम्बन्धित जनशक्तिको व्यवस्थापकीय तथा प्राविधिक क्षमता अभिवृद्धि गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. प्रभावकारी तथा अनुकरणीय शैक्षिक अभ्यास भएका स्थानीय तह छनोट गर्ने,<br>२. सफल अभ्यास, प्रक्रिया, उपलब्धि तथा सिकाइलाई अभिलेखीकरण गर्ने,<br>३. स्थानीय तहबीच असल अभ्यास, समस्या र समाधानका उपाय आदान–प्रदान गर्ने,<br>४. अन्य स्थानीय तहका सफल अभ्यासलाई आफ्नो सन्दर्भअनुसार लागू गर्न सहजीकरण गर्ने,<br>५. स्थानीय तहबीच निरन्तर अनुभव तथा ज्ञान आदान–प्रदानको संयन्त्र विकास गर्ने। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | १. स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि कानून र मापदण्डको अधीनमा रही गर्ने ।<br>२. तालिम सञ्चालनसँग सम्बन्धित आवश्यक विषयहरु समेटिएको संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. स्थानीय तहका शिक्षा क्षेत्रसँग सम्बन्धित जनशक्तिको ज्ञान, सीप र कार्यक्षमता अभिवृद्धि हुनेछ।<br>२. स्थानीय तहले असल अभ्यासलाई आफ्नो स्थानीय आवश्यकता र परिस्थितिअनुसार स्थानीयकरण गरी कार्यान्वयन गर्न सक्नेछन्। | |
| कार्यान्वयन गर्ने निकाय | मुख्य जिम्मेवार निकाय: सामाजिक विकास मन्त्रालय<br>सहयोगी निकाय: निर्देशनालय, स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ, विषयगत विज्ञ, विश्वविद्यालय। | |
| अनुगमन सूचक | नमुना अभ्यासहरुको अभिलेख, तालिममा सहभागी संख्या, कार्य समुह प्रतिवेदन फोटो तथा अन्य विवरणहरु | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, योजना आयोग | |

## २६. कार्यक्रम/ आयोजनाको नाम: प्रदेश तथा स्थानीय तहका शिक्षा सेवाका कर्मचारीहरुको क्षमता विकास तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४७८ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | ६०० | २समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | प्रदेश तथा स्थानीय तहमा शिक्षा सेवाको प्रभावकारी व्यवस्थापन, सेवा प्रवाहको गुणस्तर अभिवृद्धि तथा संघीय शिक्षा प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि शिक्षा सेवामा कार्यरत कर्मचारीको क्षमता विकास आवश्यक छ। शिक्षा योजना तथा बजेट निर्माण, शैक्षिक तथ्याङ्क तथा सूचना व्यवस्थापन, विद्यालय अनुगमन, कार्यक्रम कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनलगायतका कार्यमा कर्मचारीको ज्ञान, सीप | कैफियत |

| | | |
|---|---|---|
| | र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। तालिममा संघ, प्रदेश र स्थानीय तहबीचको शैक्षिक समन्वय, शिक्षा व्यवस्थापनका समसामयिक विषय, डिजिटल प्रविधिको प्रयोग, तथ्यमा आधारित योजना निर्माण, समस्या समाधान तथा सेवा प्रवाह सुधारमा विशेष जोड दिइनेछ। कार्यक्रमबाट प्राप्त ज्ञान तथा सीपलाई सम्बन्धित कार्यक्षेत्रमा प्रयोग गरी शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी, जवाफदेही र परिणाममुखी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। | |
| कार्यक्रमको उद्देश्य | १. प्रदेश तथा स्थानीय तहका शिक्षा सेवाका कर्मचारीको ज्ञान, सीप, दक्षता तथा व्यवस्थापकीय क्षमता अभिवृद्धिगरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।<br>२. तथ्यमा आधारित शिक्षा योजना, कार्यक्रम कार्यान्वयन, अनुगमन, समन्वय र डिजिटल प्रविधिको प्रयोगमार्फत कार्यसम्पादनमा सुधार ल्याउनु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. प्रदेश तथा स्थानीय तहमा कार्यरत शिक्षा सेवाका कर्मचारीको क्षमता विकाससम्बन्धी आवश्यकता पहिचान गरी तालिमका विषयवस्तु निर्धारण गर्ने।<br>२. तालिम सञ्चालनको ढाँचा र कार्ययोजना तयार गरी सम्बन्धित अधिकारीबाट स्वीकृत गराउने।<br>३. स्वीकृत कार्ययोजनाअनुसार समूहमा तालिम सञ्चालनगरी प्रस्तुतीकरण, समूह छलफल, केस अध्ययन, समस्या समाधान, अनुभव आदान–प्रदान तथा व्यवहारिक अभ्यासमा आधारित सहभागीमूलक विधि प्रयोग गर्ने।<br>४. तालिमको प्रारम्भ र अन्त्यमा आवश्यकताअनुसार पूर्वपरीक्षण तथा पश्चात् परीक्षण सहभागीको प्रतिक्रिया तथा सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने।<br>५. तालिम सम्पन्न भएपछि सहभागीको उपस्थिति, तालिमका गतिविधि, सिकाइ उपलब्धि, प्राप्त सुझाव समेटी कार्यक्रमको प्रतिवेदन तयार गर्ने | |
| खर्च प्रक्रिया र प्रतिवेदन | १. स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि, सार्वजनिक खरिदसम्बन्धी व्यवस्था तथा स्वीकृत कार्यक्रम र मापदण्डको अधीनमा रही गर्ने।<br>२. तालिम सञ्चालनसँग सम्बन्धित विषयहरु समेटी संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. प्रदेश तथा स्थानीय तहका शिक्षा सेवाका कर्मचारीको ज्ञान, सीप, व्यवस्थापकीय दक्षता र कार्यसम्पादन क्षमता अभिवृद्धि भएको हुने।<br>२. तथ्यमा आधारित शिक्षा योजना, डिजिटल प्रणालीको प्रयोग मार्फत शैक्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजता प्राप्त हुने। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |
| अनुगमन सूचक | सञ्चालन भएका तालिम समूहको संख्या, तालिममा सहभागी शिक्षा सेवाका कर्मचारीको संख्या, सहभागी सन्तुष्टि तथा प्रतिक्रिया, समुह कार्य, प्रतिवेदन, फोटो | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग | |

## २७. कार्यक्रम/ आयोजनाको नाम: मन्त्रालयबाट हालसम्म विनियोजित योजना तथा कार्यक्रम संगालोको तयारी र प्रकाशन

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४७९ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | ४०० | १ | पहिलो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | प्रदेश सरकार स्थापना भएदेखि सामाजिक विकास मन्त्रालयले शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, सामाजिक सुरक्षा, युवा, खेलकुद, भाषा, संस्कृति तथा सामाजिक विकासका विभिन्न क्षेत्रमा विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ। आर्थिक वर्षअनुसार मन्त्रालयबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू बजेट, वार्षिक विकास कार्यक्रम, मन्त्रालयगत कार्यक्रम, जिल्ला/स्थानीय तहगत कार्यक्रम तथा विभिन्न कार्यान्वयन निकायमार्फत सञ्चालन हुँदै आएका छन्।<br>हालसम्म विनियोजित तथा कार्यान्वयन गरिएका कार्यक्रमहरू विभिन्न आर्थिक वर्षका बजेट पुस्तिका, रातो किताब, वार्षिक विकास कार्यक्रम, मन्त्रालयका निर्णय, कार्यक्रम स्वीकृति विवरण तथा अन्य अभिलेखहरूमा छरिएर रहेका कारण मन्त्रालयबाट विगतमा के–कस्ता कार्यक्रम सञ्चालन भए, कुन क्षेत्रमा कति लगानी भयो, कुन जिल्लामा/स्थानीय तहमा कार्यक्रम पुगे, कार्यक्रमको निरन्तरता वा परिवर्तन कसरी भयो भन्ने विषयमा एकीकृत जानकारी प्राप्त गर्न कठिनाइ रहेको अवस्था हुन सक्छ।त्यसैले प्रदेश सरकारको स्थापना भएदेखि हालसम्म सामाजिक विकास मन्त्रालयबाट विनियोजित योजना तथा कार्यक्रमहरूको आर्थिक वर्ष, क्षेत्र, जिल्ला, स्थानीय तह, बजेट, कार्यक्रमको प्रकृति तथा कार्यान्वयन अवस्थासहितको एकीकृत, व्यवस्थित र तथ्यमा आधारित अभिलेख/संगालो तयार गरी प्रकाशन गर्नु आवश्यक छ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. मन्त्रालयबाट आर्थिक वर्षअनुसार विनियोजित योजना तथा कार्यक्रमको अभिलेखीकरण गर्नु।<br>२. मन्त्रालयबाट कार्यान्वयन गरिएका विभिन्न क्षेत्रगत कार्यक्रमको एकीकृत विवरण तयार गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. अभिलेख संकलनः प्रदेश सरकार स्थापनादेखिका बजेट, वार्षिक कार्यक्रम, रातो किताब तथा मन्त्रालयका अभिलेख संकलन गर्ने।<br>२. आर्थिक वर्षगत तथ्याङ्क संकलनःप्रत्येक आर्थिक वर्षका योजना तथा कार्यक्रम संकलन गर्ने।<br>३. तथ्याङ्क वर्गीकरणःक्षेत्र, जिल्ला, स्थानीय तह, कार्यक्रमको प्रकृति तथा बजेटअनुसार वर्गीकरण गर्ने ।<br>४. तथ्याङ्क सत्यापनःदोहोरिएका, अपूर्ण तथा असंगत विवरण पहिचान गरी सुधार गर्ने ।<br>५. तथ्याङ्क भण्डारनिर्माणःसबै कार्यक्रमको विद्युतीय भण्डारण तयार गर्ने<br>६. विश्लेषणःआर्थिक वर्षगत, क्षेत्रगत, जिल्लागत तथा बजेटगत प्रवृत्तिको विश्लेषण गर्ने<br>७. संगालोको संरचना निर्माणःप्रकाशनका लागि विषयगत तथा आर्थिक वर्षगत संरचना तयार गर्ने<br>८. मस्यौदा तयारीःसंगालोको प्रारम्भिक मस्यौदा तयार गर्ने<br>९. अन्तिम सम्पादनःप्राप्त सुझावअनुसार सामग्री परिमार्जन गर्ने<br>१०. प्रकाशनः योजना तथा कार्यक्रमको संगालो प्रकाशन गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि, सार्वजनिक खरिदसम्बन्धी कानुन तथा प्रदेश सरकारका आर्थिक मापदण्डबमोजिम खर्च गर्ने । अध्ययन, अनुसन्धान, सूचना संकलन, मस्यौदा तर्जुमा तथा प्रकाशनसम्बन्धी विषयहरु समावेश भएको संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. प्रदेश सरकार स्थापनादेखिका सामाजिक विकास मन्त्रालयका योजना तथा कार्यक्रमको एकीकृत अभिलेख तयार हुनेछ।<br>२. आर्थिक वर्षगत तथा क्षेत्रगत कार्यक्रमको विवरण सहज रूपमा उपलब्ध हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | मुख्य जिम्मेवार निकाय: सामाजिक विकास मन्त्रालय<br>सहयोगी निकाय: निर्देशनालय, तालिम केन्द्र र डिभिजन कार्यालयहरु । | |
| अनुगमन सूचक | संकलित कार्यक्रम संख्या, प्रमाणित विवरण, Database, प्रकाशित संगालो । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, योजना आयोग तथा अन्य अन्तरसम्बन्धित मन्त्रालय तथा निकायहरु | |

## २८. कार्यक्रम/ आयोजनाको नामः सामुदायिक विद्यालय तथा प्राविधिक शिक्षालयमा पढ्दै, सिक्दै र कमाउँदै कार्यक्रमका लागि अनुदान

| खर्च शीर्षक | क्रियाकलाप | बजेटखर्च उपशीर्षक नं. | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | ४.५.१.२८७९ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम(३५०००१४) | १३०० | २ समुह | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | विद्यालय तहबाटै विद्यार्थीमा श्रमप्रतिको सम्मान, सकारात्मक सोच र काम गर्ने संस्कृतिको विकास गर्नुका साथै शिक्षालाई सीप, उत्पादन, उद्यमशीलता तथा रोजगारीसँग जोड्नु आजको आवश्यकता हो। परम्परागत रूपमा शिक्षालाई केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यमका रूपमा बुझ्ने प्रवृत्तिले विद्यार्थीमा व्यावहारिक सीप, उत्पादनशीलता र आत्मनिर्भरताको विकास अपेक्षित रूपमा हुन सकेको छैन।यसै सन्दर्भमा विद्यार्थीलाई पढ्दै, सिक्दै र कमाउँदै जाने अवसर सिर्जना गरी विद्यालय शिक्षालाई व्यावहारिक जीवन, स्थानीय उत्पादन, सीप तथा उद्यमशीलतासँग जोड्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो। कार्यक्रमले विद्यार्थीको अध्ययनमा प्रतिकूल असर नपर्ने गरी विद्यालय परिसर वा समुदायमा उपलब्ध स्रोत, प्रविधि र स्थानीय सम्भावनाको उपयोग गर्दै उत्पादनमूलक तथा सीपमूलक क्रियाकलाप सञ्चालन गर्ने अवधारणा लिएको छ।स्थानीय तहका विभिन्न विद्यालय तथा शैक्षिक संस्थाबाट यस्ता कार्यक्रमको अभ्यास हुँदै आएको अवस्थामा ती अनुभवबाट सिक्दै कार्यक्रमलाई थप व्यवस्थित, वैज्ञानिक, उत्पादनमुखी र दिगो बनाउन प्रदेश तहबाट प्रत्येक डिभिजनअन्तर्गत २ वटा शैक्षिक संस्थालाई प्रस्तावनाका आधारमा प्रतिस्पर्धात्मक रूपमा छनोट गरी अनुदान उपलब्ध गराइनेछ। कार्यक्रमले विद्यार्थीको सीप विकाससँगै श्रमको सम्मान, उद्यमशीलता, आत्मनिर्भरता र स्थानीय अर्थतन्त्रसँगको सम्बन्धलाई समेत बलियो बनाउने अपेक्षा गरिएको छ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. विद्यार्थीमा श्रमप्रति सम्मान र सकारात्मक श्रम संस्कृतिको विकास गर्ने।<br>२. विद्यालय शिक्षालाई सीप, उत्पादन, रोजगारी तथा उद्यमशीलतासँग जोड्ने।<br>३. विद्यार्थीलाई पढाइसँगै व्यावहारिक सीप सिक्ने र उत्पादनमूलक कार्यबाट आम्दानी गर्ने अवसर सिर्जना गर्ने। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. स्वीकृत कार्यविधि बमोजिम डिभिजन कार्यालयबाट सूचना प्रकाशन गरी इच्छुक सामुदायिक विद्यालय तथा प्राविधिक शिक्षालयबाट प्रस्ताव आह्वान गर्ने ।<br>२. प्राप्त प्रस्तावलाई स्वीकृत कार्यविधिका आधारमा मूल्याङ्कन गरी प्रत्येक डिभिजनबाट २ (प्रति जिल्ला १हुने गरी ) वटा शैक्षिक संस्था छनोट गर्ने ।<br>३. छनोट भएका संस्थासँग कार्यक्रमको उद्देश्य बमोजिम सम्झौता गर्ने ।<br>४. सफल अभ्यास भएका विद्यालय/शिक्षालयको अनुभव अभिलेखीकरण गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत कार्ययोजना, बजेट तथा प्रचलित आर्थिक कार्यविधि कानून अनुसार खर्च गर्ने । कार्यक्रम सम्पन्न भएपछि संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. विद्यार्थीमा श्रमप्रति सम्मान र उत्पादनमूलक कार्यप्रतिको सकारात्मक सोच विकास हुनेछ।<br>२. विद्यार्थीले अध्ययनसँगै व्यावहारिक तथा बजारमुखी सीप प्राप्त गर्नेछन्। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालयहरु | |
| अनुगमन सूचक | अनुदान प्राप्त शैक्षिक संस्थाको संख्या।<br>कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित विद्यार्थी संख्या, फोटो तथा अन्य विवरण | |

## २९. कार्यक्रम/ आयोजनाको नामः सामुदायिक तथा संस्थागत विद्यालयका बीच असल तथा नवप्रवर्तनीय अभ्यासहरुको आदान प्रदान (प्रदेशस्तर)

| खर्च शीर्षक | क्रियाकलाप | बजेटखर्च उपशीर्षक नं. | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४५४ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम(३५०००१४) | १००० | ३समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | सामुदायिक तथा संस्थागत विद्यालयहरूले शिक्षण–सिकाइ, विद्यालय व्यवस्थापन, प्रविधिको प्रयोग, विद्यार्थी मूल्याङ्कन, अतिरिक्त क्रियाकलाप, बालमैत्री वातावरण, अभिभावक सहभागिता, समावेशी शिक्षा तथा शैक्षिक नेतृत्वका क्षेत्रमा विभिन्न असल तथा नवप्रवर्तनीय अभ्यासहरू अवलम्बन गरिरहेका हुन्छन्। यस्ता प्रभावकारी अभ्यासहरू एक विद्यालयमा सीमित नराखी अन्य विद्यालयमा समेत हस्तान्तरण र विस्तार गर्न सकेमा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्न सक्छ।यस कार्यक्रममार्फत प्रदेशभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा प्रचलित असल, प्रभावकारी, नवीन तथा अनुकरणीय अभ्यासहरूको पहिचान, प्रस्तुतीकरण, अनुभव आदान–प्रदान, सिकाइ हस्तान्तरण तथा दस्तावेजीकरण गरिनेछ। कार्यक्रमले विद्यालयहरूबीच सहकार्य, स्वस्थ प्रतिस्पर्धा र पारस्परिक सिकाइको वातावरण विकास गर्दै उपलब्ध स्रोतसाधनको प्रभावकारी उपयोगबाट शैक्षिक गुणस्तर सुधार गर्न सहयोग पुऱ्याउनेछ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. सामुदायिक तथा संस्थागत विद्यालयमा अभ्यासमा रहेका असल तथा नवप्रवर्तनीय शैक्षिक अभ्यासहरूको पहिचान, आदान–प्रदान र विस्तार गर्नु।<br>२. विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा सम्बन्धित सरोकारवालाबीच अनुभव, ज्ञान, सीप तथा सिकाइ आदान–प्रदान गरी शैक्षिक नेतृत्व र व्यावसायिक क्षमता अभिवृद्धि गर्नु । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. विद्यालय छनोट तथा वर्गीकरणः प्रदेशभित्रका सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि, विशेषगरी कक्षा ८, SEE तथा अन्य आन्तरिक मूल्याङ्कनको नतिजा, विद्यार्थी सिकाइ उपलब्धि, विद्यार्थी उपस्थिति, विद्यालय व्यवस्थापन तथा नवप्रवर्तनीय अभ्यासका आधारमा विद्यालयको पहिचान गर्ने,<br>२. असल अभ्यासको पहिचानः असल अभ्यास भएका विद्यालयले अवलम्बन गरेका अभ्यासहरूलाई केवल दाबीका आधारमा नभई उपलब्धि, तथ्याङ्क, प्रमाण, कार्यप्रक्रिया र परिणामका आधारमा पहिचान गर्ने ।<br>३. असल अभ्यासको प्रस्तुतीकरणः असल अभ्यास भएका विद्यालयले आफूले अपनाएको असल र नवप्रवर्तनीय अभ्यासको प्रस्तुतीकरणमा सैद्धान्तिक व्याख्याभन्दा वास्तविक अभ्यास, तथ्याङ्क र प्रमाणलाई प्राथमिकता दिने गरी प्रस्तुतीकरण गर्न लगाउने।<br>४. संयुक्त अन्तरक्रिया आयोजनाः छनोट भएका दुवै प्रकारका विद्यालयका प्रधानाध्यापक, सम्बन्धित विषयका शिक्षक तथा आवश्यकताअनुसार स्थानीय तह/शिक्षा शाखाका प्रतिनिधिलाई संयुक्त रूपमा सहभागी गराई अन्तरक्रिया सञ्चालन गर्ने ।<br>५. विषयगत समूह छलफल तथा अनुभव आदान–प्रदानः सहभागी विद्यालयलाई विषयगत समूहमा विभाजन गरी समस्या र समाधानमा केन्द्रित छलफल गरिनेछ। कमजोर विद्यालयले आफ्ना वास्तविक समस्या राख्ने र असल अभ्यास भएका विद्यालयले आफूले प्रयोग गरेका समाधानका उपाय प्रस्तुत गर्नेछन्। यस क्रममा “हाम्रो विद्यालयमा यो अभ्यास कसरी लागू गर्न सकिन्छ?” भन्ने विषयलाई केन्द्रमा राख्ने ।<br>६. विद्यालयगत सुधार कार्ययोजना निर्माणःप्रत्येक कमजोर सिकाइ अवस्था भएको विद्यालयले साझेदार विद्यालयको सहयोगमा विद्यालय सुधार कार्ययोजना तयार गर्ने। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | कार्यक्रम सञ्चालनका क्रममा स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि र मापदण्डअनुसार खर्च गर्ने ।<br>कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन तयार गर्ने । | |

| | | |
|---|---|---|
| अपेक्षित उपलब्धी | १. सामुदायिक तथा संस्थागत विद्यालयमा भएका असल तथा नवप्रवर्तनीय अभ्यासको पहिचान र दस्तावेजीकरण हुनेछ।<br>२. विद्यालयहरूबीच सिकाइ, अनुभव तथा प्रभावकारी अभ्यासको आदान–प्रदान हुनेछ।<br>३. सफल अभ्यासहरूलाई अन्य विद्यालयमा अनुकरण तथा विस्तार गर्ने आधार तयार हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | सहभागी विद्यालय संख्या, असल तथा नवप्रवर्नीय अभ्यासको संग्रह, फोटो तथा अन्य विवरण | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ३०. कार्यक्रम/ आयोजनाको नाम: विद्यार्थीतथा शिक्षक प्रतिभा पहिचानका लागि प्रतियोगितात्मक कार्यक्रम (प्रदेश स्तर)

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४५५ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | ६०० | २समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | विद्यालय तहमा अध्ययनरत विद्यार्थी तथा अध्यापनरत शिक्षकहरूमा रहेका अन्तर्निहित प्रतिभा, सिर्जनशीलता, नवप्रवर्तन, ज्ञान, सीप, नेतृत्व क्षमता तथा विशिष्ट क्षमताको पहिचान गरी प्रोत्साहन गर्नु शैक्षिक विकासको महत्वपूर्ण पक्ष हो। विद्यालयमा नियमित पठनपाठनका क्रममा सबै प्रतिभा पहिचान हुन नसक्ने भएकाले विभिन्न विधाका प्रतियोगितामार्फत विद्यार्थी तथा शिक्षकको प्रतिभा उजागर गर्ने अवसर प्रदान गर्न आवश्यक हुन्छ।यस कार्यक्रमअन्तर्गत जिल्लास्तरबाट छनोट भएका विद्यार्थी तथा शिक्षकलाई प्रदेशस्तरमा सहभागी गराई विषयगत ज्ञान, सिर्जनात्मकता, वैज्ञानिक सोच, प्रविधि प्रयोग, कला, साहित्य, वक्तृत्व, नवप्रवर्तन, शिक्षण सीप तथा शैक्षिक नेतृत्व लगायतका क्षेत्रमा प्रतियोगिता सञ्चालन गरिनेछ। प्रतियोगिताबाट उत्कृष्ट प्रतिभाको पहिचान गरी सम्मान, पुरस्कार तथा थप क्षमता विकासका अवसर उपलब्ध गराइनेछ।कार्यक्रमले विद्यालय शिक्षामा प्रतिस्पर्धात्मक सिकाइ, सिर्जनशीलता, नवप्रवर्तन र उत्कृष्टताको संस्कृति विकास गर्नुका साथै पहिचान भएका प्रतिभालाई प्रदेश तथा राष्ट्रियस्तरका अवसरसँग जोड्ने आधार तयार गर्नेछ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. विद्यार्थी तथा शिक्षकमा रहेका अन्तर्निहित प्रतिभा, सिर्जनशीलता, ज्ञान, सीप तथा नवप्रवर्तन क्षमताको पहिचान गर्नु।<br>२. विद्यार्थी तथा शिक्षकलाई आफ्नो प्रतिभा प्रदर्शन गर्न प्रदेशस्तरीय अवसर र उपयुक्त मञ्च प्रदान गर्नु।<br>३. शिक्षण–सिकाइमा सिर्जनात्मकता, प्रतिस्पर्धात्मकता, वैज्ञानिक सोच र नवप्रवर्तनलाई प्रोत्साहन गर्न । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. प्रतियोगिताका विधा तथा क्षेत्र निर्धारण,<br>२. मापदण्ड तथा कार्यविधि तयार,<br>३. डिभिजनस्तरबाट प्रतिभा सिफारिस,<br>४. निर्णायक तथा मूल्याङ्कन समिति गठन,<br>५. प्रदेशस्तरीय प्रतियोगिता सञ्चालन,<br>६. प्रतिभा तथा सिर्जना प्रदर्शन,<br>७. मूल्याङ्कन तथा उत्कृष्ट प्रतिभा छनोट,<br>८. पुरस्कार तथा सम्मान । | |

| | | |
|---|---|---|
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, कार्यक्रम तथा प्रचलित आर्थिक कार्यविधि र मापदण्ड अनुसार खर्च गर्ने । प्रतियोगिता सञ्चालन पश्चात संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. विद्यार्थी तथा शिक्षकमा रहेका विविध प्रतिभा र विशिष्ट क्षमताको पहिचान हुनेछ।<br>२. विद्यार्थीमा सिर्जनशीलता, नवप्रवर्तन, वैज्ञानिक सोच तथा प्रतिस्पर्धात्मक क्षमताको विकास हुनेछ।<br>३. शिक्षकमा नवीन शिक्षण विधि, शैक्षिक सिर्जनशीलता र व्यावसायिक दक्षताको प्रदर्शन तथा विकास हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | १. प्रतियोगितामा सहभागी विद्यार्थी तथा शिक्षकको संख्यात्मक विवरण<br>२. उत्कृष्ट प्रतिभा, पुरस्कार/सम्मानको अभिलेख | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |

## ३१. कार्यक्रम/ आयोजनाको नामः आधारभुत तह (कक्षा १-५) का विज्ञान गणित विषय अध्यापन गर्ने शिक्षकका लागि आधारभुत सिकाईका लागि क्षमता विकास तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४५६ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | १००० | ३समुह | दोस्रो, तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | विद्यालयमा विज्ञान तथा गणित विषय अध्यापन गर्ने शिक्षकको विषयगत ज्ञान, बालमनोविज्ञान, शिक्षण विधि, प्रयोगात्मक तथा गतिविधिमा आधारित शिक्षण, सिकाइ सामग्रीको प्रयोग र विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्ने क्षमता विद्यार्थीको सिकाइ उपलब्धिसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ। तर शिक्षकको विषयगत तथा पेडागोजिकल क्षमता, प्रविधिको प्रयोग, स्थानीय स्रोतसाधनको उपयोग र कमजोर सिकाइ भएका विद्यार्थीलाई लक्षित गरी उपचारात्मक शिक्षण गर्ने अभ्यासमा निरन्तर क्षमता विकास आवश्यक रहन्छ। विशेषगरी कक्षा १–५ मा अमूर्त अवधारणालाई बालबालिकाले सहज रूपमा बुझ्न सक्ने गरी खेल, गतिविधि, प्रयोग, अवलोकन, खोज, स्थानीय परिवेश र दैनिक जीवनका उदाहरणसँग जोडेर सिकाउनुपर्ने हुन्छ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. STEM शिक्षाको मर्म अनुरुप विषयगत तथा अन्तरविषयगत शिक्षणका लागि विज्ञान तथा गणित विषय शिक्षकको क्षमता अभिवृद्धि गर्नु।<br>२. विद्यार्थीको आधारभूत सिकाइ उपलब्धि सुधार गर्न निरन्तर मूल्याङ्कन, उपचारात्मक शिक्षण र सिकाइ सामग्रीको प्रभावकारी प्रयोग गर्ने क्षमता विकास गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आवश्यकता पहिचान गरी लक्षित शिक्षक छनोट<br>२. तालिमको पाठ्यक्रम तथा सामग्री तयारी<br>३. तालिम सचालन<br>४. सैद्धान्तिक, प्रयोगात्मक, समूहगत तथा अभ्यासमा आधारित प्रशिक्षण<br>५. सहभागीबाट कार्ययोजना निर्माण र कार्यान्वयन<br>६. अनुगमन र पृष्ठपोषण | |

| | | |
|---|---|---|
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि तथा मापदण्डअनुसार खर्च गर्ने। कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | १. विज्ञान तथा गणित शिक्षकको विषयगत तथा शिक्षण क्षमता अभिवृद्धि हुनेछ।<br>२. प्रयोगमा आधारित तथा बालकेन्द्रित विधिबाट प्रभावकारी शिक्षण सिकाइ सञ्चालन हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | तालिममा सहभागी शिक्षकको संख्यात्मक विवरण फोटो तथा अन्य अभिलेख | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ३२. कार्यक्रम/ आयोजनाको नामः शिक्षकलाई सकारात्मक उत्प्रेरणा र खुसी सिकाई वातावरण सृजना सम्बन्धी अभिमुखीकरण

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४५७ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | ६०० | २समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | शिक्षण सिकाइको प्रभावकारिता शिक्षकको विषयगत तथा पेसागत क्षमतासँगै शिक्षकको सकारात्मक सोच, उत्प्रेरणा, मनोबल, कार्यसन्तुष्टि र विद्यार्थीप्रतिको व्यवहारसँग पनि प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ। शिक्षक स्वयं उत्साहित, सम्मानित र सकारात्मक अवस्थामा रहँदा कक्षाकोठामा विद्यार्थीमैत्री, सुरक्षित, समावेशी र खुसी सिकाइ वातावरण सिर्जना गर्न सहज हुन्छ।यस कार्यक्रममार्फत शिक्षकलाई सकारात्मक सोच, आत्मप्रेरणा, भावनात्मक व्यवस्थापन, तनाव व्यवस्थापन, सहकर्मी सहयोग, सकारात्मक सञ्चार, विद्यार्थीको भावना तथा आवश्यकताको सम्मान, प्रशंसा र प्रोत्साहनमा आधारित कक्षा व्यवस्थापन तथा खुसी सिकाइ वातावरण निर्माणसम्बन्धी अभिमुखीकरण प्रदान गरिनेछ। कार्यक्रमलाई व्यवहारिक तथा सहभागितामूलक बनाई शिक्षकले प्राप्त ज्ञान तथा सीपलाई दैनिक कक्षा शिक्षणमा प्रयोग गर्न सक्ने बनाइनेछ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. शिक्षकमा सकारात्मक सोच, आत्मविश्वास, उत्प्रेरणा तथा पेसागत प्रतिबद्धता अभिवृद्धि गर्नु।<br>२. शिक्षक र विद्यार्थीबीच सम्मान, विश्वास, सहकार्य र सकारात्मक सञ्चारमा आधारित सम्बन्ध विकास गर्नु।<br>३. कक्षाकोठामा खुसी, सुरक्षित, बालमैत्री, समावेशी र उत्प्रेरणादायी सिकाइ वातावरण सिर्जना गर्ने क्षमता विकास गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आवश्यकता पहिचान गरी लक्षित शिक्षक छनोट<br>२. तालिमको पाठ्यक्रम तथा सामग्री तयारी<br>३. विषयविज्ञ/प्रशिक्षक छनोट<br>४. सकारात्मक उत्प्रेरणा तथा खुसी सिकाइ वातावरणसम्बन्धी अभिमुखीकरण<br>५. सैद्धान्तिक, प्रयोगात्मक, समूहगत तथा अभ्यासमा आधारित प्रशिक्षण<br>६. सहभागीबाट कार्ययोजना निर्माण<br>७. अनुगमन र पृष्ठपोषण | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि तथा मापदण्डअनुसार खर्च गर्ने । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गर्ने। | |

| | | |
|---|---|---|
| अपेक्षित उपलब्धी | १. शिक्षकमा सकारात्मक सोच, उत्प्रेरणा र पेसागत प्रतिबद्धता वृद्धि हुनेछ।<br>२. शिक्षक–विद्यार्थी सम्बन्धमा सकारात्मकता, विश्वास र सहकार्य बढ्नेछ।<br>३. विद्यालय तथा कक्षाकोठामा खुसी, सुरक्षित, बालमैत्री र समावेशी सिकाइ वातावरण निर्माणमा सुधार हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | सहभागी शिक्षकको संख्यात्मक विवरण तथा फोटो । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ३३. कार्यक्रम/ आयोजनाको नामः प्रदेश स्तरीय प्रगति समिक्षा कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४५८ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | ६०० | ४पटक | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | प्रदेश सरकारअन्तर्गत सञ्चालित नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन अवस्था, वित्तीय तथा भौतिक प्रगति, उपलब्धि, समस्या र चुनौतीको नियमित समीक्षा गरी आगामी कार्यदिशा तय गर्न प्रगति समीक्षा कार्यक्रम सञ्चालन गरिन्छ । यस कार्यक्रमअन्तर्गत गत आर्थिक वर्षको वार्षिक प्रगतिको समग्र समीक्षा तथा चालु आर्थिक वर्षको चौमासिक प्रगतिको नियमित समीक्षा गरिनेछ।वार्षिक समीक्षामा स्वीकृत लक्ष्य र उपलब्धिको तुलना, बजेट कार्यान्वयन, कार्यक्रमको प्रभावकारिता, प्रमुख उपलब्धि, अपेक्षित नतिजा प्राप्तिको अवस्था तथा कार्यान्वयनमा देखिएका समस्या र सुधारका विषयमा समग्र विश्लेषण गरिनेछ। चौमासिक समीक्षामा निर्धारित अवधिको भौतिक तथा वित्तीय प्रगति, खर्चको अवस्था, कार्यान्वयनका अवरोध र आगामी अवधिमा सुधार गर्नुपर्ने विषयमा केन्द्रित समीक्षा गरिनेछ।<br>यस कार्यक्रमले तथ्यमा आधारित निर्णय, उत्तरदायित्व, पारदर्शिता, समन्वय र परिणाममुखी कार्यसम्पादन अभिवृद्धि गर्दै आगामी कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पृष्ठपोषण उपलब्ध गराउनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. स्वीकृत कार्यक्रम तथा बजेटको भौतिक र वित्तीय प्रगतिको समीक्षा गरी कार्यसम्पादनको अवस्था पहिचान गर्नु।<br>२. कार्यक्रम कार्यान्वयनका समस्या, चुनौती, ढिलाइ तथा कारण पहिचान गरी सुधारका उपाय तय गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. कार्यक्रम तथा प्रगति विवरण संकलन,<br>२. सम्बन्धित निकायबाट भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन पेश<br>३. सूचकका आधारमा प्रगति विश्लेषण,<br>४. वार्षिक/चौमासिक समीक्षा बैठक आयोजना,<br>५. समस्या तथा चुनौती माथि छलफल,<br>६. सुधारका उपाय तथा आगामी कार्ययोजना निर्धारण, | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधिअनुसार स्वीकृत खर्च गर्ने । कार्यक्रमपछि प्रगति समीक्षा सहितको प्रतिवेदन तयार गर्ने । | |

| | | |
|---|---|---|
| अपेक्षित उपलब्धी | १. कार्यक्रम तथा आयोजनाको भौतिक र वित्तीय प्रगतिको स्पष्ट अवस्था प्राप्त हुनेछ।<br>२. कार्यान्वयनमा रहेका समस्या तथा अवरोध पहिचान भई समाधानका उपाय तय हुनेछन्।<br>३. आगामी चौमासिक/आर्थिक वर्षका लागि सुधारात्मक कार्ययोजना तथा कार्यदिशा तयार हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, डिभिजन कार्यालय तथा मातहतका निकायसँगको समन्वयमा। | |
| अनुगमन सूचक | समीक्षा बैठकबाट पहिचान भएका समस्या र सुधारात्मक कार्ययोजना सहितको प्रतिवेदन। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |

## ३४. कार्यक्रम/ आयोजनाको नाम: प्रमाणमा आधारित योजना निर्माण क्षमता विकासका लागि IEMIS व्यवस्थापन तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४५९ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | ६०० | २समुह | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | शैक्षिक योजना तथा नीति निर्माणलाई प्रभावकारी, यथार्थपरक र परिणाममुखी बनाउन विश्वसनीय, अद्यावधिक र गुणस्तरीय शैक्षिक तथ्याङ्क आवश्यक हुन्छ। विद्यालय तथा स्थानीय तहमा विद्यार्थी, शिक्षक, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि, छात्रवृत्ति, विद्यालय सञ्चालन तथा अन्य शैक्षिक सूचनाको व्यवस्थित अभिलेखीकरण र व्यवस्थापनका लागि IEMIS महत्वपूर्ण सूचना व्यवस्थापन प्रणालीका रूपमा प्रयोग हुँदै आएको छ।IEMIS मा प्रविष्ट हुने तथ्याङ्कको शुद्धता, पूर्णता, समयबद्धता र विश्वसनीयता कमजोर भएमा त्यसका आधारमा तयार हुने शैक्षिक योजना, बजेट विनियोजन, स्रोत परिचालन तथा कार्यक्रम छनोटसमेत प्रभावकारी हुन नसक्ने भएकाले IEMIS व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकास आवश्यक हुन्छ।साथै IEMIS बाट प्राप्त तथ्याङ्कलाई समस्या पहिचान, आवश्यकता निर्धारण, प्राथमिकता छनोट, स्रोत विनियोजन, कार्यक्रम तर्जुमा तथा अनुगमन मा प्रयोग गरी प्रमाणमा आधारित शैक्षिक योजना निर्माण गर्ने क्षमता विकास गरिनेछ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. IEMIS मा शुद्ध, पूर्ण, विश्वसनीय तथा अद्यावधिक शैक्षिक तथ्याङ्क व्यवस्थापन गर्ने क्षमता विकास गर्नु।<br>२. IEMIS बाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी प्रमाणमा आधारित शैक्षिक योजना, बजेट तथा कार्यक्रम निर्माण गर्ने क्षमता अभिवृद्धि गर्नु।<br>३. विद्यालय तथा स्थानीय तहमा तथ्याङ्कको गुणस्तर, प्रयोग र निर्णय प्रक्रियाबीचको सम्बन्ध सुदृढ गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आवश्यकता पहिचान र लक्षित सहभागीछनोट,<br>२. तालिम सामग्री तयार,<br>३. IEMIS व्यवस्थापन सम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक सेसन सञ्चालन,<br>४. तथ्याङ्क प्रविष्टि, अद्यावधिक तथा प्रमाणीकरणको अभ्यास,<br>५. तथ्याङ्क विश्लेषण तथा रिपोर्टिङ,<br>६. तथ्याङ्कका आधारमा समस्या पहिचान तथा प्राथमिकता निर्धारण,<br>७. प्रमाणमा आधारित नमुना योजना निर्माण। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि अनुसार स्वीकृत खर्च गर्ने। कार्यक्रम पश्चात संक्षिप्त प्रतिवेदन तयार गर्ने। | |

| | | |
|---|---|---|
| अपेक्षित उपलब्धी | १. तथ्याङ्कमा आधारित समस्या पहिचान, प्राथमिकता निर्धारण र स्रोत विनियोजन थप प्रभावकारी हुनेछ।<br>२. शैक्षिक योजना तथा निर्णय प्रक्रियामा विश्वसनीय तथ्याङ्कको प्रयोग बढ्नेछ । | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | तालिममा सहभागी जनशक्तिको संख्यात्मक विवरण र फोटो । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय तथा शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ३५. कार्यक्रम/ आयोजनाको नामः प्राविधिक शिक्षा सञ्चालन गरेका विद्यालय र शिक्षालयका प्रधानाध्यापकहरुका लागि व्यवस्थापकीय र नवप्रर्तनीय क्षमता विकास तालिम

| खर्च शीर्षक | क्रियाकलाप | | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४६० | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | ६०० | २समुह | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) ले सीपयुक्त जनशक्ति उत्पादन, रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन र श्रम बजारको माग सम्बोधनमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। नेपालमा प्राविधिक शिक्षा सञ्चालनका क्रममा CTEVT अन्तर्गतका शिक्षालयहरू तथा CEHRD अन्तर्गत विद्यालय तहमा सञ्चालन हुने प्राविधिक धार/प्राविधिक शिक्षाका कार्यक्रमहरू आ–आफ्नै संस्थागत संरचना, व्यवस्थापन अभ्यास, पाठ्यक्रम कार्यान्वयन, प्रशिक्षक/शिक्षक व्यवस्थापन, प्रयोगशाला तथा कार्यशाला सञ्चालन, उद्योगसँगको सम्बन्ध, विद्यार्थीको व्यावहारिक अभ्यास र मूल्याङ्कन पद्धतिका आधारमा फरक अभ्यासमा रहेका छन्।यी फरक अभ्यासका कारण विद्यार्थीको सीप विकास, व्यावहारिक सिकाइ, परीक्षा तथा मूल्याङ्कन, OJT/Apprenticeship, रोजगारसँगको आबद्धता, संस्थागत व्यवस्थापन तथा कार्यक्रमको नतिजा मा समेत भिन्नता देखिन सक्छ। यस्तो अवस्थामा एक पक्षमा प्रभावकारी देखिएका अभ्यासलाई अर्को पक्षले आफ्नो आवश्यकता र सन्दर्भअनुसार अनुकरण तथा अनुशरण गर्न सकेमा प्राविधिक शिक्षाको समग्र गुणस्तर सुधार गर्न सकिने सम्भावना रहन्छ।<br>यस कार्यक्रमको मुख्य उद्देश्य CTEVT र CEHRD अन्तर्गतका प्राविधिक शिक्षा सञ्चालन गर्ने संस्थाबीच प्रतिस्पर्धाभन्दा सिकाइ र सहकार्यको वातावरण निर्माण गर्नु हो। कार्यक्रममार्फत दुवै पक्षका प्रधानाध्यापक/शिक्षालय प्रमुखले आफ्ना सफल अभ्यास, व्यवस्थापकीय चुनौती, समाधानका उपाय, विद्यार्थीको सिकाइ तथा सीप विकासका परिणाम, उद्योगसँगको सहकार्य, प्रयोगशाला/कार्यशाला व्यवस्थापन र रोजगारसँगको सम्बन्ध प्रस्तुत गर्नेछन्। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. CTEVT तथा CEHRD अन्तर्गतका प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालय/शिक्षालयबीच असल, अनुकरणीय तथा नवप्रवर्तनीय अभ्यासको आदान–प्रदान गर्नु।<br>२. दुवै प्रणालीका व्यवस्थापकीय, शैक्षिक, प्राविधिक तथा व्यावहारिक सिकाइका सफल अभ्यास र नतिजाबाट पारस्परिक सिकाइको अवसर सिर्जना गर्नु।<br>३. प्रयोगशाला/कार्यशाला व्यवस्थापन, OJT/Apprenticeship, उद्योग सहकार्य, प्रशिक्षक/शिक्षक व्यवस्थापन, विद्यार्थी सीप विकास तथा मूल्याङ्कनका प्रभावकारी अभ्यासलाई आवश्यकताअनुसार अनुकरण तथा अनुशरण गर्न सक्षम बनाउनु। | |

| | | |
|---|---|---|
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. सहभागी संस्था तथा विद्यालयको पहिचान<br>२. असल अभ्यास संकलन<br>३. संयुक्त अन्तरक्रिया तथा अभ्यास प्रस्तुतीकरण<br>४. अभ्यासगत भिन्नता तथा नतिजाको तुलनात्मक छलफल<br>५. अनुकरणीय अभ्यास छनोट र सुधार कार्ययोजना निर्माण<br>६. पारस्परिक मेन्टरिङ तथा सहकार्य । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि तथा मापदण्डअनुसार खर्च गर्ने । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. CTEVT तथा CEHRD अन्तर्गतका प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालय/शिक्षालयबीच पारस्परिक सिकाइ र सहकार्यको प्रणाली विकास हुनेछ।<br>२. दुवै पक्षका अनुकरणीय तथा अनुशरणीय अभ्यास पहिचान र दस्तावेजीकरण हुनेछन्।<br>३. प्रयोगशाला, OJT, उद्योग सहकार्य, शिक्षक/प्रशिक्षक व्यवस्थापन तथा विद्यार्थीको व्यावहारिक सिकाइमा प्रभावकारी अभ्यासको विस्तार हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | CTEVT र CEHRD अन्तर्गत सहभागी विद्यालय/शिक्षालयको संख्यात्मक विवरण र फोटो । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |

## ३६. कार्यक्रम/ आयोजनाको नाम: डिभिजन कार्यालयका प्राविधिक कर्मचारीका लागि सार्वजनिक खरिद सम्बन्धी क्षमता विकास तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४६१ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | २०० | ३समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | सामाजिक विकास मन्त्रालयअन्तर्गत जिल्लास्थित डिभिजन कार्यालयहरूले शैक्षिक संस्थाहरूमा आवश्यक भौतिक पूर्वाधार संरचना निर्माण, मर्मत, सुधार तथा स्तरोन्नतिसम्बन्धी कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। विद्यालय भवन, कक्षाकोठा, शौचालय, खानेपानी, कम्पाउण्डवाल, ट्रष्ट भवनलगायतका संरचना निर्माणमा विनियोजित सार्वजनिक स्रोतको प्रभावकारी उपयोग गरी गुणस्तरीय, सुरक्षित, दिगो तथा आवश्यकतामा आधारित पूर्वाधार निर्माण गर्नु डिभिजन कार्यालयको प्रमुख जिम्मेवारीसँग सम्बन्धित छ।यस्ता पूर्वाधार निर्माण कार्यको गुणस्तर, लागत, समय र पारदर्शिता ठूलो हदसम्म सार्वजनिक खरिदको योजना, डिजाइन, लागत अनुमान, खरिद विधिको छनोट, बोलपत्र आह्वान, मूल्याङ्कन, सम्झौता व्यवस्थापन, कार्यसम्पादन अनुगमन, भुक्तानी तथा फरफारक जस्ता प्रक्रियाको प्रभावकारी कार्यान्वयनमा निर्भर हुन्छ। सार्वजनिक खरिद ऐन तथा नियमावलीमा समयानुकूल भएका संशोधन, नयाँ व्यवस्था, खरिदका अभ्यास तथा विद्युतीय खरिद प्रणालीसम्बन्धी प्रावधानको व्यावहारिक ज्ञान प्राविधिक कर्मचारीका लागि अत्यन्त आवश्यक हुन्छ। | कैफियत |

| | | |
|---|---|---|
| कार्यक्रमको उद्देश्य | १. डिभिजन कार्यालयका प्राविधिक कर्मचारीलाई सार्वजनिक खरिदसम्बन्धी प्रचलित ऐन, नियमावली, कार्यविधि तथा नयाँ कानुनी व्यवस्थाबारे अद्यावधिक ज्ञान प्रदान गर्नु।<br>२. खरिद योजना, लागत अनुमान, स्पेसिफिकेसनदेखि बोलपत्र, सम्झौता तथा निर्माण कार्य व्यवस्थापनसम्मका व्यावहारिक क्षमता विकास गर्नु।<br>३. सार्वजनिक खरिद प्रक्रियामा देखिने त्रुटि, ढिलाइ, विवाद तथा जोखिम न्यूनीकरण गर्दै गुणस्तरीय, पारदर्शी, प्रतिस्पर्धी र लागत–प्रभावी शैक्षिक पूर्वाधार निर्माण गर्न सक्षम बनाउने। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आवश्यकता पहिचान र सहभागी प्राविधिक कर्मचारी छनोट,<br>२. प्रचलित कानुन तथा कार्यविधिको अध्ययन तथा तालिम सामग्री तयारी,<br>३. सैद्धान्तिक तथाव्यावहारिक सत्र सञ्चालन,<br>४. केस अध्ययन तथा समस्या समाधान,<br>५. नमुना खरिद/ठेक्का प्रक्रियाकोअभ्यास,<br>६. निर्माण गुणस्तर तथा अनुगमन सम्बन्धी अभ्यास,<br>७. तालिम पश्चात कार्यस्थलमा प्रयोग तथा अनुगमन। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि र मापदण्डअनुसार खर्च गर्ने। कार्यक्रम सम्पन्न भएपछि संक्षिप्त प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | १. प्राविधिक कर्मचारीमा सार्वजनिक खरिदसम्बन्धी कानुनी तथा व्यावहारिक क्षमता अभिवृद्धि हुनेछ।<br>२. खरिद तथा ठेक्का प्रक्रियामा हुने कानुनी/प्राविधिक त्रुटि र विवाद न्यूनीकरण हुनेछ।<br>३. लागत अनुमान, खरिद प्रक्रिया तथा ठेक्का व्यवस्थापनमा दक्षता र पारदर्शिता वृद्धि हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | तालिममा सहभागी प्राविधिक कर्मचारीको संख्यात्मक विवरण र फोटो। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |

## ३७. कार्यक्रम/ आयोजनाको नाम:शिक्षक मन्टरिङ् सम्बन्धी ५ दिने तालिम

| खर्च शीर्षक | क्रियाकलाप | | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४६२ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | ६०० | १समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकको विषयगत ज्ञानसँगै कक्षाकोठामा प्रभावकारी शिक्षण गर्ने व्यावहारिक क्षमता, पेशागत सीप, आत्मचिन्तन, सहकर्मी सिकाइ र निरन्तर पेशागत विकास महत्वपूर्ण हुन्छ। विशेषगरी नयाँ तथा अनुभवको प्रारम्भिक चरणमा रहेका शिक्षकलाई अनुभवी र सक्षम शिक्षकबाट नियमित पेशागत सहयोग, पृष्ठपोषण तथा मार्गदर्शन उपलब्ध गराउँदा शिक्षण अभ्यासमा सुधार ल्याउन सकिन्छ।यसै उद्देश्यले संघीय तहबाट शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८० को व्यवस्था गरिएको छ। कार्यविधिले शिक्षकलाई केवल परम्परागत तालिम प्रदान गर्नेभन्दा विद्यालयमै आधारित पेशागत सहयोग, सहजीकरण, अवलोकन, पृष्ठपोषण र निरन्तर सिकाइ मार्फत शिक्षकको क्षमता विकास गर्ने अवधारणालाई आधार प्रदान गर्दछ।यस कार्यक्रममार्फत मेन्टर शिक्षकलाई मेन्टी शिक्षकको आवश्यकता पहिचान गर्ने, विश्वासमा आधारित पेशागत सम्बन्ध विकास गर्ने, कक्षा अवलोकन गर्ने, शिक्षण अभ्यासको विश्लेषण गर्ने, | कैफियत |

| | | |
|---|---|---|
| | रचनात्मक पृष्ठपोषण प्रदान गर्ने, सुधार योजना निर्माणमा सहजीकरण गर्ने तथा निरन्तर अनुगमन गर्ने सम्बन्धी ज्ञान, सीप र व्यवहारगत क्षमता विकास गरिनेछ। | |
| कार्यक्रमको उद्देश्य | १. शिक्षक मेन्टरिङ कार्यविधिअनुसार मेन्टर शिक्षकको पेशागत तथा सहजीकरण क्षमता विकास गर्नु।<br>२. मेन्टर शिक्षकलाई मेन्टी शिक्षकको आवश्यकता पहिचान, कक्षा अवलोकन, पृष्ठपोषण तथा सुधार योजना निर्माण गर्न सक्षम बनाउनु।<br>३. शिक्षकबीच सहकर्मी सिकाइ, अनुभव आदान–प्रदान तथा निरन्तर पेशागत विकासको संस्कृति विकास गर्नु । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. कार्यविधि तथा आवश्यकता अध्ययन र लक्षित मेन्टर शिक्षक छनोट,<br>२. पूर्वक्षमता/आवश्यकता पहिचान,<br>३. ५दिने तालिमको प्याकेज/ विषयबस्तु तयारी र विज्ञहरुको छनोट<br>४. मेन्टरिङ अवधारणा तथा भूमिकाको अभिमुखीकरण<br>५. मेन्टी शिक्षकको आवश्यकता पहिचान अभ्यास<br>६. कक्षा अवलोकन तथा शिक्षण अभ्यास<br>७. पृष्ठपोषण दिने सीपको अभ्यास<br>८. मेन्टरिङ कार्ययोजना निर्माण<br>९. विद्यालयमा मेन्टरिङ कार्यान्वयन<br>१०. नियमित कक्षा अवलोकन/सहजीकरण<br>शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८० मर्म अनुरुप सञ्चालन गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि अनुसार खर्च  गर्ने। कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. सहभागी मेन्टर शिक्षकमा मेन्टरिङ तथा पेशागत सहजीकरणसम्बन्धी क्षमता विकास हुनेछ।<br>२. मेन्टरले मेन्टी शिक्षकको आवश्यकता पहिचान गरी कक्षा अवलोकन, परामर्श तथा रचनात्मक पृष्ठपोषण प्रदान गर्न सक्नेछन्।<br>३. विद्यालयमा सहकर्मी सिकाइ तथा पेशागत सहयोगको नियमित अभ्यास विकास हुनेछ । | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | तालिममा सहभागी मेन्टर शिक्षकको संख्यात्मक विवरण र फोटो । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, | |

### ३८. कार्यक्रम/ आयोजनाको नाम: शिक्षकका लागि शैक्षिक मुद्धाहरुमा आधारित अनलाईन अफलाइन तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४६३ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | १००० | आवश्यक | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | शिक्षा क्षेत्रमा पाठ्यक्रम, प्रविधि, शिक्षण विधि, मूल्याङ्कन प्रणाली, डिजिटल सिकाइ, कृत्रिम बौद्धिकता (AI), समावेशी शिक्षा, बालमैत्री शिक्षण, मानसिक स्वास्थ्य, जलवायु परिवर्तन, विपद् जोखिम, रोजगारीका बदलिँदा स्वरूपलगायतका क्षेत्रमा तीव्र परिवर्तन भइरहेको छ।AI तथा डिजिटल प्रविधिको प्रयोग, डिजिटल साक्षरता, नयाँ शिक्षण विधि, मूल्याङ्कन प्रणाली र शिक्षकको बदलिँदो भूमिका, समावेशी तथा बालमैत्री शिक्षा, सिकाइ उपलब्धिमा सुधार, विद्यार्थीको मानसिक तथा सामाजिक–भावनात्मक सहयोग, विद्यालय सुरक्षा र जलवायु परिवर्तन जस्ता विषयलाई समेट्न सकिन्छ।साथै भविष्यका सीप, रोजगारीसँग शिक्षाको सम्बन्ध, उद्यमशीलता, STEM शिक्षा, अनुसन्धानमा आधारित शिक्षण, नवप्रवर्तन र परिवर्तन व्यवस्थापन लाई प्राथमिकताका आधारमा समावेश गर्न सकिन्छ । यस्ता परिवर्तनसँग शिक्षकको ज्ञान, सीप, सोच र शिक्षण अभ्यासलाई समयानुकूल बनाउन निरन्तर पेशागत विकास आवश्यक हुन्छ।यसै सन्दर्भमा शिक्षकलाई परम्परागत विषयगत तालिममा मात्र सीमित नराखी समसामयिक शैक्षिक मुद्दाको पहिचान, त्यसको प्रभावको विश्लेषण तथा परिवर्तनलाई कक्षाकोठाको शिक्षण अभ्यासमा रूपान्तरण गर्ने क्षमता विकास गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।कार्यक्रमलाई संघीय तहबाट सञ्चालन हुने शिक्षकको अनलाइन तालिम/डिजिटल सिकाइ अभ्याससँग तालमेल हुने गरी विकास गरिनेछ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. शिक्षकलाई समसामयिक शैक्षिक मुद्दा तथा परिवर्तनबारे अद्यावधिक गराउनु।<br>२. बदलिँदो शैक्षिक परिवेशअनुसार शिक्षकको परिवर्तन व्यवस्थापन, अनुकूलन र नवप्रवर्तन क्षमता विकास गर्नु | |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. आवश्यकता र विषय पहिचानः संघीय तालिमसँग दोहोरोपन नहुने गरी प्रदेशका प्राथमिकता र स्थानीय आवश्यकताका समसामयिक विषय छनोट गर्ने।<br>२. डिजिटल सामग्रीको प्रयोग:संघीय तहबाट उपलब्ध आधिकारिक अनलाइन पाठ्यक्रम, भिडियो, अध्ययन सामग्री, प्रस्तुतीकरण तथा डिजिटल स्रोतलाई प्राथमिकता दिई शिक्षकलाई स्वअध्ययन तथा अनलाइन सिकाइमा सहभागी गराउने ।<br>३. अनलाइन सिकाइ चरण:शिक्षकले तोकिएको Learning Management System/अनलाइन प्लेटफर्ममार्फत सामग्री अध्ययन, भिडियो हेर्ने, क्विज/मूल्याङ्कन गर्ने, छलफलमा सहभागी हुन सहजीकरण गर्ने ।<br>४. अफलाइन सहजीकरण चरण:अनलाइनबाट प्राप्त ज्ञानलाई अफलाइनका माध्यमबाट समेत सम्पर्क कक्षा/कार्यशाला सञ्चालन गर्ने । यसमा समूहगत छलफल, केस अध्ययन, समस्या समाधान, अनुभव आदान–प्रदान तथा नमुना शिक्षण अभ्यास गराउने।<br>५. परिवर्तन व्यवस्थापन अभ्यास:प्रत्येक सहभागीले आफ्नो विद्यालयमा भइरहेको वा आउन लागेको शैक्षिक परिवर्तन पहिचान गरी परिवर्तनको आवश्यकता, सम्भावित प्रतिरोध, सरोकारवालाको भूमिका र व्यवस्थापनका उपाय समेटिएको संक्षिप्त कार्ययोजना तयार गर्ने।<br>६. विद्यालयमा प्रयोग:तालिमबाट सिकेका विषयलाई शिक्षकले आफ्नो कक्षाकोठा तथा विद्यालयमा प्रयोग गर्दै जने । सम्भव भएसम्म Peer Learning/Professional Learning Community मार्फत अनुभव आदान–प्रदान गर्ने।<br>७. अनलाइन फलोअप:तालिमपछि संघीय/प्रदेशीय अनलाइन प्लेटफर्ममार्फत शिक्षकको प्रगति, समस्या, अनुभव तथा अभ्यास आदान–प्रदान गर्ने । आवश्यकताअनुसार थप डिजिटल सामग्री, छोटो सिकाइ मोड्युल तथा विषयगत सहजीकरण उपलब्ध गराउने।<br>८. उपलब्धि मूल्याङ्कन:अनलाइन सहभागिता, असाइनमेन्ट, अफलाइन अभ्यास, कार्ययोजना र विद्यालयमा प्रयोगको अवस्थाका आधारमा शिक्षकको सिकाइ तथा कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि तथा मापदण्डअनुसार खर्च गर्ने । अफलाइन सम्पर्क कार्यक्रम संक्षिप्त प्रतिवेदन पेश गर्ने । | |

| | | |
|---|---|---|
| अपेक्षित उपलब्धी | १. शिक्षक समसामयिक शैक्षिक मुद्दा तथा परिवर्तनसँग अद्यावधिक हुनेछन्।<br>२. शिक्षकमा परिवर्तन व्यवस्थापन, अनुकूलन तथा नवप्रवर्तन क्षमता विकास हुनेछ।<br>३. डिजिटल तथा blended learning को प्रयोगमार्फत शिक्षकको स्वअध्ययन र निरन्तर पेशागत विकास बढ्नेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | अनलाइन तथा अफलाइन तालिममा सहभागी शिक्षकको संख्यात्मक विवरण र फोटो । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय तथा शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ३९. कार्यक्रम/ आयोजनाको नामः आधारभुत तह कक्षा(१-५) को आन्तरिक मुल्याङ्कन सम्बन्धी ५दिने तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.५०८ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | १००० | २समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि मूल्याङ्कनलाई केवल परीक्षा र प्राप्ताङ्कमा सीमित नगरी विद्यार्थीले के सिक्यो, कसरी सिक्यो र सिकाइमा कहाँ सुधार आवश्यक छ भन्ने पहिचान गर्ने निरन्तर प्रक्रियाका रूपमा प्रयोग गर्न आवश्यक हुन्छ। विशेषगरी आधारभूत तह (कक्षा १–५) मा बालबालिकाको उमेर, सिकाइको स्तर, रुचि, क्षमता तथा विविधतालाई ध्यानमा राखी निरन्तर तथा आन्तरिक मूल्याङ्कनलाई शिक्षण सिकाइसँग एकीकृत गर्नुपर्ने हुन्छ।यस कार्यक्रमअन्तर्गत कक्षा ५ को पाठ्यक्रममा समेटिएका विषय तथा विषयक्षेत्रअनुसार सिकाइ उपलब्धि/सक्षमता पहिचान गरी त्यससँग मिल्ने मूल्याङ्कनका साधन तथा विधि छनोट र प्रयोग गर्ने क्षमता शिक्षकमा विकास गरिनेछ। तालिममा नेपाली, अंग्रेजी, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, स्वास्थ्य/शारीरिक शिक्षा, सिर्जनात्मक तथा अन्य सम्बन्धित विषयक्षेत्रमा आवश्यकताअनुसार आन्तरिक मूल्याङ्कनका अभ्यास गराइनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. कक्षा १–५ को आन्तरिक मूल्याङ्कनको अवधारणा, प्रक्रिया र पाठ्यक्रमसँगको सम्बन्ध सम्बन्धी शिक्षकको क्षमता विकास गर्नु।<br>२. कक्षा ५ का विषय तथा विषयक्षेत्रका सिकाइ उपलब्धि/सक्षमताका आधारमा उपयुक्त मूल्याङ्कन साधन तथा विधि छनोट र प्रयोग गर्न सक्षम बनाउनु । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आवश्यकता पहिचान र सहभागी शिक्षकछनोट<br>२. कक्षा ५को पाठ्यक्रम तथा सिकाइ उपलब्धिको अध्ययन<br>३. सिकाइ उपलब्धि/ सक्षमता विश्लेषण<br>४. तालिमको प्याकेज/विषयवस्तुको तयारी<br>५. मूल्याङ्कन सूचक तथा साधन निर्माण<br>६. वास्तविक पाठ/एकाइमा आधारित अभ्यास<br>७. मूल्याङ्कन कार्यान्वयन तथा अभिलेखीकरणको अभ्यास<br>८. नमुना विद्यार्थी (सहभागी) कार्यको मूल्याङ्कन<br>९. पृष्ठपोषण तथा सुधारात्मक शिक्षणसँग जोड्ने अभ्यास<br>१०. विद्यालयगत कार्ययोजना निर्माण। | |

| | | |
|---|---|---|
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि अनुसार  स्वीकृत शीर्षकमा खर्च गर्ने । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. शिक्षकले कक्षा ५ को पाठ्यक्रमका सिकाइ उपलब्धि/सक्षमतासँग मिल्ने आन्तरिक मूल्याङ्कन सञ्चालन गर्न सक्नेछन्। <br> २. विषयक्षेत्रअनुसार उपयुक्त मूल्याङ्कन साधन निर्माण तथा प्रयोग गर्ने क्षमता विकास हुनेछ। <br> ३. विद्यार्थीको सिकाइ प्रमाणका आधारमा समयमै पृष्ठपोषण र सुधारात्मक शिक्षण गर्न सकिनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | सहभागी शिक्षक संख्या तथा निर्मित मुल्याङ्कन <br> साधनको अभिलेख र फोटो । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |

## ४०. कार्यक्रम/ आयोजनाको नामः सामुदायिक विद्यालयमा अध्ययनरत मुक्तकमैया कम्लहरी मुस्लिम र दलित समुदायका छात्राहरुलाई कक्षा ११ र१२माअध्ययनकालागि मासिक रु. १००० का दरले छात्रवृत्ति

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २७२११ | ७.२.२.१ | शैक्षिक विकास तथा  प्राविधिक शिक्षा कार्यक्रम (३५००००१४) | १५००० | १५००जना | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | सामुदायिक विद्यालयमा अध्ययनरत मुक्तकमैया, कम्लहरी, मुस्लिम तथा दलित समुदायका छात्राहरूलाई कक्षा ११ र १२ मा अध्ययन निरन्तरताका लागि मासिक रु. १,००० का दरले छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम हो। आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायका छात्राहरूको माध्यमिक तहको शिक्षामा पहुँच र निरन्तरता सुनिश्चित गर्नु यसको प्रमुख उद्देश्य हो। आर्थिक अभावका कारण कक्षा १० पछि हुने विद्यालय छाड्ने प्रवृत्ति न्यूनीकरण गर्न यस छात्रवृत्तिले प्रत्यक्ष आर्थिक सहयोग पुऱ्याउँछ। कार्यक्रमले शिक्षा प्राप्तिमा रहेको सामाजिक, आर्थिक, लैङ्गिक तथा सामुदायिक असमानता घटाउन लक्षित हस्तक्षेपको भूमिका निर्वाह गर्दछ। मुक्तकमैया, कम्लहरी, मुस्लिम तथा दलित समुदायका छात्राहरूलाई प्राथमिकता दिइनु सकारात्मक विभेद (affirmative action) मार्फत समान अवसर सुनिश्चित गर्ने महत्वपूर्ण अभ्यास हो। यसले सीमान्तकृत समुदायका छात्राहरूलाई मूलधारको शिक्षा प्रणालीमा समान रूपमा सहभागी गराई समावेशी शिक्षाको प्रवर्द्धन गर्दछ। छात्रवृत्तिबाट छात्राहरूको विद्यालयमा नियमितता, कक्षा ११–१२ पूरा गर्ने सम्भावना तथा उच्च शिक्षातर्फको संक्रमणमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिन्छ। दीर्घकालमा यस कार्यक्रमले लक्षित समुदायका छात्राहरूको शैक्षिक, सामाजिक तथा आर्थिक सशक्तीकरण गर्दै लैङ्गिक समानता र सामाजिक न्याय प्रवर्द्धनमा योगदान पुऱ्याउनेछ। यसरी कार्यक्रमले छात्रवृत्ति वितरण मात्र नभई समावेशी, समान अवसरयुक्त र न्यायपूर्ण शिक्षा प्रणाली निर्माणको आधार सुदृढ गर्ने अपेक्षा गरिएको छ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. मुक्तकमैया, कम्लहरी, मुस्लिम तथा दलित समुदायका छात्राहरूको कक्षा ११ र १२ को अध्ययनमा पहुँच, निरन्तरता र माध्यमिक शिक्षा पूरा गर्ने दर बढाउनु। <br> २. आर्थिक तथा सामाजिक असमानता न्यूनीकरण गर्दै लक्षित समुदायका छात्राहरूका लागि समान अवसर, सामाजिक समावेशिता, लैङ्गिक समानता र शैक्षिक सशक्तीकरण प्रवर्द्धन गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | छावत्र्त्ति व्यवस्थापन एकीकृत कार्यविधि (२०८३) अनुसारको कार्यप्रकृया अपनाउने | |

| | | |
|---|---|---|
| खर्च प्रक्रिया र प्रतिवेदन | छावत्रृत्ति व्यवस्थापन एकीकृत कार्यविधि (२०८३) अनुसारको कार्यप्रकृया अपनाउने | |
| अपेक्षित उपलब्धी | १. लक्षित समुदायका छात्राहरूको कक्षा ११ र १२ मा भर्ना, नियमित उपस्थिति र अध्ययन निरन्तरतामा बढने छ।<br>२. आर्थिक कारणले हुने छात्रा विद्यालय छाड्ने दर घट्नुका साथै माध्यमिक शिक्षा पूरा गर्ने दर, उच्च शिक्षामा प्रवेश र भविष्यमा रोजगारी तथा आत्मनिर्भरताका अवसर बढ्ने। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | लक्षित छात्राहरूको संख्या, छात्रवृत्ति प्राप्त गर्ने संख्यात्मक विवरण तथा अन्य अभिलेख। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |

**४१. कार्यक्रम/ आयोजनाको नाम: सामुदायिक विद्यालयमा कक्षा ११ र १२ माविज्ञान विषय अध्ययनरत छात्राहरुलाई छात्रवृत्ति**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक नं | बजेट | लक्ष्य | अवधि |
|---|---|---|---|---|---|
| २७२११ | ७.२.२.२ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम(३५०००१४) | २५००० | २५०० जना | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने छात्राहरूलाई अध्ययनमा प्रोत्साहन गर्ने उद्देश्यले प्रदेश सरकारको स्थापना कालदेखि निरन्तर सञ्चालन हुँदै आएको लक्षित छात्रवृत्ति कार्यक्रम हो। विज्ञान, प्रविधि, इन्जिनियरिङ तथा गणित (STEM) क्षेत्रमा आवश्यक जनशक्तिको माग बढ्दै गए पनि विद्यालय तहमा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थी, विशेषगरी छात्राहरूको सहभागिता अपेक्षाकृत न्यून रहँदै आएको सन्दर्भमा यस कार्यक्रमको महत्व रहेको छ। आर्थिक अवस्था, सामाजिक परिवेश, विज्ञान विषय अध्ययनको कठिनाइ तथा उच्च शिक्षा र रोजगारीका अवसरबारे पर्याप्त जानकारीको अभावका कारण छात्राहरूको विज्ञान शिक्षामा निरन्तरता प्रभावित हुन सक्ने अवस्थालाई छात्रवृत्तिले सम्बोधन गर्दछ।यस कार्यक्रमले छात्राहरूलाई विज्ञान विषय अध्ययनमा आकर्षित, उत्प्रेरित र निरन्तरता कायम गर्न सहयोग पुर्‍याउँदै भविष्यमा विज्ञान तथा प्रविधि क्षेत्रमा सक्षम जनशक्ति विकास गर्ने आधार तयार गर्दछ। छात्रवृत्तिले आर्थिक रूपमा कमजोर छात्राहरूलाई अध्ययन सामग्री, शैक्षिक खर्च तथा अन्य आवश्यकतामा सहयोग पुर्‍याई विज्ञान शिक्षामा समान अवसर सिर्जना गर्दछ। साथै, छात्राहरूको विज्ञान शिक्षामा सहभागिता बढाएर लैङ्गिक समानता, सामाजिक समावेशिता तथा महिला सशक्तीकरण प्रवर्द्धन गर्न सहयोग पुग्छ। प्रदेश स्थापना भएदेखि निरन्तर सञ्चालन हुँदै आएको यस कार्यक्रमलाई आगामी दिनमा विज्ञान शिक्षाको बदलिँदो आवश्यकता, STEM शिक्षा र प्रदेशको मानव पुँजी विकाससँग आबद्ध गर्दै थप प्रभावकारी बनाउन आवश्यक छ। दीर्घकालमा यस कार्यक्रमले विज्ञान तथा प्रविधि क्षेत्रमा महिला जनशक्तिको आधार विस्तार गरी प्रदेशको वैज्ञानिक, प्राविधिक र नवप्रवर्तनात्मक क्षमता विकासमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने छात्राहरूको सहभागिता, अध्ययन निरन्तरता र उच्च शिक्षामा विज्ञान तथा STEM विषयतर्फको प्रवेश बढाउनु<br>२. विज्ञान तथा प्रविधि क्षेत्रमा छात्राहरूको क्षमता र पहुँच अभिवृद्धि गर्दै भविष्यमा सक्षम, आत्मनिर्भर र लैङ्गिक रूपमा सन्तुलित जनशक्ति विकासमा योगदान पुर्‍याउनु। | |

| | | |
|---|---|---|
| कार्यक्रम सञ्चालन प्रक्रिया | छावत्रृत्ति व्यवस्थापन एकीकृत कार्यविधि (२०८३) अनुसार | |
| खर्च प्रक्रिया र प्रतिवेदन | छावत्रृत्ति व्यवस्थापन एकीकृत कार्यविधि (२०८३) अनुसार | |
| अपेक्षित उपलब्धी | १. छात्राहरूको कक्षा ११–१२ मा विज्ञान विषय अध्ययन गर्ने तथा अध्ययन निरन्तरता कायम गर्ने दरमा वृद्धि हुनेछ।<br>२. आर्थिक रूपमा कमजोर छात्राहरूलाई विज्ञान शिक्षा प्राप्त गर्न समान अवसर र आवश्यक प्रोत्साहन प्राप्त हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | छात्रवृत्तिका लागि छनोट भएका छात्राको संख्यात्मक विवरण र अन्य अभिलेख। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |

४२. **कार्यक्रम/ आयोजनाको नाम: प्राविधिक शिक्षा अध्ययनरत विपन्न दलित जनजाति खस आर्य समुदायका विद्यार्थीका लागि छात्रवृत्ति**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २७२११ | ७.२.६.४३ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५००००१४) | ३००० | ६०० जना | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममार्फत विपन्न तथा लक्षित समुदायका विद्यार्थीको शिक्षामा पहुँच, अध्ययन निरन्तरता, सीप विकास तथा रोजगारीका अवसर विस्तार गर्ने उद्देश्यले यो छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ। आर्थिक अवस्था कमजोर भएका दलित, जनजाति तथा खस आर्य समुदायका विद्यार्थीहरूलाई प्राविधिक शिक्षा अध्ययनका लागि आवश्यक आर्थिक सहयोग उपलब्ध गराई आर्थिक अभावका कारण अध्ययन छाड्नुपर्ने अवस्था न्यूनीकरण गरिनेछ। कार्यक्रमले परम्परागत शैक्षिक योग्यतासँगै व्यावहारिक सीप, प्राविधिक दक्षता र श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास गर्ने अवसर प्रदान गर्नेछ।प्राविधिक शिक्षामा पहुँच विस्तार गरी विद्यार्थीलाई रोजगार, स्वरोजगार तथा उद्यमशीलतातर्फ उन्मुख गराउनु कार्यक्रमको महत्वपूर्ण पक्ष हो। छात्रवृत्तिबाट विद्यार्थीले प्राविधिक शिक्षा पूरा गरी सीप परीक्षण, रोजगारी तथा आयआर्जनका अवसरमा सहभागी हुन सक्ने आधार तयार हुनेछ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. विपन्न दलित, जनजाति तथा खस आर्य समुदायका विद्यार्थीको प्राविधिक शिक्षामा पहुँच र अध्ययन निरन्तरता सुनिश्चित गर्दै सीपयुक्त जनशक्ति विकास गर्नु।<br>२. प्राविधिक सीपलाई रोजगारी, स्वरोजगारी तथा उद्यमशीलतासँग आबद्ध गरी विद्यार्थीको आर्थिक आत्मनिर्भरता र सामाजिक–आर्थिक सशक्तीकरणमा योगदान पुर्‍याउनु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | छावत्रृत्ति व्यवस्थापन एकीकृत कार्यविधि (२०८३) अनुसार | |

| | | |
|---|---|---|
| खर्च प्रक्रिया र प्रतिवेदन | छावत्रृत्ति व्यवस्थापन एकीकृत कार्यविधि (२०८३) अनुसार | |
| अपेक्षित उपलब्धी | १. लक्षित समुदायका विपन्न विद्यार्थीको प्राविधिक शिक्षामा पहुँच तथा अध्ययन निरन्तरतामा वृद्धि हुनेछ।<br>२. आर्थिक अभावका कारण प्राविधिक शिक्षा छाड्ने विद्यार्थीको संख्या घट्नेछ।<br>३. विद्यार्थीमा व्यावहारिक तथा रोजगारमुखी प्राविधिक सीप विकास हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | १. छात्रवृत्ति प्राप्त गर्ने लक्षित विद्यार्थीको संख्या तथा स्वीकृत छात्रवृत्ति वितरणको प्रतिशत ।<br>२. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नियमित उपस्थिति, अध्ययन निरन्तरता तथा प्राविधिक शिक्षा/तालिम पूरा गर्ने दर। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग | |

### ४३. कार्यक्रम/ आयोजनाको नामः प्रधानाध्यापकको नेतृत्व क्षमता विकास तालिम (१५+१५दिने)

| खर्च शीर्षक | क्रियाकलाप | बजेट तथा खर्च उपशीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | ७.२.६.४२५ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००११४) | १३८० | ३ समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | विद्यालय शिक्षाको गुणस्तर सुधार, प्रभावकारी विद्यालय व्यवस्थापन तथा विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धिमा प्रधानाध्यापकको शैक्षिक नेतृत्व, व्यवस्थापकीय क्षमता र परिवर्तन नेतृत्वको महत्वपूर्ण भूमिका हुन्छ। यसै सन्दर्भमा नेपाल सरकारबाट अवलम्बन गरिएको शिक्षक पेशागत विकास (TPD) मोडेलको अवधारणा तथा अभ्याससँग तालमेल हुने गरी प्रधानाध्यापकको नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।तालिमलाई १५ दिनको पहिलो चरण र १५ दिनको दोस्रो चरण गरी सिकाइ, प्रयोग र पुनःसिकाइमा आधारित बनाइनेछ। पहिलो चरणमा नेतृत्व, विद्यालय व्यवस्थापन, शैक्षिक योजना, शिक्षक परिचालन, सिकाइ उपलब्धि सुधार, तथ्यमा आधारित निर्णय तथा विद्यालय सुधारसम्बन्धी ज्ञान र सीप विकास गरिनेछ भने दोस्रो चरणमा विद्यालयमा सिकेका विषयको प्रयोग, अनुभव आदान–प्रदान, समस्या समाधान, नेतृत्व अभ्यास तथा सुधार कार्ययोजनामा केन्द्रित गरिनेछ। यसबाट तालिमलाई एकपटकको अभिमुखीकरण नभई तालिम–अभ्यास–पृष्ठपोषण–सुधारको निरन्तर प्रक्रियाका रूपमा विकास गरिनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. प्रधानाध्यापकको शैक्षिक, व्यवस्थापकीय, नेतृत्व तथा परिवर्तन व्यवस्थापनसम्बन्धी क्षमता विकास गरी प्रभावकारी विद्यालय नेतृत्वका लागि सक्षम बनाउनु।<br>२. प्रधानाध्यापकको नेतृत्वमार्फत विद्यालयको शिक्षण सिकाइ, शिक्षकको पेशागत विकास, विद्यालय सुधार योजना तथा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | संघ सरकारबाट स्वीकृत शिक्षक पेशागत विकास तालिम(TPD) मोडेलमा आधारित | |
| खर्च प्रक्रिया र प्रतिवेदन | संघ सरकारबाट स्वीकृत शिक्षक पेशागत विकास तालिम(TPD) मोडेलमा आधारित | |

| | | |
|---|---|---|
| अपेक्षित उपलब्धी | १. प्रधानाध्यापकमा शैक्षिक तथा व्यवस्थापकीय नेतृत्व क्षमता अभिवृद्धि हुनेछ।<br>२. विद्यालयको योजना, स्रोत व्यवस्थापन तथा निर्णय प्रक्रिया तथ्यमा आधारित र परिणाममुखी हुनेछ।<br>३. शिक्षकको पेशागत सहयोग, सहकार्य तथा कार्यसम्पादन सुधारमा प्रधानाध्यापकको भूमिका प्रभावकारी हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश शिक्षा तालिम केन्द्र | |
| अनुगमन सूचक | १५+१५ दिने तालिममा सहभागी प्रधानाध्यापकको संख्या, उपस्थिति तथा तालिम पूरा गर्ने लगायतका विवरण | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

### ४४. **कार्यक्रम/ आयोजनाको नामः आधारभुत तह कक्षा (१-५) को आन्तरिक मुल्याङ्कन सम्बन्धी ५दिने तालिम**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | ७.२.६.४२६ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम **(३५०००१४)** | २५०० | १० समुह | पहिलो दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि मूल्याङ्कनलाई केवल परीक्षा र प्राप्ताङ्कमा सीमित नगरी विद्यार्थीले के सिक्यो, कसरी सिक्यो र सिकाइमा कहाँ सुधार आवश्यक छ भन्ने पहिचान गर्ने निरन्तर प्रक्रियाका रूपमा प्रयोग गर्न आवश्यक हुन्छ। विशेषगरी आधारभूत तह (कक्षा १–५) मा बालबालिकाको उमेर, सिकाइको स्तर, रुचि, क्षमता तथा विविधतालाई ध्यानमा राखी निरन्तर तथा आन्तरिक मूल्याङ्कनलाई शिक्षण सिकाइसँग एकीकृत गर्नुपर्ने हुन्छ। यस कार्यक्रमअन्तर्गत कक्षा ५ को पाठ्यक्रममा समेटिएका विषय तथा विषयक्षेत्रअनुसार सिकाइ उपलब्धि/सक्षमता पहिचान गरी त्यससँग मिल्ने मूल्याङ्कनका साधन तथा विधि छनोट र प्रयोग गर्ने क्षमता शिक्षकमा विकास गरिनेछ। तालिममा नेपाली, अंग्रेजी, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, स्वास्थ्य/शारीरिक शिक्षा, सिर्जनात्मक तथा अन्य सम्बन्धित विषयक्षेत्रमा आवश्यकताअनुसार आन्तरिक मूल्याङ्कनका अभ्यास गराइनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. कक्षा १–५ को आन्तरिक मूल्याङ्कनको अवधारणा, प्रक्रिया र पाठ्यक्रमसँगको सम्बन्ध सम्बन्धी शिक्षकको क्षमता विकास गर्नु।<br>२. कक्षा ५ का विषय तथा विषयक्षेत्रका सिकाइ उपलब्धि/सक्षमताका आधारमा उपयुक्त मूल्याङ्कन साधन तथा विधि छनोट र प्रयोग गर्न सक्षम बनाउनु । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. पूर्वआवश्यकता पहिचान र सहभागी शिक्षक छनोट<br>२. कक्षा ५ को पाठ्यक्रम तथा सिकाइ उपलब्धिको अध्ययन<br>३. सिकाइ उपलब्धि/सक्षमता विश्लेषण<br>४. तालिमको प्याकेज/विषयवस्तुको तयारी<br>५. मूल्याङ्कन सूचक तथा साधन निर्माण<br>६. वास्तविक पाठ/एकाइमा आधारित अभ्यास<br>७. मूल्याङ्कन कार्यान्वयन तथा अभिलेखीकरणको अभ्यास<br>८. नमुना विद्यार्थी कार्यको मूल्याङ्कन | |

| | | |
|---|---|---|
| | ९. पृष्ठपोषण तथा सुधारात्मक शिक्षणसँग जोड्ने अभ्यास<br>१०. विद्यालयगत कार्ययोजना निर्माण। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि अनुसार स्वीकृत शीर्षकमा खर्च गर्ने । कार्यक्रम सम्पन्न भएपछि संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. विषयक्षेत्रअनुसार उपयुक्त मूल्याङ्कन साधन निर्माण तथा प्रयोग गर्ने क्षमता विकास भएको हुनेछ।<br>२. शिक्षकले कक्षा ५ को पाठ्यक्रमका सिकाइ उपलब्धि/सक्षमतासँग मिल्ने गरी विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्न सक्नेछन्। | |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश शिक्षा तालिम केन्द्र | |
| अनुगमन सूचक | शिक्षकद्वारा निर्मित आन्तरिक मुल्याङ्कनका साधनहरु तथा विधिहरुको विवरण, समुह कार्यका प्रतिवेदन । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ४५. कार्यक्रम/ आयोजनाको नामः आधारभुत तह (कक्षा १-५) का शिक्षकका लागि ५ दिने आधारभुत सिकाई क्षमता विकास तालिम (जिल्लास्तर)

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४५१ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५००००१४) | ४००(प्रति डिबिजन) | १समुह | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | आधारभूत तहको शिक्षा विद्यार्थीको भावी सिकाइको आधार निर्माण गर्ने महत्वपूर्ण चरण हो। यस तहमा विद्यार्थीले पढ्ने, लेख्ने, बुझ्ने, गणना गर्ने, समस्या समाधान गर्ने, सञ्चार गर्ने, तर्क गर्ने तथा सिक्न सिक्ने जस्ता आधारभूत क्षमता हासिल गर्नुपर्ने हुन्छ। तर आधारभूत तहका प्रारम्भिक कक्षामै अपेक्षित सिकाइ उपलब्धि हासिल हुन नसक्दा विद्यार्थी माथिल्ला कक्षामा प्रवेश गर्दा आधारभूत ज्ञान तथा सीपको कमी रहने र त्यसको प्रत्यक्ष प्रभाव उपल्लो कक्षा तथा तहको सिकाइ उपलब्धिमा पर्ने अवस्था देखिन्छ।यस सन्दर्भमा विद्यार्थीले जुन कक्षामा जुन सिकाइ उपलब्धि तथा सक्षमता हासिल गर्नुपर्ने हो, सोही कक्षामा हासिल गर्ने वातावरण निर्माण गर्नु कार्यक्रमको मुख्य केन्द्रबिन्दु हो। यसका लागि शिक्षकमा पाठ्यक्रम तथा सिकाइ उपलब्धिको गहिरो बुझाइ, बालबालिकाको सिकाइ अवस्था पहिचान गर्ने क्षमता, विद्यार्थीको स्तरअनुसार शिक्षण गर्ने सीप, आधारभूत पढाइ तथा गणितीय सीप विकास गर्ने क्षमता र सिकाइमा देखिएका कमजोरी तत्काल पहिचान गरी सुधार गर्ने दक्षता आवश्यक हुन्छ। यस कार्यक्रमले विशेषगरी पढाइ तथा बोध, लेखाइ, आधारभूत गणितीय ज्ञान तथा सीप, समस्या समाधान, मौखिक सञ्चार, तार्किक सोच, विद्यार्थीकेन्द्रित शिक्षण तथा निरन्तर मूल्याङ्कनलाई आधारभूत सिकाइका प्रमुख क्षेत्रका रूपमा लिनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. आधारभूत तह (कक्षा १–५) का शिक्षकमा विद्यार्थीको आधारभूत पढाइ, लेखाइ, गणितीय सीप, बोध, सञ्चार तथा समस्या समाधान सम्बन्धी सिकाइ उपलब्धि हासिल गराउने प्रभावकारी शिक्षण क्षमता विकास गर्नु।<br>२. शिक्षकलाई आफूले अध्यापन गर्ने कक्षामा निर्धारित सिकाइ उपलब्धि पहिचान, मापन र सुधार गर्दै सोही कक्षामा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन सक्षम बनाउनु। | |

| | | |
|---|---|---|
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आवश्यकता पहिचान तथा शिक्षक छनोट,<br>२. पाठ्यक्रम तथा सिकाइ उपलब्धि विश्लेषण,<br>३. आधारभूत सिकाइसम्बन्धी व्यावहारिक तालिम,<br>४. नमुना शिक्षण तथा अभ्यास,<br>५. सिकाइ अवस्था पहिचान तथा मूल्याङ्कन,<br>६. सुधारात्मक तथा उपचारात्मक शिक्षण,<br>७. वास्तविक कक्षाकोठा अभ्यास,<br>८. विद्यालयगत कार्ययोजना,<br>९. तालिमपश्चात फलोअप। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि तथा मापदण्डअनुसार स्वीकृत शीर्षकमा खर्च गर्ने । कार्यक्रम सम्पन्न भएपछि संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. शिक्षकमा कक्षा १–५ का आधारभूत सिकाइ उपलब्धि हासिल गराउने शिक्षण क्षमता विकास हुनेछ।<br>२. शिक्षकले विद्यार्थीको वास्तविक सिकाइ अवस्था पहिचान गरी स्तरअनुसार शिक्षण तथा आवश्यक सहयोग गर्न सक्नेछन्।<br>३. पढाइ, लेखाइ, बोध, गणितीय तथा सञ्चार सीप सम्बन्धी आधारभूत सिकाइमा सुधार आउनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालयहरु सबै | |
| अनुगमन सूचक | १. तालिममा सहभागी शिक्षकको संख्या र तालिम पूरा गर्ने प्रतिशत।<br>२. प्रत्येक शिक्षकले तयार गरेको कक्षागत सिकाइ सुधार कार्ययोजनाको संख्या। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ४६. **कार्यक्रम/ आयोजनाको नामः मेरो विद्यालय मेरो दायित्व**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४५२ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५००००१४) | २००(प्रति डिभिजन) | २ समुह | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | "मेरो विद्यालय मेरो दायित्व" सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर, पहुँच, सहभागिता, सान्दर्भिकता तथा विद्यालयप्रतिको सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्ने उद्देश्यले लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालयले कार्यविधि बनाई सञ्चालन गरेको अभियानमूलक कार्यक्रम हो। कार्यविधि प्रदेश सरकार विनियोजन ऐन, २०८१ को दफा १०(२) बमोजिम निर्माण गरी लागू गरिएको हो।कार्यक्रमले विद्यालयको सुधारको जिम्मेवारी केवल सरकार, विद्यालय वा शिक्षकमा सीमित नराखी पूर्वविद्यार्थी, अभिभावक, शिक्षाविद्, पेसाकर्मी, नागरिक समाज, सञ्चारकर्मी, राजनीतिज्ञ, कर्मचारी तथा अन्य इच्छुक व्यक्ति/संस्थालाई विद्यालयसँग जोड्ने अवधारणा लिएको छ। विशेषगरी आफूले अध्ययन गरेको विद्यालयप्रतिको अपनत्व र दायित्वबोध अभिवृद्धि गरी पूर्वविद्यार्थीको ज्ञान, सीप, अनुभव, सम्पर्क, प्रविधि तथा स्रोतलाई विद्यालय सुधारमा परिचालन गर्ने कार्यक्रमको महत्वपूर्ण पक्ष हो। | कैफियत |

| | | |
|---|---|---|
| कार्यक्रम को उद्देश्य | १. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा पूर्वविद्यार्थी तथा अन्य सरोकारवालाको ज्ञान, सीप, अनुभव, सम्पर्क र स्रोत परिचालन गरी विद्यालयप्रतिको स्वामित्व तथा दायित्वबोध अभिवृद्धि गर्नु।<br>२. विद्यालयको शैक्षिक, सामाजिक, भौतिक, प्रविधिक तथा विद्यार्थी विकाससम्बन्धी आवश्यकतामा सरोकारवालाको सहभागिता बढाई विद्यालय सुधारलाई सामाजिक अभियानका रूपमा विकास गर्नु | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | मेरो विद्यालय मेरो दायित्व कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ अनुसार कार्यान्वयन गर्ने | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट प्रचलित आर्थिक कार्यविधि, स्वीकृत कार्यक्रम तथा मापदण्डअनुसार खर्च गर्ने । | |
| अपेक्षित उपलब्धी | १. सामुदायिक विद्यालयप्रति पूर्वविद्यार्थी तथा सरोकारवालाको अपनत्व वृद्धि हुनेछ।<br>२. विद्यालय सुधारमा ज्ञान, सीप, अनुभव, प्रविधि तथा स्रोतको परिचालन बढ्नेछ।<br>३. विद्यालयको शैक्षिक तथा भौतिक आवश्यकतामा सामाजिक साझेदारी र सहयोग विस्तार हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालयहरु सबै | |
| अनुगमन सूचक | १. कार्यक्रममा आबद्ध भएका विद्यालय, पूर्वविद्यार्थी तथा अन्य सरोकारवालाको संख्या।<br>२. सरोकारवालाबाट प्राप्त ज्ञान, सीप, प्रविधि, आर्थिक तथा भौतिक सहयोगको संख्या/मूल्य र सहयोग प्राप्त गर्ने विद्यालयको संख्या। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ४७. **कार्यक्रम/ आयोजनाको नाम: शिक्षक विद्यार्थी प्रतिभा पहिचानका लागि प्रतियोगितात्मक कार्यक्रम (जिल्लास्तर)**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४४३ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५००००१४) | ३००(प्रति डिभिजन) | २ समुह | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | विद्यालय तहमा अध्ययनरत विद्यार्थी तथा अध्यापनरत शिक्षकहरूमा रहेका अन्तर्निहित प्रतिभा, सिर्जनशीलता, नवप्रवर्तन, ज्ञान, सीप, नेतृत्व क्षमता तथा विशिष्ट क्षमताको पहिचान गरी प्रोत्साहन गर्नु शैक्षिक विकासको महत्वपूर्ण पक्ष हो। विद्यालयमा नियमित पठनपाठनका क्रममा सबै प्रतिभा पहिचान हुन नसक्ने भएकाले विभिन्न विधाका प्रतियोगितामार्फत विद्यार्थी तथा शिक्षकको प्रतिभा उजागर गर्ने अवसर प्रदान गर्न आवश्यक हुन्छ।यस कार्यक्रमअन्तर्गत जिल्लास्तरबाट छनोट भएका विद्यार्थी तथा शिक्षकलाई प्रदेशस्तरमा सहभागी गराई विषयगत ज्ञान, सिर्जनात्मकता, वैज्ञानिक सोच, प्रविधि प्रयोग, कला, साहित्य, वक्तृत्व, नवप्रवर्तन, शिक्षण सीप तथा शैक्षिक नेतृत्व लगायतका क्षेत्रमा प्रतियोगिता सञ्चालन गरिनेछ। प्रतियोगिताबाट उत्कृष्ट प्रतिभाको पहिचान गरी सम्मान, पुरस्कार तथा थप क्षमता विकासका अवसर उपलब्ध गराइनेछ।कार्यक्रमले विद्यालय शिक्षामा प्रतिस्पर्धात्मक सिकाइ, सिर्जनशीलता, नवप्रवर्तन र उत्कृष्टताको संस्कृति विकास गर्नुका साथै पहिचान भएका प्रतिभालाई प्रदेश तथा राष्ट्रियस्तरका अवसरसँग जोड्ने आधार तयार गर्नेछ। | कैफियत |

| | | |
|---|---|---|
| कार्यक्रमको उद्देश्य | १. विद्यार्थी तथा शिक्षकमा रहेका अन्तर्निहित प्रतिभा, सिर्जनशीलता, ज्ञान, सीप तथा नवप्रवर्तन क्षमताको पहिचान गर्नु।<br>२. विद्यार्थी तथा शिक्षकलाई आफ्नो प्रतिभा प्रदर्शन गर्न प्रदेशस्तरीय अवसर र उपयुक्त मञ्च प्रदान गर्नु।<br>३. शिक्षण–सिकाइमा सिर्जनात्मकता, प्रतिस्पर्धात्मकता, वैज्ञानिक सोच र नवप्रवर्तनलाई प्रोत्साहन गर्नु । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. प्रतियोगिताका विधा तथा क्षेत्र निर्धारणः कार्यक्रम सञ्चालनपूर्व शिक्षा तथा सामाजिक विकास निर्देशनालयसँगको समन्वयमा विद्यार्थी र शिक्षकका लागि छुट्टाछुट्टै वा उपयुक्त विधामा प्रतियोगिताका क्षेत्र निर्धारण गर्ने ।<br>२. मापदण्ड तथा कार्यविधि तयार गर्नेः सम्बन्धित प्रतियोगिताको प्रकृति, सहभागीको योग्यता, विधा, मूल्याङ्कनका आधार, अंकभार, समय, पुरस्कार तथा प्रमाणपत्रसम्बन्धी स्पष्ट मापदण्ड तयार गर्ने ।<br>३. डिभिजनस्तरबाट प्रतिभा छनोटः प्रदेशस्तरीय प्रतियोगितामा सहभागी गराउन डिभिजनले उत्कृष्ट विद्यार्थी तथा शिक्षकलाई जिल्लास्तरमा छनोट गरी प्रदेशस्तरको प्रतियोगिताका लागि सिफारिस गर्ने ।<br>४. निर्णायक तथा मूल्याङ्कन समिति गठनःसम्बन्धित विषयका विज्ञ, अनुभवी शिक्षक, प्राध्यापक, कलाकार, प्राविधिक वा सम्बन्धित क्षेत्रका विशेषज्ञ सम्मिलित स्वतन्त्र निर्णायक/मूल्याङ्कन समिति गठन गर्ने । निर्णायकलाई पूर्वनिर्धारित मूल्याङ्कन मापदण्ड उपलब्ध गराउने।<br>५. जिल्लास्तर प्रतियोगिता सञ्चालनः विद्यार्थी तथा शिक्षकलाई डिभिजन कार्यालय अन्तगर्तका जिल्ला जिल्लामा प्रतियोगिता सञ्चालन गर्ने।<br>६. प्रतिभा तथा सिर्जना प्रदर्शनः प्रतियोगितामा सहभागीले विज्ञान, प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित आफ्ना सिर्जना, परियोजना, नवप्रवर्तन, शिक्षण अभ्यास वा प्रतिभालाई प्रस्तुत गर्ने अवसर उपलब्ध गराउने ।<br>७. मूल्याङ्कन तथा उत्कृष्ट प्रतिभा छनोटः निर्धारित मूल्याङ्कन मापदण्डका आधारिमा निर्णायक समितिले सहभागीको प्रदर्शन मूल्याङ्कन गरी उत्कृष्ट प्रतिभा छनोट गर्ने ।<br>८. पुरस्कार तथा सम्मानः उत्कृष्ट प्रतिभालाई प्रमाणपत्र, पुरस्कार तथा सम्मान प्रदान गर्ने। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, कार्यक्रम तथा प्रचलित आर्थिक कार्यविधि र मापदण्डअनुसार स्वीकृत क्षेत्रमा खर्च गर्ने ।<br>प्रतियोगिता सञ्चालन पश्चात संक्षिप्त प्रतिवेदन तयार गरी पेश गर्ने । | |
| अपेक्षित उपलब्धी | १. विद्यार्थी तथा शिक्षकमा रहेका विविध प्रतिभा र विशिष्ट क्षमताको पहिचान हुनेछ।<br>२. विद्यार्थीमा सिर्जनशीलता, नवप्रवर्तन, वैज्ञानिक सोच तथा प्रतिस्पर्धात्मक क्षमताको विकास हुनेछ।<br>३. शिक्षकमा नवीन शिक्षण विधि, सिर्जनशीलता र व्यावसायिक दक्षताको प्रदर्शन तथा विकास हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालयहरू | |
| अनुगमन सूचक | १. प्रतियोगितामा सहभागी विद्यार्थी तथा शिक्षकको संख्या, विधागत सहभागिता र भौगोलिक प्रतिनिधित्व।<br>२. उत्कृष्ट प्रतिभा पुरस्कार/सम्मान तथा सिर्जना वा नवप्रवर्तनको संख्या। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय तथा शिक्षा तालिम केन्द्र | |

## ४८. कार्यक्रम/ आयोजनाको नाम: सामुदायिक र संस्थागत विद्यालयका बीच असल अभ्यास आदान प्रदान कार्यक्रम (जिल्लास्तर)

| खर्च शीर्षक | क्रियाकलाप | | स्वीकृत बजेट | लक्ष्य | अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४४५ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | ३००(प्रति डिभिजन) | २ समुह | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि विद्यालयहरूले आफ्नै सन्दर्भमा विकास गरेका असल, प्रभावकारी तथा नवप्रवर्तनीय अभ्यासको पहिचान, आदान–प्रदान, अनुकरण र विस्तार महत्वपूर्ण हुन्छ। सामुदायिक तथा संस्थागत विद्यालयहरूले शिक्षण सिकाइ, विद्यालय व्यवस्थापन, विद्यार्थी मूल्याङ्कन, अभिभावक सहभागिता, ICT को प्रयोग, अतिरिक्त क्रियाकलाप, अनुशासन, नेतृत्व तथा स्रोत परिचालनका क्षेत्रमा फरक–फरक अनुभव र अभ्यास विकास गरेका छन्।यस कार्यक्रमले सामुदायिक र संस्थागत विद्यालयलाई प्रतिस्पर्धीका रूपमा मात्र नभई एकअर्काबाट सिक्ने र सिकाउने साझेदारका रूपमा जोड्नेछ। विशेषगरी कुनै विद्यालयमा प्रभावकारी रूपमा सञ्चालन भएको अभ्यासलाई अर्को विद्यालयले आफ्नो आवश्यकता र सन्दर्भअनुसार अनुकरण तथा अनुकूलन गरी विद्यालय सुधारमा प्रयोग गर्ने व्यवस्था गरिनेछ। यस कार्यक्रममा असल अभ्यास गरेका विद्यालय र सुधारको आवश्यकता भएका विद्यालयबीच प्रत्यक्ष अन्तरक्रिया, विद्यालय भ्रमण, अनुभव आदान–प्रदान, नमुना कक्षा अवलोकन, समस्या तथा समाधानको प्रस्तुतीकरण र सुधार कार्ययोजना निर्माण गरिनेछ। यसबाट सफल अभ्यास केवल एउटा विद्यालयमा सीमित नरही अन्य विद्यालयमा हस्तान्तरण र विस्तार हुने वातावरण निर्माण हुनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. सामुदायिक तथा संस्थागत विद्यालयमा विकसित प्रभावकारी तथा नवप्रवर्तनीय अभ्यासको पहिचान, आदान–प्रदान र अनुकरणमार्फत विद्यालयको शिक्षण सिकाइ तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु।<br>२. विद्यालयबीच सहकार्य र पारस्परिक सिकाइको वातावरण निर्माण गरी सफल अभ्यासलाई अन्य विद्यालयमा विस्तार गर्दै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. सिकाई उपलब्धी, नविनतम अभ्यास तथा नवप्रवर्तन क्षमताको आधारमा सहभागी विद्यालयको पहिचान गर्ने,<br>२. प्रतिनिधिमुलक तरिकाले कमजोर सिकाई उपलब्धी भएका विद्यालय समेतको सहभागिता गराउने,<br>३. डिभिजन कार्यालयले प्रत्येक जिल्ला स्तरमा यस कार्यक्रमको आयोजना गर्ने,<br>४. असल अभ्यासको प्रस्तुतीकरण सहित संयुक्त अन्तरक्रिया सञ्चालन गर्ने,<br>५. अभ्यासगत भिन्नता तथा नतिजाको तुलनात्मक छलफल गराउने,<br>६. अनुकरणीय अभ्यास छनोट गर्न लगाउने,<br>७. संस्थागत सुधार कार्ययोजना निर्माण गर्न लगाउने,<br>८. कार्यान्वयन तथा फलोअप । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि तथा स्वीकृत मापदण्डअनुसार स्वीकृत शीर्षकमा खर्च गर्ने । कार्यक्रम सम्पन्न भएपछि संक्षिप्त प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | १. सामुदायिक तथा संस्थागत विद्यालयका असल तथा नवप्रवर्तनीय अभ्यास पहिचान र अभिलेखीकरण हुनेछ ।<br>२. विद्यालयबीच पारस्परिक सिकाइ र सहकार्यको संस्कृति विकास हुनेछ।<br>३. सहभागी विद्यालयले कम्तीमा एक/एकवटा अनुकरणीय अभ्यास आफ्नो विद्यालयमा कार्यान्वयन गर्नेछन्। | |

| | | |
|---|---|---|
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालयहरु सबै | |
| अनुगमन सूचक | सहभागी सामुदायिक तथा संस्थागत विद्यालयको संख्यात्मक विवरण र अभिलेख । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

४९. **कार्यक्रम/ आयोजनाको नाम: योजना तथा कार्यक्रमको बारेमा सम्बन्धित स्थानीयतहलाई कार्यक्रम अभिमुखीकरण**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४४६ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००० १४) | २००(प्रति डिभिजन) | १ समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | सामाजिक विकास मन्त्रालय तथा मातहतका डिभिजन कार्यालयबाट स्थानीय तहमा कार्यान्वयन हुने विभिन्न शैक्षिक, महिला, बालबालिका, सामाजिक तथा भौतिक पूर्वाधारसम्बन्धी योजना, कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहसँग समयमै समन्वय र स्पष्ट जानकारी आवश्यक हुन्छ। यसै सन्दर्भमा डिभिजन कार्यालयलाई प्राप्त योजना, कार्यक्रम, बजेट, कार्यान्वयन हुने स्थान तथा कार्यक्रमको प्रकृतिबारे सम्बन्धित स्थानीय तहलाई पूर्व जानकारी गराउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रममा सम्बन्धित स्थानीय तहका शिक्षा शाखा प्रमुख, महिला/बालबालिका शाखा प्रमुख, इन्जिनियर, सब–इन्जिनियर तथा अन्य सम्बन्धित कर्मचारीको सहभागिता गराई कुन योजना/कार्यक्रम कहाँ र कसरी कार्यान्वयन हुँदैछ, अपेक्षित उपलब्धि के हो तथा स्थानीय तहले के–कस्तो समन्वय, सहजीकरण, प्राविधिक सहयोग, अनुगमन तथा दिगोपनाको भूमिका निर्वाह गर्न सक्छ भन्ने विषयमा अभिमुखीकरण गरिनेछ।यस कार्यक्रमले डिभिजन कार्यालय र स्थानीय तहबीच योजना तथा कार्यक्रमको दोहोरोपन न्यूनीकरण, कार्यान्वयनमा सहजीकरण, प्राविधिक समन्वय, स्वामित्व तथा जवाफदेहिता अभिवृद्धि गर्न सहयोग पुऱ्याउनेछ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. डिभिजन कार्यालयलाई प्राप्त योजना, कार्यक्रम, बजेट, कार्यान्वयन क्षेत्र र प्रक्रियाबारे सम्बन्धित स्थानीय तहलाई समयमै जानकारी गराई प्रभावकारी कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्नु।<br>२. योजना कार्यान्वयनमा स्थानीय तहको भूमिका, प्राविधिक सहयोग, अनुगमन, सहकार्य तथा दिगोपनासम्बन्धी जिम्मेवारी स्पष्ट गरी संघ/प्रदेश/स्थानीय तहबीच समन्वय सुदृढ गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. डिभिजन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका स्वीकृत योजना, कार्यक्रम, बजेट, कार्यान्वयन स्थल तथा समयतालिकाको विवरण तयार गर्ने।<br>२. जिल्लागत रूपमा जिल्ला समन्वय समितिका प्रतिनिधी, शिक्षा विकास तथा समन्वय एकाइका प्रतिनिधी, सम्बन्धित स्थानीय तहका शिक्षा, महिला/बालबालिका तथा प्राविधिक शाखाका प्रमुख/कर्मचारी सहभागिता सुनिश्चित गर्ने।<br>३. आवश्यकता र स्थानीय तहको संख्या हेरी जिल्लागत रूपमा छुट्टाछुट्टै वा संयुक्त रूपमा अभिमुखीकरण सञ्चालन गर्ने।<br>४. भौतिक पूर्वाधारसम्बन्धी कार्यक्रमका लागि इन्जिनियर/सब–इन्जिनियरको प्राविधिक भूमिका, लागत अनुमान, अनुगमन, गुणस्तर नियन्त्रण तथा समन्वयबारे स्पष्ट गर्ने।<br>५. शिक्षा तथा सामाजिक क्षेत्रका कार्यक्रमका लागि सम्बन्धित शाखाको लाभग्राही पहिचान, तथ्याङ्क, समन्वय, कार्यान्वयन तथा अनुगमनमा भूमिका स्पष्ट गर्ने।<br>६. प्रत्येक स्थानीय तहबाट कार्यान्वयनमा देखिन सक्ने समस्या, दोहोरोपना, आवश्यकता तथा स्थानीय सहयोगका क्षेत्रबारे सुझाव संकलन गर्ने। | |

| | | |
|---|---|---|
| | ७. अभिमुखीकरण पछि स्थानीय तहसँग निरन्तर समन्वय गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि र मापदण्डअनुसार स्वीकृत खर्च शीर्षकमा खर्च गर्ने। कार्यक्रम सम्पन्न भएपछि संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. स्थानीय तहलाई डिभिजन कार्यालयबाट कार्यान्वयन हुने योजना, कार्यक्रम, बजेट र कार्यक्षेत्रबारे स्पष्ट जानकारी हुनेछ।<br>२. प्रदेश र स्थानीय तहबीच योजना कार्यान्वयन तथा प्राविधिक समन्वय सुदृढ हुनेछ।<br>३. योजना तथा कार्यक्रमको दोहोरोपना र कार्यान्वयनमा हुने अन्योल न्यूनीकरण भई कार्यक्रम कार्यान्वयनमा सहजता हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालयहरु सबै | |
| अनुगमन सूचक | १. अभिमुखीकरणमा सहभागी स्थानीय तहको संख्या तथा सम्बन्धित शाखाका सहभागी कर्मचारीको संख्या।<br>२. स्थानीय तहलाई जानकारी गराइएका योजना/कार्यक्रम तथा बजेट विवरण । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ५०. कार्यक्रम/ आयोजनाको नामः आयोजना तथा कार्यक्रम सञ्चालन हुने विद्यालय तथा शैक्षिक संस्थाका लागि अभिमुखीकरण

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४४७ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | १००(प्रति डिभिजन) | १ पटक | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | सामाजिक विकास मन्त्रालय तथा मातहतका डिभिजन कार्यालयबाट विद्यालय तथा शैक्षिक संस्थामा सञ्चालन हुने भौतिक पूर्वाधार निर्माण, मर्मतसम्भार, शैक्षिक तथा अन्य विकाससम्बन्धी आयोजना तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित संस्थाका सरोकारवालालाई कार्यक्रमको उद्देश्य, प्रकृति, बजेट, कार्यान्वयन प्रक्रिया, जिम्मेवारी तथा अपेक्षित नतिजाबारे स्पष्ट जानकारी हुनु आवश्यक हुन्छ। यसै उद्देश्यले आयोजना तथा कार्यक्रम प्राप्त गर्ने विद्यालय तथा शैक्षिक संस्थाका लागि कार्यक्रमपूर्व अभिमुखीकरण सञ्चालन गरिनेछ।अभिमुखीकरणमा सम्बन्धित विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक/संस्थाका प्रमुख, शिक्षक तथा कर्मचारी, स्थानीय तहका सम्बन्धित प्रतिनिधि, प्राविधिक कर्मचारी तथा आयोजना कार्यान्वयनका लागि स्वीकृत ठेक्का व्यवसायी/निर्माण व्यवसायी समेतको सहभागिता गराइनेछ। यसबाट आयोजनाको उद्देश्य, लागत, डिजाइन/स्पेसिफिकेसन, कार्यतालिका, गुणस्तर, खरिद/ठेक्का प्रक्रिया, सम्बन्धित पक्षको भूमिका, अनुगमन तथा प्रतिवेदन प्रणालीबारे साझा बुझाइ कायम हुनेछ।विशेषगरी भौतिक पूर्वाधारसम्बन्धी आयोजनामा स्वीकृत डिजाइन, लागत अनुमान, सम्झौता, निर्माण सामग्रीको गुणस्तर, कार्यसम्पादन, समयसीमा, प्राविधिक मापदण्ड तथा निर्माणको अनुगमनका विषयमा विद्यालय/शैक्षिक संस्थालाई जानकारी गराइनेछ। यसबाट आयोजना कार्यान्वयनमा हुने अन्योल, गलत बुझाइ, ढिलाइ तथा गुणस्तरसम्बन्धी समस्या न्यूनीकरण गर्न सहयोग पुग्नेछ। | कैफियत |

| | | |
|---|---|---|
| कार्यक्रमको उद्देश्य | १. आयोजना तथा कार्यक्रमको उद्देश्य, बजेट, कार्यान्वयन प्रक्रिया, मापदण्ड, समयसीमा तथा सम्बन्धित पक्षको भूमिकाबारे शैक्षिक संस्थालाई जानकारी गराउनु।<br>२. शैक्षिक संस्था, स्थानीय तह, डिभिजन कार्यालय र निर्माण व्यवसायीबीच समन्वय, अपनत्व, पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गरी आयोजना समयमै, गुणस्तरीय र प्रभावकारी रूपमा सम्पन्न गर्नु । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. डिभिजन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका स्वीकृत योजना, कार्यक्रम, बजेट, कार्यान्वयन स्थल तथा समय तालिकाको विवरण तयार गर्ने।<br>२. जिल्लागत रूपमा सम्बन्धित आयोजना कार्यान्वयन हुने शैक्षिक संस्थाका प्रमुख/कर्मचारीको सहभागिता सुनिश्चित गर्ने।<br>३. आवश्यकता र शैक्षिक संस्थाको संख्या हेरी जिल्लागत रूपमा छुट्टाछुट्टै वा संयुक्त रूपमा अनलाइन वा भौतिक अभिमुखीकरण सञ्चालन गर्ने।<br>४. सम्बन्धित डिभिजनका प्राविधिक कर्मचारीद्वारा भौतिक पूर्वाधारसम्बन्धी कार्यक्रमका लागि छनोट भएका निर्माण व्यावसायी र सम्बन्धित शैक्षिक संस्थाका प्रतिनिधिलाई आयोजनाको विस्तृत जानकारी गराउने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि तथा स्वीकृत स्वीकृत खर्चमा खर्च गर्ने । कार्यक्रम सम्पन्न भएपछि संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. आयोजना प्राप्त गर्ने विद्यालय/शैक्षिक संस्थाका सरोकारवालालाई आयोजनाबारे स्पष्ट र साझा जानकारी हुनेछ।<br>२. विद्यालय, स्थानीय तह, डिभिजन कार्यालय, प्राविधिक तथा निर्माण व्यवसायीबीच समन्वय कायम हुनेछ।<br>३. विद्यालयको अपनत्व र सहभागिता वृद्धि भई आयोजना कार्यक्रममा तिव्रता प्राप्त हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालयहरु सबै | |
| अनुगमन सूचक | १. अभिमुखीकरणमा सहभागी विद्यालय/शैक्षिक संस्था, निर्माण व्यावसायी तथा प्राविधिक कर्मचारीहरुको संख्या र संलग्न कागजात विवरण | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ५१. कार्यक्रम/ आयोजनाको नामः सम्पन्न भौतिक पूर्वाधार आयोजनाहरुको सामाजिक परीक्षण कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४४८ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००१४) | १००(प्रति डिभिजन) | १ पटक | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | सामाजिक विकास मन्त्रालय तथा मातहतका डिभिजन कार्यालयबाट प्रत्येक आर्थिक वर्षमा विद्यालय तथा शैक्षिक संस्थाका लागि विभिन्न भौतिक पूर्वाधार निर्माण, पुनर्निर्माण, मर्मतसम्भार तथा संरचना विकाससम्बन्धी आयोजना सञ्चालन तथा सम्पन्न हुँदै आएका छन्। यस्ता सार्वजनिक लगानीबाट निर्माण भएका संरचनाको अवस्था, उपयोगिता, गुणस्तर, लाभग्राहीको सन्तुष्टि तथा आयोजनाको प्रभावबारे आमसरोकारवालालाई जानकारी गराउनु र उनीहरूको धारणा प्राप्त गर्नु आवश्यक हुन्छ।यसै सन्दर्भमा डिभिजन कार्यालयबाट वार्षिक रूपमा सम्पन्न भएका भौतिक पूर्वाधार आयोजनाको सार्वजनिक जानकारी, सामाजिक परीक्षण तथा सरोकारवाला संवादका रूपमा यो कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रममा सम्पन्न आयोजनाको उद्देश्य, लागत, कार्यान्वयन प्रक्रिया, निर्माण अवधि, प्रगति, गुणस्तर, प्राप्त उपलब्धि तथा हालको उपयोग अवस्थाबारे सम्बन्धित सरोकारवालालाई जानकारी गराइनेछ।कार्यक्रममा आयोजना सञ्चालन भएको विद्यालय/शैक्षिक संस्था, सम्बन्धित स्थानीय तह, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, विद्यार्थी, लाभग्राही समुदाय, निर्माण व्यवसायी, प्राविधिक कर्मचारी, सञ्चारकर्मी तथा सम्बन्धित सरकारी निकायका प्रतिनिधिहरूको सहभागिता सुनिश्चित गरिनेछ। सहभागीहरूलाई आयोजनासम्बन्धी प्रश्न, जिज्ञासा, सुझाव, गुनासा तथा सुधारका विषय राख्ने अवसर प्रदान गरिनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. डिभिजन कार्यालयबाट सम्पन्न भौतिक पूर्वाधार आयोजनाको लागत, कार्यसम्पादन, उपलब्धि, उपयोगिता तथा अवस्थाबारे आमसरोकारवालालाई जानकारी गराई पारदर्शिता र सामाजिक जवाफदेहिता अभिवृद्धि गर्नु।<br>२. सम्बन्धित सरोकारवालाबाट प्रश्न, जिज्ञासा, सुझाव तथा गुनासा संकलन गरी सम्पन्न आयोजनाको उपयोगिता, दिगोपना तथा आगामी पूर्वाधार आयोजनाको गुणस्तर सुधारमा उपयोग गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. सम्पन्न आयोजनाको विवरण तयारी<br>२. सामाजिक परीक्षणका लागि आयोजना छनोट<br>३. सरोकारवालाको पहिचान तथा सहभागिता<br>४. आयोजनासम्बन्धी जानकारी प्रस्तुति<br>५. सार्वजनिक संवाद<br>६. सुझाव तथा गुनासा अभिलेखीकरण<br>७. प्रतिवेदन तयारी र सम्बन्धित निकायमा पेश | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि तथा स्वीकृत मापदण्डअनुसार स्वीकृत शीर्षकमा खर्च गर्ने । कार्यक्रम सम्पन्न भएपछि सामाजिक परीक्षण प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. सम्पन्न भौतिक पूर्वाधार आयोजनाबारे आमसरोकारवालालाई तथ्यमा आधारित जानकारी प्राप्त हुनेछ।<br>२. सार्वजनिक लगानी भएका आयोजनामा पारदर्शिता र सामाजिक जवाफदेहिता बढ्नेछ।<br>३. लाभग्राही तथा सरोकारवालाको आयोजनाप्रतिको अपनत्व र स्वामित्व वृद्धि हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालयहरु सबै | |
| अनुगमन सूचक | सामाजिक परीक्षण गरिएका सम्पन्न भौतिक पूर्वाधार आयोजनाको संख्यात्मक विवरण, प्राप्त पृष्ठपोषण । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ५२. कार्यक्रम/ आयोजनाको नामः माध्यमिक तहका विद्यार्थीका लागि वृत्ति परामर्श र सिकाई अभिप्रेरणा कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४४९ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (३५०००००१४) | १००(प्रति डिभिजन) | आवश्यकता अनुसार | पहिलो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | माध्यमिक तह विद्यार्थीको शैक्षिक, व्यक्तिगत, सामाजिक तथा वृत्तिगत विकासका दृष्टिले महत्वपूर्ण संक्रमणकालीन तह हो। यस तहमा विद्यार्थीले आगामी उच्च शिक्षा, सीप विकास, रोजगारी, स्वरोजगार तथा पेशागत जीवनका सम्बन्धमा महत्वपूर्ण निर्णय लिनुपर्ने भएकाले आफ्नो रुचि, क्षमता, योग्यता र सम्भावित अवसरबारे समयमै सही जानकारी प्राप्त गर्नु आवश्यक हुन्छ।वर्तमानमा विज्ञान तथा प्रविधिको विकास, कृत्रिम बुद्धिमत्ता, डिजिटल अर्थतन्त्र, हरित अर्थतन्त्र, उद्यमशीलता, स्वास्थ्य, इन्जिनियरिङ, सूचना प्रविधि, पर्यटन, सिर्जनात्मक उद्योगलगायतका क्षेत्रमा नयाँ–नयाँ पेशा तथा रोजगारीका अवसरहरू विकसित भइरहेका छन्। आगामी दिनमा परम्परागत पेशाका स्वरूपमा समेत परिवर्तन आउन सक्ने भएकाले विद्यार्थीलाई वर्तमान तथा भविष्यमा उपलब्ध हुन सक्ने अध्ययन, सीप, पेशा र रोजगारीका अवसरबारे जानकारी गराउनु कार्यक्रमको महत्वपूर्ण पक्ष हुनेछ।अर्कोतर्फ, विद्यार्थीमा सिकाइप्रतिको रुचि, आत्मविश्वास तथा भविष्यप्रतिको स्पष्ट दृष्टिकोण कमजोर हुँदा विद्यालयमा प्राप्त ज्ञान तथा सीपलाई आफ्नो व्यक्तिगत विकास र भविष्यको जीवनसँग जोड्न कठिनाइ हुने गरेको पाइन्छ। त्यसैले वृत्ति परामर्शसँगै सिकाइको उपयोगिता, लक्ष्य निर्धारण, आत्मविश्वास, सकारात्मक सोच, निरन्तर सिकाइ तथा व्यक्तिगत जिम्मेवारी सम्बन्धी अभिप्रेरणात्मक गतिविधि सञ्चालन गरिनेछ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. माध्यमिक तहका विद्यार्थीलाई वर्तमान तथा भविष्यमा उपलब्ध हुन सक्ने अध्ययन, सीप, पेशा, रोजगारी तथा उद्यमशीलताका अवसरबारे जानकारी गराई आफ्नो रुचि, क्षमता र सम्भावनाअनुसार वृत्ति तथा शैक्षिक मार्ग छनोट गर्न सक्षम बनाउनु।<br>२. विद्यार्थीमा सिकाइप्रतिको सकारात्मक अभिप्रेरणा, आत्मविश्वास, लक्ष्य निर्धारण तथा भविष्यप्रतिको स्पष्ट दृष्टिकोण विकास गरी विद्यालयमा प्राप्त ज्ञान तथा सीपलाई जीवन र वृत्तिसँग जोड्ने क्षमता अभिवृद्धि गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. विद्यालय तथा विद्यार्थी छनोट<br>२. विद्यार्थीको आवश्यकता पहिचान<br>३. वृत्ति परामर्श सेवा केन्द्रसँग समन्वय<br>४. वृत्ति तथा पेशा सम्बन्धी जानकारी<br>५. विज्ञ तथा अनुभव प्राप्त व्यक्तिसँग अन्तरक्रिया<br>६. सिकाइ अभिप्रेरणा सत्र<br>७. अनुसन्धान तथा अनुभवमा आधारित प्रस्तुतीकरण<br>८. व्यक्तिगत वृत्ति योजना<br>९. प्रश्नोत्तर तथा परामर्श | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि तथा मापदण्डअनुसार स्वीकृत खर्च शीर्षकमा खर्च गर्ने। कार्यक्रम सम्पन्न भएपछि समेटी प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | १. विद्यार्थीले वर्तमान तथा भविष्यका विभिन्न अध्ययन, सीप, पेशा र रोजगारीका अवसरबारे जानकारी प्राप्त गर्नेछन्।<br>२. विद्यार्थीमा सिकाइप्रतिको सकारात्मक दृष्टिकोण, आत्मविश्वास र लक्ष्य निर्धारण गर्ने क्षमता विकास हुनेछ। | |

| | | |
|---|---|---|
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालयहरु सबै | |
| अनुगमन सूचक | १. कार्यक्रममा सहभागी विद्यार्थी र विद्यालयको संख्यात्मक विवरण। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ५३. कार्यक्रमको नामः- स्थानीय तहका महिला जनप्रतिनिधिहरुसँगको अन्तरक्रिया कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४८६ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५०००१५) | ६०० | २ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनले स्थानीय तहलाई स्थानीय स्तरमा विकास, सेवा प्रवाह, सामाजिक न्याय तथा समावेशी शासनसम्बन्धी महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, सीमान्तकृत तथा अन्य लक्षित वर्गको अधिकार संरक्षण, प्रवर्द्धन र मूलप्रवाहीकरणमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ। स्थानीय तहमा महिला जनप्रतिनिधिहरूको सहभागिता बढेसँगै उनीहरूको नेतृत्व क्षमता, नीतिगत ज्ञान, निर्णय प्रक्रियामा प्रभावकारी सहभागिता तथा लक्षित वर्गका सवाललाई सम्बोधन गर्न आवश्यक देखिन्छ। नेपालको संविधान तथा राज्यका नीति र अन्तर्राष्ट्रिय स्तरमा नेपाललेगरेका प्रतिबद्धताको पालनाएवं लुम्बिनी प्रदेश सरकारले बनाएको नीति, योजना तथा कार्यक्रमका विषयमा महिला जनप्रतिनिधीलाई थप सुसूचित तथा संवेदनशील बनाउदै महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका सवालहरुलाई स्थानीयकरण गर्दै स्थानीय तहको स्वामित्व र नेतृत्वमा नीति संरचना र कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने गराउने ध्येयका साथ यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक सम्बन्धी सवालहरुलाई सम्बोधन गर्ने गरी स्थनीय नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न गराउन सहजीकरण गर्ने,<br>२. महिला जनप्रतिनिधिहरूबीच अनुभव ज्ञान तथा अभ्यास आदन प्रदान एवम् भोगेका समस्या, चुनौती तथा समाधानका उपाय पहिचान गर्ने। |
| कार्यान्वयन प्रकृया | १. कार्यक्रमको प्रस्तावना तयार गरी स्वीकृत गर्ने,<br>२. आवश्यकता अनुसार सहभागिताका लागि स्थानीय तहमा पत्राचार गर्ने,<br>३. कार्यक्रमको ढाँचा, विषयवस्तु सहित कार्यतालिका निर्धारण गर्ने,<br>४. कार्यक्रम सञ्चालन र प्रतिवेदन तयार गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| अपेक्षित उपलब्धी | स्थानीय महिला जनप्रतिनिधिको नेतृत्व विकास भई लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा उत्तरदायी स्थानीय शासन प्रणालीमा टेवा पुग्ने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागीको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, सम्बद्ध मन्त्रालय, प्रदेश योजना आयोग |

## ५४. कार्यक्रमको नामः-स्थानीय तहका महिला बालबालिका शाखाका कर्मचारीहरुको लागि TOT तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४८७ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५०००१५) | १००० | ४ | दोस्रो, तेस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिला अधिकारसम्बन्धी नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहमा कार्यरत महिला तथा लैङ्गिक क्षेत्र हेर्ने कर्मचारीहरूको क्षमता विकास गर्न आवश्यक देखिन्छ । स्थानीय तहबाट सञ्चालन हुने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमलाई प्रभावकारी, परिणाममुखी र दिगो बनाउन सम्बन्धित कर्मचारीमा विषयगत ज्ञान, प्रशिक्षण सीपतथा क्षमता आवश्यक हुन्छ । त्यसैले स्थानीय तहका सम्बन्धित विषय हेर्ने कर्मचारीहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,लैङ्गिक उत्तरदायी योजना तथा बजेट, लैङ्गिक लेखापरिक्षण महिला,घटनाव्यवस्थापन लगायत कार्यक्षेत्रसंग सम्बन्धित कुनै विषयमा प्रशिक्षक प्रशिक्षण (TOT) प्रदान गरी प्राप्त ज्ञान तथा सीपलाई स्थानीय तहमा विस्तार गर्दै समग्र प्रदेशलाई लैङ्गिकमैत्री प्रदेश वनाउन र अन्तरतह समन्वयलाई प्रभावकारी बनाउन यो कार्यक्रम तर्जुमा गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | १. कर्मचारीलाई कार्यक्षेत्रसंग सम्बन्धित विषयमा TOT दिई प्रशिक्षक तयार गरी प्राप्त ज्ञान सीप र क्षमताको स्थानीयकरण गर्ने,<br>२. लैङ्गिक समानता, बालअधिकार, महिला तथा सामाजिक समावेशीकरण, लैङ्गिक उत्तरदायी बजेट (GRB) लगायतका विषयमा दक्षता अभिवृद्धि गर्ने । |
| कार्यान्वयन प्रकृया | १. प्रस्तावना तयार गरी स्वीकृत गर्ने,<br>२. कार्यक्रमको ढाँचा, विषयवस्तु सहित कार्यतालिका निर्धारण गर्ने,<br>३. आवश्यकता अनुसार स्थानीय तहमा पत्राचार गर्ने,<br>४. कार्यक्रमको प्रतिवेदन तयार गर्ने । |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने । |
| अपेक्षित उपलब्धी | कर्मचारीको क्षमता अभिवृद्धि भई कार्यसम्पादनमा प्रभावकारीता वृद्धि भएको हुने । |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागीको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग |

## ५५. कार्यक्रमको नामः-लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुसँगको अन्तरक्रिया कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४८९ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५०००१५) | ३०० | १ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | नेपालको संविधानले सबै नागरिकलाई समानताको हक प्रदान गर्दै लैङ्गिक तथा यौनिक पहिचानका आधारमा हुने विभेदलाई निषेध गरेको छ। तथापि लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले सामाजिक विभेद, हिंसा, बहिष्करण तथा सेवा र अवसरमा असमान पहुँचलगायतका समस्या भोग्नु परिरहेको अवस्था छ। राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी प्रदेशमा लैङ्गिक तथा यौनिक |

| | |
|---|---|
| | अल्पसंख्यकको जनसंख्या ४३२ जना रहेको देखिन्छ। यस समुदायको पहिचान, अधिकारको संरक्षण, सामाजिक स्वीकार्यता अभिवृद्धि तथा राज्यबाट उपलब्ध सेवा, सुविधा र अवसरमा समान पहुँच सुनिश्चित गर्न सम्बन्धित सरोकारवालाबीच निरन्तर संवाद आवश्यक हुन्छ। यसै सन्दर्भमा लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा रहेका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरु तथा यस क्षेत्रमा कार्यरत संस्थाहरु तथा अन्य सरोकारवाला समेतको प्रतिनिधीमूलक सहभागिता हुनेगरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका समस्या,आवश्यकता तथा सवालको पहिचान गरी नीति, योजना तथा कार्यक्रम निर्माणमा समेट्न तथा सामाजिक विभेद न्यूनीकरण गर्न सरोकारवालाबीच अन्तरक्रिया गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले भोग्नु परेका समस्या, चुनौती र आवश्यकताबारे जानकारी प्राप्त गर्ने,<br>२. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको सवाललाई नीतिकार्यक्रम मार्फत सम्बोधन गर्ने। |
| कार्यान्वयन प्रकृया | १. सम्बद्ध संघसंस्थासंगको समन्वयमा प्रदेशका सबै जिल्लामा रहेका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्ति तथा सरोकारवाला समेतको प्रतिनिधिमूलक सहभागिता हुने गरी कार्यक्रम संचालन गर्ने,<br>२. कार्यक्रमको सञ्चालनको ढाँचा, विषयवस्तु तथा कार्यतालिका निर्धारण गर्ने,<br>३. कार्यक्रम कार्यान्वयन र प्रतिवेदन तयार गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| अपेक्षित उपलब्धी | १. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका समस्या,आवश्यकता तथा सवालको पहिचान भएको हुने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागीको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग |

### ५६. <u>कार्यक्रमको नाम:-GRB र लैङ्गिक उत्तरदायी योजना सम्बन्धी अभिमुखीकरण</u>

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४९० | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५००००१५) | ३०० | २ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | लैङ्गिक समानता हासिल गर्न विकास नीति, योजना, बजेट तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा महिला तथा पुरुषको फरक आवश्यकता, भूमिका, पहुँच र लाभलाई सम्बोधन गर्न आवश्यक हुन्छ। लुम्बिनी प्रदेशको चालु आ.व. २०८३।०८४ कुल बजेटको ४.१७ प्रतिशत प्रत्यक्ष र २५.१२ प्रतिशत अप्रत्यक्ष लाभ पुग्नेगरी लैङ्गिक संकेतका आधारमा बजेट विनियोजन भएको देखिन्छ। लैङ्गिक उत्तरदायी योजना तथा बजेट प्रणालीले विकास प्रक्रियामा महिला तथा पछाडि पारिएका लिङ्गको समान सहभागिता र लाभ सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्दछ। प्रदेश तथा स्थानीय तहमा लैङ्गिक उत्तरदायी योजना, बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीको विषयगत क्षमता अभिवृद्धि गर्न आवश्यक भएकाले लैङ्गिक उत्तरदायी योजना तथा बजेट (GRB) सम्बन्धी अवधारणा, प्रक्रिया, उपकरण र कार्यान्वयनका विषयमा अभिमुखीकरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. योजना तथा बजेट प्रक्रियामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्न क्षमता अभिवृद्धि गर्ने, |

| | |
|---|---|
| | २. लैङ्गिक उत्तरदायी योजना, बजेट तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई प्रभावकारी बनाउने । |
| कार्यान्वयन प्रकृया | १. कार्यक्रमको प्रस्तावना तयार गर्ने,<br>२. प्रदेश मन्त्रालय र अन्तरगतका निकायहरुको योजना महाशाखा/शाखाका कर्मचारीहरु र लैङ्गिक सम्पर्क व्यक्तिको सहभागिता रहने गरी १ दिने अभिमुखिकरण तथा छलफल कार्यक्रमको तयारी गर्ने,<br>३. कार्यक्रमको ढाँचा, विषयवस्तु सहित कार्यतालिका निर्धारण गर्ने,<br>४. कार्यक्रम सञ्चालन र प्रतिवेदन तयार गर्ने । |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने । |
| अपेक्षित उपलब्धी | १. सबै विषयगत मन्त्रालय तथा निकायमा लैङ्गिक संवेदनशील नीति योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन भएको हुने,<br>२. आगामी आर्थिक वर्षको वजेटमा लैङ्गिक उत्तरदायी वजेटको हिस्सा वढेको हुने । |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागीको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग |

**५७. कार्यक्रमको नाम:-महिलाहरुका लागि सीपमूलक तालिम (सीप परिक्षण समेत)**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४९१ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५०००१५) | ७०० प्रति जिल्ला | १२ | पहिलो, दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | महिलाको आर्थिक सशक्तीकरण, रोजगारी तथा स्वरोजगारीका अवसर विस्तार गर्ने उनीहरूको क्षमता, रुचि र बजारको मागअनुसार व्यावसायिक तथा प्राविधिक सीप विकास गर्न आवश्यक हुन्छ। सीपको अभाव, रोजगारीको सीमित अवसर तथा उत्पादनलाई बजारसँग जोड्न नसक्दा धेरै महिला आर्थिक रूपमा परनिर्भर रहनुपर्ने अवस्था रहेको छ। महिलालाई आयआर्जनका क्षेत्रमा संलग्न गराई आत्मनिर्भर बनाउन बजारमा माग भएका विभिन्न व्यवसाय तथा पेशासम्बन्धी सीप प्रदानगरी CTEVT जस्ता आधिकारिक संस्था मार्फत सीपको परीक्षण तथा प्रमाणीकरण गरी रोजगारी र स्वरोजगारीका अवसरमा पहुँच बढाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ । |
| कार्यक्रमको उद्देश्य | १. महिलाहरूलाई सीपमूलक तालिम तथा उद्यमशीलता विकास सम्बन्धी तालिम प्रदान गरी आयआर्जनका अवसरमा पहुँच पुर्‍याउने,<br>२. सीप परीक्षण तथा प्रमाणीकरण गरी रोजगारी र स्वरोजगारिका अवसर विस्तर गर्ने । |
| कार्यान्वयन प्रकृया | १. तालिमको सम्भाव्यता अध्ययन गर्ने,<br>२. तालिमको आवश्यकता पहिचान र सहभागी छनौट, (प्रति तालिम २०-२५ जना),<br>३. CTEVT/घरेलु तथा साना उद्योग कार्यालय/सेवा केन्द्रसंगको समन्वयमा तालिमको प्याकेज (कार्यतालिका, विषयवस्तु, स्रोतव्यक्ति) निर्धारण गर्ने,<br>४. CTEVT को समन्वयमा सीप परिक्षण र प्रमाणीकरण गर्ने,<br>५. तालिम पश्चात उद्यम सञ्चालनको अवस्था बारे अनुगमन र मूल्याङ्कन गर्ने । |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९, सार्वजनिक खरिद |

| | |
|---|---|
| | सम्बन्धी कानून, सीप विकास तालिमको मापदण्ड तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने । |
| अपेक्षित उपलब्धी | १. आवश्यकताका आधारमा प्रदेश भित्रका महिलाहरुले ३९० घण्टा (३ महिने) तालिम प्राप्त गरी सीप परिक्षण तथा प्रमाणीकरण भएको हुने,<br>२. महिला उद्यमशिलता प्रर्वद्धन भएको हुने । |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागीको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय |

### ५८. कार्यक्रमको नामः-महिलाहरुका लागि एड्भान्स सीपमूलक तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४९२ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५०००० १५) | ४०० प्रति डिभिजन | ६ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | महिलाको आर्थिक सशक्तीकरणका लागि आधारभूत सीपसँगै उन्नत तथा बजारमुखी सीपको विकास आवश्यक हुन्छ। आधारभूत सीप हासिल गरेका र उद्यम व्यवसायमा जोडिएका महिलालाई थप दक्ष बनाई प्रतिस्पर्धात्मक बजारमा प्रवेश गर्न, व्यवसाय विस्तार गर्न तथा आयआर्जन वृद्धि गर्न उन्नत प्रविधि, व्यवसाय सञ्चालन, उत्पादनको गुणस्तर, बजारीकरण तथा उद्यम व्यवस्थापनसम्बन्धी ज्ञान र सीप प्रदान गर्न आवश्यक भएकाले एडभान्स सीपमूलक तालिम सञ्चालन गरिनेछ । यस कार्यक्रमबाट महिलामा सीपको स्तरोन्नति गराई आत्मनिर्भर, उद्यमशील तथा आर्थिक रूपमा सशक्त बनाउन सहयोग पुग्ने छ। |
| कार्यक्रमको उद्देश्य | १. महिलाहरूको आयआर्जन तथा आर्थिक आत्मनिर्भरता बढाउने,<br>२. महिलाहरूको प्राविधिक सीप, दक्षता, क्षमता र आत्मविश्वास अभिवृद्धि गर्ने । |
| कार्यान्वयन प्रकृया | १. तालिमको सम्भाव्यता अध्ययन गर्ने,<br>२. तालिमको आवश्यकता पहिचान र सहभागी छनौट गर्ने,<br>३. CTEVT को स्वीकृत कार्यविधि तथा सीप विकास मापदण्ड बमोजिम सहभागी छनौट गर्ने,<br>४. डिभिजनको कार्यक्षेत्र भित्रका उद्यमी महिला समावेश गरी तालिम सञ्चालन गर्ने,<br>५. तालिम पश्चात उद्यम सञ्चालनको अवस्थाबारे अनुगमन तथा मूल्याङ्कन गर्ने । |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने । |
| अपेक्षित उपलब्धी | १. प्रत्येक डिभिजनबाट छानिएका महिलाहरूले एडभान्स सीपमूलक तालिम प्राप्त गरी महिला उद्यमशिलता अभिवृद्धी भएको हुने । |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागीको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय |

## ५९. कार्यक्रमको नामः-एकल महिलासँगको प्रादेशिक अन्तर्किया कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४९३ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५०००० १५) | ४०० | २ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | एकल महिलाले सामाजिक, आर्थिक तथा पारिवारिकरूपमा विभिन्न चुनौती र जोखिमको सामना गर्नुपर्ने अवस्था छ। उनीहरूको सामाजिक सुरक्षा, आर्थिक आत्मनिर्भरता, सम्पत्तिमा पहुँच, रोजगारी, उद्यमशीलता तथा सम्मानजनक जीवनयापनका लागि राज्यबाट विशेष संरक्षण र अवसर आवश्यक हुन्छ। एकल महिलाका वास्तविक समस्या, आवश्यकता तथा प्राथमिकताको पहिचान गरी प्रदेश तथा स्थानीय तहका नीति, योजना तथा कार्यक्रममार्फत सम्बोधन गर्न सम्बन्धित निकाय तथा एकल महिलाबीच प्रत्यक्ष संवाद र अनुभव आदानप्रदान आवश्यक भएकाले लुम्बिनी प्रदेशका १२ वटै जिल्लाका एकल महिलाको प्रतिनिधित्व हुनेगरी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. एकल महिलाहरूको हक, अधिकार, अवसर तथा कानुनी प्रावधान बारे जानकारी प्रदान गरी एकल महिलाहरूको सशक्तिकरणमा योगदान पुर्‍याउने,<br>२. एकल महिलाहरूले भोग्दै आएका भेदभाव, हिंसा तथा सामाजिक असमानता विरुद्ध सचेतना अभिवृद्धि गर्ने। |
| कार्यान्वयन प्रकृया | १. प्रदेशस्तरीय एकल महिला सञ्जालसंग समन्वय गरी प्रदेशका सबै जिल्लाका एकल महिला सञ्जालका सदस्यको प्रतिनिधित्व हुने गरी सहभागी छनौट गर्ने,<br>२. कार्यक्रमको ढाँचा र कार्यतालिका तयार गर्ने,<br>३. कार्यक्रम सञ्चालन गर्ने र प्रतिवेदन तयार गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| अपेक्षित उपलब्धी | एकल महिलाका प्रतिनिधिहरु आफ्नो हक अधिकारका बारेमा सुसूचित भएको हुने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागीको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

## ६०. कार्यक्रमको नामः-लैङ्गिक हिंसा विरुद्धको अभियानमूलक कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४९४ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५०००० १५) | २०० प्रति डिभिजन | ६ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | लैङ्गिक हिंसा मानव अधिकारको गम्भीर उल्लङ्घन हुनुका साथै सामाजिक, आर्थिक तथा विकास प्रक्रियामा समेत प्रतिकूल प्रभाव पार्ने समस्या हो। महिलामाथि हुने घरेलु हिंसा, यौन हिंसा, कार्यस्थलमा हुने हिंसा, बालविवाह, मानव बेचबिखन तथा अन्य लैङ्गिक हिंसाको प्रभावकारी रोकथाम, पीडित तथा प्रभावितको संरक्षण र न्यायमा पहुँचका लागि कानून, सेवा तथा उपलब्ध संयन्त्रबारे जानकारी हुनु आवश्यक हुन्छ। यसै सन्दर्भमा सम्बन्धित सरोकारवालालाई लैङ्गिक हिंसाका स्वरूप, कारण, असर, कानुनी व्यवस्था, रोकथाम तथा पीडितको संरक्षण र पुनर्स्थापनाका उपायबारे अभिमुखीकरण गरी हिंसामुक्त समाज निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| कार्यक्रमको उद्देश्य | १. लैङ्गिक हिंसाका विभिन्न स्वरूप, कारण र असर बारे जनचेतना अभिवृद्धि गर्ने,<br>२. महिला, बालवालिका, अपाङ्गता अधिकार तथा ज्येष्ठ नागरिक सम्बन्धी विभिन्न दिवसीय कार्यक्रम मार्फत सचेतना अभिवृद्धि गर्ने,<br>३. महिला, बालिका अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा लैङ्गिक यौनिक अल्पसंख्यक प्रति हुने हिंसा, भेदभाव र दुर्व्यव्यहार न्यूनीकरण गर्ने। |
| कार्यान्वयन प्रकृया | १. प्रस्तावना तयार गरी स्वीकृत गर्ने,<br>२. विभिन्न दिवसीय कार्यक्रम तथा लैङ्गिक हिंसा विरूद्धका अभियानहरु सञ्चालन गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| अपेक्षित उपलब्धी | १. लैङ्गिक समानताको दृष्टिकोणबाट आम समुदायको सोच र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने,<br>२. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता कायम भएको हुने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागीको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय |

## ६१. कार्यक्रमको नामः-महिला परिषद् गठन तथा विभिन्न कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४९५ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५०००१५) | २५०० | १ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | महिलाको अधिकार संरक्षण, लैङ्गिक समानता प्रवर्द्धन तथा महिला सशक्तीकरणका लागि राज्यका विभिन्न तहबीच समन्वय, सहकार्य तथा संस्थागत संयन्त्रको आवश्यकता हुन्छ। महिला परिषद् मर्फत महिलाका सवालको पहिचान, समन्वय, पैरवी, क्षमता विकास तथा महिला लक्षित कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यले आवश्यक कानूनी पूर्वाधार तयार गरी यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. महिलाहरूको हक, अधिकार संरक्षण तथा प्रवर्द्धन गर्न कानूनी पूर्वाधार तयार गर्ने। |
| कार्यान्वयन प्रकृया | कानुनी पूर्वाधार तयार गरी सोही बमोजिम कार्यक्रमको ढाँचा निर्धारण गरी कार्यान्वयन गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| अपेक्षित उपलब्धी | १. परिषद् गठनका लागि आवश्यक कानूनी पूर्वाधार तर्जुमा भएको हुने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अनुगमन सूचक | निर्मित कानूनी दस्तावेज |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

६२. <u>**कार्यक्रमको नामः-मानव वेचविखन तथा ओसारपोसार विरुद्धको कार्यक्रम**</u>

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४९६ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५००००१५) | ४०० प्रति डिभिजन | ६ | पहिलो, तेस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | मानव बेचबिखन तथा ओसारपसार व्यक्तिको मानव अधिकार, स्वतन्त्रता तथा मर्यादामाथिको गम्भीर अपराध हो। विशेषगरी महिला तथा बालबालिका विभिन्न प्रकारका शोषण, जबरजस्ती श्रम तथा यौन शोषणका जोखिममा पर्ने गरेका छन्। यसको रोकथामका लागि समुदायस्तरमा सचेतना अभिवृद्धि, जोखिम पहिचान, सूचना तथा समन्वय प्रणालीको सुदृढीकरण, पीडित तथा प्रभावितको संरक्षण र पुनर्स्थापना तथा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक हुन्छ। जिल्ला तथा स्थानीय मानव बेचबिखन तथा ओसारपसार विरुद्धको समिति तथा यस क्षेत्रमा कार्यरत संस्था तथा सरोकारवाला सहभागितामा मानव बेचबिखन तथा ओसारपसारका जोखिम न्यूनीकरण तथा रोकथाम गर्ने गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. मानव बेचबिखन तथा ओसारपसारका कारण, स्वरूप, जोखिम र असरबारे जनचेतना अभिवृद्धि गर्ने,<br>२. मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कानुनी प्रावधान, अधिकार तथा उपलब्ध सेवाबारे जानकारी गराउने,<br>३. मानव बेचबिखन तथा ओसारपसारको रोकथाम, नियन्त्रण तथा अनुसन्धानमा सरोकारवाला निकायबीच समन्वय अभिवृद्धि गर्ने। |
| कार्यान्वयन प्रकृया | १. जिल्लास्तरका मानव बेचविखन ओसारपसार विरुद्धको समिति, स्थानीय समिति र सरोकारवालाको सहभागितामा जिल्लास्तरमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,<br>२. ऐनमा भएको व्यवस्था, जिल्ला र स्थानीय समितिको काम कर्तव्य अधिकार, मानव बेचविखनको अवस्था लगायतका विविध विषयमा छलफल गर्ने,<br>३. मन्त्रालयले आवश्यक सहजीकरण गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| अपेक्षित उपलब्धी | मानव बेचविखन तथा ओसारपसारका घटनामा कमी आएको हुने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागीको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय |

६३. <u>**कार्यक्रमको नामः-मुक्तकमैया, कम्लहरी, विपन्नवर्गका एकल महिला, दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, माधेशी मुस्लिम जनजाती सुकुमबासी, बादी तथा सिमान्तकृत तथा समुदायका महिलाहरुका लागि उद्यमशीलता विकास तालिम, प्रविधि सहयोग र वीउँपूजी साझेदारी कार्यक्रम**</u>

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४९८ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५००००१५) | ७०० प्रति जिल्ला | १२ | दोस्रो, तेस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | मुक्त कमैया, कमलरी, विपन्न वर्गका एकल महिला, दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, मधेसी, मुस्लिम, जनजाति, सुकुम्बासी, बादी तथा सीमान्तकृत समुदायका महिलाहरू आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका कारण रोजगारी, उद्यम तथा उत्पादनका अवसरमा पर्याप्त पहुँच स्थापित गर्न नसकेको अवस्था छ। यस्ता लक्षित वर्गका महिलालाई आर्थिकरूपमा आत्मनिर्भर बनाउन उद्यमशीलता विकाससम्बन्धी ज्ञान तथा सीप प्रदान गर्नुका साथै आवश्यक प्रविधि, उत्पादन सामग्री तथा बीउपूँजीमा पहुँच सुनिश्चित गर्न आवश्यक हुन्छ। विशेषगरी सीमान्तकृत र अति सिमान्तकृत तथा दलित महिलाका लागि उद्यमशीलताविकास तालिम प्रविधि सहयोग र स्टार्ट अपका लागि विउपूँजी अन्तरगत संघीय सशर्त अनुदान समेत प्राप्त भएको र यसमा प्रदेशको समेत साझेदारी आवश्यक भएकोले संघीय कार्यविधि संग समेत सामञ्जस्य हुनेगरी लक्षित वर्गका महिलालाई उद्यमशील बनाउँदै उत्पादनमूलक तथा आयआर्जनका क्रियाकलापमा आबद्ध गराई आर्थिक सशक्तीकरण गर्ने उद्देश्यले उद्यमशीलता विकास तालिम, प्रविधि सहयोग तथा बीउपूँजी साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. लक्षित वर्ग समुदायका महिलालाई उद्यमशीलता तथा व्यवसाय सञ्चालन सम्बन्धी तालिम प्रदान गर्ने,<br>२. साझेदारी मार्फत उद्यमशीलता विकासका लागि प्रविधि सहयोग र स्टार्ट अपका लागि वीउपुँजी सहयोग गर्ने,<br>३. सिमान्तकृत तथा अति सिमान्तकृत महिलाको आर्थिक सशक्तीकरण तथा आत्मनिर्भरता अभिवृद्धि गर्ने। |
| कार्यान्वयन प्रकृया | १. संघीय कार्यविधि समेतका आधारमा स्वीकृत कार्यविधि बमोजिम तालिम तथा प्रविधि सहयोग र स्टार्ट अपका लागि विउपूँजी सहयोग कार्यक्रमको ढाँचा तयार गर्ने।,<br>२. प्रचलित कानून तथा कार्यविधिको परिधिमा रही कार्यक्रम सञ्चालन गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. कार्यक्रम सम्बन्धी स्वीकृत कार्यविधि लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| अपेक्षित उपलब्धी | लक्षितवर्गको आर्थिक सशक्तिकरण भई जीवनस्तरमा सुधार आएको हुने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै |
| अनुगमन सूचक | १. तालिम प्राप्त सहभागीको विवरणात्मक अभिलेख,<br>२. वीउपुँजी तथा प्रविधि सहयोग प्राप्त गर्नेको अभिलेख,<br>३. कार्यसम्पादन प्रतिवेदन। |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय |

## ६४. कार्यक्रमको नामः-लैङ्गिक हिंसा विरुद्धको अभियानमूलक कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४९९ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५००००१५) | ६०० | २ | दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | लैङ्गिक हिंसा मानव अधिकारको गम्भीर उल्लङ्घन हुनुका साथै सामाजिक, आर्थिक तथा विकास प्रक्रियामा समेत प्रतिकूल प्रभाव पार्ने समस्या हो। महिलामाथि हुने घरेलु हिंसा, यौन हिंसा, कार्यस्थलमा हुने हिंसा, बालविवाह, मानव बेचबिखन तथा अन्य लैङ्गिक हिंसाको प्रभावकारी रोकथाम, पीडित तथा प्रभावितको संरक्षण र न्यायमा पहुँचका लागि कानून, सेवा तथा उपलब्ध संयन्त्रबारे जानकारी हुनु आवश्यक हुन्छ। यसै सन्दर्भमा सम्बन्धित सरोकारवालालाई लैङ्गिक हिंसाका स्वरूप, कारण, असर, |

| | |
|---|---|
| | कानुनी व्यवस्था, रोकथाम तथा पीडितको संरक्षण र पुनर्स्थापनाका उपायबारे अभिमुखीकरण गरी हिंसामुक्त समाज निर्माणमा योगदान पुर्‍याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. लैङ्गिक हिंसाका विभिन्न स्वरूप, कारण र असरबारे जनचेतना अभिवृद्धि गर्ने,<br>२. महिला, बालिका तथा लैङ्गिक अल्पसंख्यकमा हुने हिंसा, भेदभाव र दुर्व्यव्यहार न्यूनीकरण गर्ने,<br>३. लैङ्गिक हिंसा सम्बन्धी कानुनी अधिकार, संरक्षण तथा न्यायिक प्रक्रिया बारे जानकारी प्रदान गर्ने,<br>४. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता कायम गर्ने। |
| कार्यान्वयन प्रकृया | १. प्रस्तावना तयार गरी स्वीकृत गर्ने,<br>२. लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको अवसरपारेर विभिन्न प्रदेश तथा स्थानीय तहमा लैङ्गिक हिंसा विरुद्धका अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| अपेक्षित उपलब्धी | १. महिला, किशोरी तथा लैङ्गिक अल्पसंख्यक समुदाय प्रति हुने भेदभाव र हिंसा न्यूनीकरण गर्न सहयोग पुगेको हुने,<br>२. समुदाय एवम् समाज लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलतातर्फ अभिमुख हुने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अनुगमन सूचक | कार्यसम्पादन प्रतिवेदन, सहभागीको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग तथा अन्य सम्बद्ध मन्त्रालय |

### ६५. कार्यक्रमको नामः-सेफ हाउस व्यवस्थापन सञ्चालन तथा सहयोग

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २६४१३ | २.५.६.४ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५०००१५) | ३०० प्रति जिल्ला | १२ | पहिलो, दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | लैङ्गिक हिंसामा परेका महिला तथा बालिकाको तत्काल संरक्षण, सुरक्षित आवास, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानुनी सहायता तथा पुनर्स्थापनाका लागि सुरक्षित आश्रयस्थलको आवश्यकता हुन्छ। हिंसाबाट प्रभावित व्यक्तिलाई जोखिमपूर्ण वातावरणबाट तत्काल उद्धार गरी सुरक्षित र सम्मानजनक वातावरणमा राख्न तथा आवश्यक सेवा प्रदान गर्ने सेफ हाउसको महत्वपूर्ण भूमिका रहन्छ। सेफ हाउसको प्रभावकारी सञ्चालन, व्यवस्थापन तथा सेवा प्रवाहलाई सुदृढ गरी हिंसा प्रभावित महिला तथा बालबालिकाको सुरक्षा र संरक्षण सुनिश्चित गर्ने उद्देश्यले जिल्ला स्तरमा सञ्चालनमा रहेका सेफ हाउस सञ्चालन तथा व्यवस्थापन सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। |
| कार्यक्रमको उद्देश्य | १. लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित महिला, बालबालिका र अन्य जोखिममा रहेका व्यक्तिलाई सुरक्षित आश्रय तथा संरक्षण प्रदान गर्ने,<br>२. हिंसा पीडितलाई तत्काल आवश्यक आवास, खाना, कपडा तथा आधारभूत आवश्यकताहरु उपलब्ध गराउने,<br>३. पीडित तथा प्रभावितलाई स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श तथा कानुनी सहयोगमा पहुँच सुनिश्चित गर्ने,<br>४. हिंसाबाट पीडित व्यक्तिलाई पुनःहिंसा, शोषण तथा जोखिमबाट सुरक्षित राख्ने। |
| कार्यान्वयन प्रकृया | १. प्रस्ताव तयार गर्ने, |

| | |
|---|---|
| | २. जिल्लास्तरीय सेवा केन्द्र सञ्चालन गरेका संस्था\निकायलाई प्रस्ताव पेश गर्न सूचना आह्वान गर्ने,<br>३. संस्था\ निकाय छनौट गर्ने,<br>४. नियमानुसार सम्झौता गर्ने,<br>५. बिल भरपाईका आधारमा प्रति संस्था\ निकाय बढीमा ३ लाख सोधभर्ना खर्च उपलब्ध गराउने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने,<br>२. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने। |
| अपेक्षित उपलब्धी | घरेलु हिंसा पिडित महिलाको संरक्षण, पुर्नस्थापना र केन्द्र सञ्चालनमा केन्द्र सञ्चालनमा सहजता भएको हुने। |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै |
| अनुगमन सूचक | सहभागीको उपस्थिती र फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय |

**६६. कार्यक्रमको नामः-संघीय सरकार संघको सहलगानीमा दाङ्गको घोराहीमा लैङ्गिक हिंसा पीडित र प्रभावितहरुको लागि प्रदेशस्तरीय दीर्घकालिन पुनस्थापना केन्द्र निर्माण (बहुवर्षीय)**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| ३११११२ | ११.१.२.६५५ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम(३५०००१५) | १०००० | | दोस्रो, तेस्रो, चौथो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | लैङ्गिक हिंसाबाट प्रभावित व्यक्ति तथा पीडितलाई तत्काल उद्धार तथा संरक्षण मात्र पर्याप्त नभई दीर्घकालीन रूपमा सुरक्षित आवास, स्वास्थ्य तथा मनोसामाजिक सेवा, कानुनी सहायता, सीप विकास, शिक्षा, रोजगारी तथा आयआर्जनका अवसरमार्फत पुनर्स्थापित गर्न आवश्यक हुन्छ। लैङ्गिक हिंसाका कारण परिवार तथा समुदायबाट विस्थापित वा दीर्घकालीन संरक्षणको आवश्यकता भएका व्यक्तिका लागि प्रदेशस्तरमा एकीकृत तथा दिगो पुनर्स्थापना सेवाको आवश्यकता रहेको छ। नेपाल सरकार, प्रदेश सरकार र ADB अनुदान सहयोगमा सञ्चालित महिला समुत्थान परियोजनाको संयुक्त लगानीमा दाङको घोराही उपमहानगरपालिका-१५, अम्बापुरमा पुनर्स्थापना केन्द्र निर्माणका लागि जाग्गा प्राप्तिको प्रकृया अन्तिम चरणमा रहेकोले जग्गा प्राप्ति पश्चात संघीय सरकारको निर्देशन एवं प्रचलित खरिद कानून वमोजिम पूनर्स्थापना केन्द्र निर्माण गरी  लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्तिलाई सुरक्षित वातावरणमा आवश्यक संरक्षण, पुनर्स्थापना तथा आत्मनिर्भर जीवनयापनका लागि आवश्यक सेवा उपलब्ध गराउने गरी प्रदेशस्तरीय दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालनको कार्यक्रम तर्जुमा गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | १. लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित व्यक्तिलाई सुरक्षित, सम्मानजनक र दीर्घकालीन पुनःस्थापनाको लागि दीर्घकालीन पुनर्स्थापना केन्द्र निर्माण गर्ने,<br>२. पीडित तथा प्रभावित व्यक्तिहरुलाई आत्मनिर्भर र स्वावलम्बी बनाउन सीप विकास तथा आयआर्जनका अवसर प्रदान गर्ने,<br>३. लैङ्गिक हिंसाका कारण उत्पन्न शारीरिक, मानसिक, सामाजिक तथा आर्थिक असर न्यूनीकरण गर्न आवश्यक सहयोग उपलब्ध गराउने। |
| कार्यान्वयन प्रकृया | जग्गा प्राप्ति पश्चात संघीय सरकारको निर्देशन एवं प्रचलित खरिद कानून वमोजिम पूनर्स्थापना केन्द्र निर्माणको प्रकृया अगाडि वढाउने। |
| खर्च प्रकृया र प्रतिवेदन | १. लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९, सार्वजनिक खरिद कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही बजेटको बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्ने, |

| | |
|---|---|
| | २. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश गर्ने । |
| अपेक्षित उपलब्धी | दीर्घकालीन पुनर्स्थापना केन्द्र निर्माणका लागि जग्गा प्राप्त भई लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूको संरक्षणका लागि दीर्घकालीन पुनर्स्थापना केन्द्र निर्माण प्रारम्भ भएको हुने । |
| कार्यन्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| अनुगमन सूचक | जग्गा प्राप्तिको अभिलेख तथा सम्बद्ध कागजातहरु, स्थलगत फोटोहरू |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |

### ६७.कार्यक्रम/ आयोजनाको नामः सामुदायिक क्याम्पसका विद्यार्थीहरुका लागि प्रस्ताव लेखन क्षमता विकास तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेटखर्च उपशीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४३२ | उच्च शिक्षा कार्यक्रम (३५०००११९) | ६०० | २ समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | उच्च शिक्षाको उद्देश्य केवल विषयगत ज्ञान प्रदान गर्नु मात्र नभई विद्यार्थीमा समस्या पहिचान गर्ने, विश्लेषण गर्ने, समाधानका विकल्प खोज्ने, प्रमाणमा आधारित निर्णय गर्ने तथा आफ्नो ज्ञान र सीपलाई व्यवहारमा प्रयोग गर्ने क्षमता विकास गर्नु हो। व्यक्ति, समुदाय तथा समाजमा देखिएका समस्या समाधानका लागि अध्ययन, अनुसन्धान, परियोजना, उद्यम, रोजगारी तथा विभिन्न प्रतिस्पर्धात्मक अवसरमा प्रस्ताव तयार गर्ने क्षमता महत्वपूर्ण हुन्छ।उच्च शिक्षा पूरा गरेपछि विद्यार्थीले अनुसन्धान, परियोजना, उद्यमशीलता, गैरसरकारी संस्था, निजी क्षेत्र, सरकारी सेवा तथा विभिन्न प्रतिस्पर्धात्मक अवसरमा Concept Note, Project Proposal, Research Proposal, Business Proposal तथा अन्य प्रस्ताव तयार गर्नुपर्ने अवस्था आउँछ। त्यसैले प्रस्ताव लेखनलाई केवल एउटा लेखन सीप नभई समस्या समाधान, अनुसन्धान, विश्लेषण, योजना निर्माण र स्रोत परिचालनसँग जोडिएको व्यावहारिक दक्षताका रूपमा लिन आवश्यक छ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. सामुदायिक क्याम्पसका विद्यार्थीमा समस्या पहिचान, आधारभूत अनुसन्धान, प्रमाण विश्लेषण तथा समाधानमा आधारित प्रस्ताव तयार गर्ने व्यावहारिक क्षमता विकास गर्नु।<br>२. अनुसन्धान, परियोजना, उद्यमशीलता, रोजगारी तथा विभिन्न प्रतिस्पर्धात्मक अवसरमा विद्यार्थीले आफ्नो ज्ञान, सीप र नवीन विचारलाई प्रस्तावका रूपमा प्रस्तुत गर्न सक्ने क्षमता विकास गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. कार्यक्रम सञ्चालनको ढाँचा सहितको कार्ययोजना स्वीकृत गर्ने,<br>२. विद्यार्थी तथा क्याम्पस छनोट,<br>३. पूर्वज्ञान तथा आवश्यकता पहिचान,<br>४. आधारभूत अनुसन्धान अभ्यास,<br>५. डिजिटल तथा AI उपकरणको उचित प्रयोग,<br>६. प्रस्ताव लेखनका मुख्य पक्षमा प्रशिक्षण,<br>७. वास्तविक प्रस्ताव तयार गर्ने अभ्यास,<br>८. विशेषज्ञबाट पृष्ठपोषण । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि कानून अनुसार खर्च गर्ने ।कार्यक्रम पछि संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. सहभागी विद्यार्थीमा प्रस्ताव लेखनसम्बन्धी व्यावहारिक दक्षता विकास हुनेछ।<br>२. विद्यार्थीले आफ्नै समुदायका समस्या पहिचान गरी प्रमाणमा आधारित समाधान प्रस्ताव तयार गर्न सक्नेछन्।<br>३. आधारभूत अनुसन्धान तथा तथ्याङ्क प्रयोग गर्ने क्षमता वृद्धि हुनेछ । | |
| कार्यान्वयन | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

| | | |
|---|---|---|
| गर्ने निकाय | | |
| अनुगमन सूचक | १. सहभागी विद्यार्थी तथा सामुदायिक क्याम्पसको संख्यात्मक विवरण,<br>२. तयार भएका Concept Note/Proposal को विवरण। | |
| अनुगमन गर्ने निकाय | सामजिक विकास मन्त्रालय | |

## ६८.कार्यक्रम/ आयोजनाको नाम: उच्चशिक्षा अध्ययनरत विद्यार्थीमा पठनसीप प्रवर्द्धनका लागि उत्प्रेरणा तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४३९ | उच्च शिक्षा कार्यक्रम (३५०००१९) | ६०० | २ समुह | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | उच्च शिक्षाको मूल उद्देश्य विद्यार्थीलाई पाठ्यक्रममा निर्धारित विषयवस्तु मात्र सिकाउनु नभई स्वतन्त्र रूपमा ज्ञान खोज्ने, अध्ययन गर्ने, प्रमाणको परीक्षण गर्ने, विश्लेषण गर्ने र नयाँ ज्ञान निर्माण गर्ने क्षमता विकास गर्नु हो। यस प्रक्रियामा नियमित तथा उद्देश्यपूर्ण पठनको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ। पुस्तक, अनुसन्धानमूलक लेख, जर्नल, प्रतिवेदन, नीति दस्तावेज तथा अन्य प्रमाणमा आधारित सामग्रीको अध्ययनले विद्यार्थीको ज्ञानलाई गहिरो, वस्तुनिष्ठ र आलोचनात्मक बनाउन सहयोग गर्दछ।वर्तमान समयमा स्मार्ट मोबाइल, सामाजिक सञ्जाल तथा डिजिटल माध्यमको अत्यधिक प्रयोगका कारण विद्यार्थीमा छोटो सूचना पढ्ने, स्क्रिन स्क्रोल गर्ने र तत्काल उपलब्ध सामग्रीका आधारमा धारणा बनाउने प्रवृत्ति बढ्दै गएको देखिन्छ। यसले सूचना प्राप्त गर्ने क्षमता बढाए पनि कुनै विषयको पृष्ठभूमी, प्रमाण, कारण, विविध दृष्टिकोण तथा अनुभवजन्य तथ्यको गहिरो अध्ययन गर्ने अभ्यास कमजोर हुन सक्ने अवस्था सिर्जना गरेको छ।सूचना र ज्ञान एउटै कुरा होइनन्। विभिन्न डिजिटल माध्यमबाट प्राप्त सूचना आफैंमा प्रमाणित ज्ञान नहुन सक्छ। त्यसैले विद्यार्थीलाई सूचना खोज्ने मात्र होइन, स्रोत पहिचान गर्ने, विश्वसनीयता परीक्षण गर्ने, विभिन्न स्रोतबीच तुलना गर्ने, तथ्य र धारणा छुट्याउने तथा प्रमाणका आधारमा आफ्नै निष्कर्ष निर्माण गर्ने पठन संस्कृति विकास गर्न आवश्यक छ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. उच्च शिक्षा अध्ययनरत विद्यार्थीमा नियमित र उद्देश्यपूर्ण पठनको बानी विकास गरी ज्ञान निर्माण र स्वाध्ययनको क्षमता अभिवृद्धि गर्नु।<br>२. पुस्तक, अनुसन्धानमूलक सामग्री तथा डिजिटल स्रोतको आलोचनात्मक क्षमता विकास गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. कार्यक्रमको संक्षिप्त ढाँचा सहित कार्ययोजना स्वीकृत गर्ने,<br>२. सहभागी छनोट तथा आवश्यकता पहिचान गरी विद्यार्थीको वर्तमान पठन बानी, डिजिटल सामग्रीको प्रयोग र अध्ययनसम्बन्धी आवश्यकता पहिचान गर्ने,<br>३. पठनको महत्व तथा उत्प्रेरणा सत्र सञ्चालन,<br>४. Academic Reading, Critical Reading तथा Digital Reading सम्बन्धी सीपलाई व्यावहारिक अभ्यासमार्फत विकास गराउने।<br>५. विद्यार्थीलाई पुस्तक, अनुसन्धानमूलक लेख, नीति/प्रतिवेदन तथा प्रमाणमा आधारित सामग्री अध्ययन गरी निष्कर्ष पहिचान गर्ने अभ्यास गराउने।<br>६. तालिमपश्चात् क्याम्पसमा Reading Circle/Book Club सञ्चालन गर्न प्रोत्साहन गरी पठन अभ्यासको निरन्तरता, उपलब्धि र प्रभावको संक्षिप्त अनुगमन गर्ने। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि कानून अनुसार खर्च गर्ने। कार्यक्रम सम्पन्न भएपछि संक्षिप्त प्रतिवेदन तयार गर्ने। | |

| | | |
|---|---|---|
| अपेक्षित उपलब्धी | १. विद्यार्थीमा नियमित तथा उद्देश्यपूर्ण पठनको बानी विकास हुनेछ।<br>२. पुस्तक, अनुसन्धान लेख तथा प्रमाणमा आधारित सामग्री अध्ययन गर्ने क्षमता बढ्नेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | तालिममा सहभागी विद्यार्थी संख्यात्मक विवरण र फोटो । | |
| अनुगमन गर्ने निकाय | सामजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग | |

### ६९.कार्यक्रम/ आयोजनाको नामः सामुदायिक तथा आङ्गिक क्याम्पसहरु मार्फत अनुसन्धान कार्यक्रम (प्रस्तावनामा आधारित)

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४४४ | उच्च शिक्षा कार्यक्रम (३५०००१९) | २००० | ४ वटा | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | सार्वजनिक नीति, योजना तथा कार्यक्रमलाई प्रभावकारी, सान्दर्भिक र परिणाममुखी बनाउन स्थानीय तथा प्रदेशस्तरका वास्तविक समस्या, आवश्यकता र सम्भावनामा आधारित प्रमाण तथा तथ्य आवश्यक हुन्छ। सामाजिक विकास मन्त्रालय तथा मातहतका निकायको कार्यक्षेत्र शिक्षा, प्राविधिक शिक्षा, सामाजिक विकास, महिला, बालबालिका, युवा, संस्कृति, खेलकुद तथा मानव विकासका विभिन्न पक्षसँग सम्बन्धित भएकाले यी क्षेत्रका समसामयिक विषयमा व्यवस्थित अनुसन्धान गरी प्राप्त प्रमाणलाई नीति निर्माण तथा कार्यक्रम विकासमा उपयोग गर्न आवश्यक छ।यसै सन्दर्भमा प्रदेशभित्रका सामुदायिक तथा आङ्गिक क्याम्पसहरूलाई अनुसन्धानका लागि स्रोत तथा साझेदार संस्थाका रूपमा परिचालन गरी प्रस्तावनामा आधारित प्रतिस्पर्धात्मक अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ। क्याम्पस, शिक्षक तथा अनुसन्धानकर्ताबाट मन्त्रालय तथा निर्देशनालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा अनुसन्धान प्रस्ताव आह्वान गरी गुणस्तरीय, व्यवहारिक र नीतिगत उपयोगिता भएका प्रस्ताव छनोट गरिनेछ।कार्यक्रमले क्याम्पसमा अनुसन्धानात्मक सोच, प्रमाणमा आधारित अध्ययन, प्रतिस्पर्धात्मक अनुसन्धान संस्कृति तथा अनुसन्धान–नीति सम्बन्ध विकास गर्न सहयोग पुऱ्याउनेछ। अनुसन्धानबाट प्राप्त तथ्य, निष्कर्ष तथा सिफारिसलाई मन्त्रालय तथा निर्देशनालयका आगामी नीति, योजना, कार्यक्रम, बजेट तथा सेवा सुधारमा उपयोग गर्ने व्यवस्था गरिनेछ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. सामाजिक विकास मन्त्रालय तथा निर्देशनालयको कार्यक्षेत्रसँग सम्बन्धित समसामयिक तथा नीतिगत विषयमा प्रमाणमा आधारित अनुसन्धान गरी नीति, योजना तथा कार्यक्रम निर्माणका लागि उपयोगी तथ्य र सुझाव प्राप्त गर्नु।<br>२. सामुदायिक तथा आङ्गिक क्याम्पसमा प्रतिस्पर्धात्मक अनुसन्धान वातावरण, अनुसन्धान क्षमता र अनुसन्धान–नीति सहकार्यको संस्कृति विकास गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. अनुसन्धानका प्राथमिक क्षेत्र निर्धारणः मन्त्रालय तथा निर्देशनालयको कार्यक्षेत्र, वर्तमान नीति तथा कार्यक्रम, कार्यान्वयनमा देखिएका समस्या, प्रदेशका आवश्यकता तथा भविष्यका चुनौतीका आधारमा अनुसन्धानका प्राथमिक क्षेत्र तथा सम्भावित विषय निर्धारण गर्ने ।<br>२. प्रस्ताव आह्वानः सम्बन्धित सामुदायिक तथा आङ्गिक क्याम्पस, प्राध्यापक तथा योग्य अनुसन्धानकर्ताबाट तोकिएको ढाँचामा अनुसन्धान प्रस्ताव आह्वान गर्ने।<br>३. प्रस्ताव मूल्याङ्कनः प्राप्त प्रस्तावलाई विषयगत विज्ञको सहभागितामा प्रस्तावको ढाँचामा माग भए अनुसारका सूचनाको आधारमा मूल्याङ्कन गर्ने।<br>४. अनुसन्धान प्रस्ताव छनोटः प्रतिस्पर्धात्मक मूल्याङ्कनबाट उत्कृष्ट तथा नीतिगत रूपमा उपयोगी | |

| | | |
|---|---|---|
| | प्रस्ताव छनोट गरी सम्बन्धित क्याम्पस/अनुसन्धानकर्तासँग सम्झौता तथा कार्ययोजना तयार गर्ने ।<br>५. अनुसन्धान सञ्चालनः स्वीकृत प्रस्ताव तथा अनुसन्धान कार्ययोजनाअनुसार तथ्य/सूचना संकलन, विश्लेषण तथा अध्ययन सम्पन्न गरिनेछ। आवश्यकताअनुसार मन्त्रालय, निर्देशनालय, स्थानीय तह तथा सम्बन्धित संस्थाबाट तथ्याङ्क तथा सूचनामा सहजीकरण गर्ने ।<br>६. प्राविधिक अनुगमनः अनुसन्धानको गुणस्तर कायम गर्न अनुसन्धान विज्ञ/विषय विज्ञबाट प्राविधिक मार्गदर्शन तथा प्रगति समीक्षा गर्ने।<br>७. प्रतिवेदन तथा प्रस्तुतीकरणः अनुसन्धान सम्पन्न भएपछि अनुसन्धानकर्ताले अन्तिम अनुसन्धान प्रतिवेदन तथा नीतिगत संक्षेप (Policy Brief) तयार गर्नेछ। आवश्यकताअनुसार अनुसन्धानका प्रमुख निष्कर्ष मन्त्रालय, निर्देशनालय तथा सम्बन्धित सरोकारवालासमक्ष प्रस्तुतीकरण गराउने।<br>८. नीति तथा कार्यक्रममा उपयोगः अनुसन्धानबाट प्राप्त प्रमाण, निष्कर्ष तथा नीतिगत सुझावलाई आगामी नीति, योजना, कार्यक्रम, बजेट, सेवा प्रवाह तथा सुधारका कार्यमा उपयोग गर्न सम्बन्धित शाखा/महाशाखालाई उपलब्ध गराउने।<br>९. अनुसन्धान ज्ञानको प्रसारः उपयोगी अनुसन्धान प्रतिवेदनलाई आवश्यकताअनुसार संग्रह, प्रकाशन, डिजिटल अभिलेख तथा अनुसन्धान गोष्ठीमार्फत प्रसार गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि कानुन अनुसार खर्च गर्ने । अनुसन्धान सम्पन्न भएपछि अन्तिम अनुसन्धान प्रतिवेदन, नीतिगत संक्षेप, आवश्यक प्रमाणसहित प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. मन्त्रालय तथा निर्देशनालयको कार्यक्षेत्रसँग सम्बन्धित प्रमाणमा आधारित अनुसन्धान प्रतिवेदन प्राप्त हुनेछ।<br>२. आगामी नीति, योजना तथा कार्यक्रम निर्माणका लागि स्थानीय तथा प्रदेशस्तरका तथ्य र प्रमाण उपलब्ध हुनेछ।<br>३. क्याम्पस तथा प्राध्यापक/अनुसन्धानकर्तामा अनुसन्धान क्षमता र प्रतिस्पर्धात्मक वातावरण विकास हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | अनुसन्धान प्रस्तावको संख्यात्मक विवरण, सम्झौताअनुसार सम्पन्न भई प्राप्त भएका अनुसन्धान प्रतिवेदन | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |

**७०.कार्यक्रम/ आयोजनाको नामः विज्ञान विषयमा उच्च शिक्षा अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति(सामुदायिक र आङ्गिक)**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २७२११ | ७.२.५.१६ | उच्च शिक्षा कार्यक्रम (३५०००१९) | १५००० | १५००जना | दोस्रो तेस्रो |

| कार्यक्रमको परिचय | विज्ञान तथा प्रविधि आधुनिक आर्थिक, सामाजिक तथा राष्ट्रिय विकासको महत्वपूर्ण आधार हो। स्वास्थ्य, कृषि, इन्जिनियरिङ, सूचना प्रविधि, वातावरण, जैविक प्रविधि, ऊर्जा लगायतका क्षेत्रमा आवश्यक दक्ष जनशक्ति विकासका लागि उच्च शिक्षामा विज्ञान विषयको अध्ययनलाई प्रोत्साहन गर्नु आवश्यक हुन्छ। यस क्षेत्रमा छात्राहरूको सहभागिता बढाउनु विज्ञान तथा प्रविधिमा लैङ्गिक समानता र समावेशी मानव पुँजी विकासका दृष्टिले समेत महत्वपूर्ण रहेको छायस कार्यक्रममार्फत सामुदायिक तथा आङ्गिक क्याम्पसमा विज्ञान विषय अध्ययनरत छात्राहरूलाई छात्रवृत्ति उपलब्ध गराई उनीहरूको उच्च शिक्षा अध्ययनमा आर्थिक सहयोग तथा उत्प्रेरणा प्रदान गरिनेछ। छात्रवृत्तिले विज्ञान विषयमा अध्ययनरत छात्राहरूलाई अध्ययन निरन्तरता दिन, उच्च शैक्षिक योग्यता हासिल गर्न तथा भविष्यमा विज्ञान तथा प्रविधिसम्बन्धी क्षेत्रमा प्रवेश गर्न प्रोत्साहित गर्नेछ। | कैफियत |
|---|---|---|
| कार्यक्रमको उद्देश्य | १. सामुदायिक तथा आङ्गिक क्याम्पसमा विज्ञान विषय अध्ययनरत छात्राहरूलाई आर्थिक सहयोग प्रदान गरी उच्च शिक्षामा विज्ञान अध्ययनको निरन्तरता र पहुँच अभिवृद्धि गर्नु।<br>२. विज्ञान तथा प्रविधिका क्षेत्रमा महिला जनशक्तिको सहभागिता बढाई अनुसन्धान, नवप्रवर्तन, रोजगारी तथा भविष्यका विज्ञान–प्रविधि नेतृत्वका लागि सक्षम मानव पुँजी विकास गर्नु । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | छावत्रृत्ति व्यवस्थापन एकीकृत कार्यविधि (२०८३) अनुसार | |
| खर्च प्रक्रिया र प्रतिवेदन | छावत्रृत्ति व्यवस्थापन एकीकृत कार्यविधि (२०८३) अनुसार | |
| अपेक्षित उपलब्धी | १. विज्ञान विषयमा उच्च शिक्षा अध्ययनरत छात्राहरूले आर्थिक सहयोग तथा अध्ययन निरन्तरताको अवसर प्राप्त गर्नेछन्।<br>२. विज्ञान विषयमा छात्राहरूको उच्च शिक्षा अध्ययनप्रतिको आकर्षण तथा सहभागिता बढ्नेछ।<br>३. आर्थिक कारणले विज्ञान विषयको उच्च शिक्षा बीचमै छोड्ने सम्भावना न्यूनीकरण हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | १. छात्रवृत्ति प्राप्त गर्ने विज्ञान विषय अध्ययनरत छात्राको संख्या र स्वीकृत लक्ष्यको तुलनामा प्रतिशत।<br>२. छात्रवृत्ति प्राप्त गरेका छात्रामध्ये विज्ञान विषयको अध्ययनलाई निरन्तरता दिने तथा शैक्षिक वर्ष पूरा गर्ने छात्राको प्रतिशत।<br>३. सामुदायिक तथा आङ्गिक क्याम्पसमा छात्रवृत्ति प्राप्त गर्ने छात्राको संख्या तथा अनुपात। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |

## ७१.कार्यक्रम/ आयोजनाको नाम: सामुदायिक क्याम्पसमा अध्ययनरत विद्यार्थी (विपन्न, दलित, जनजाती) लागि छात्रवृत्ति

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | अवधि |
|---|---|---|---|---|---|
| २७२११ | ७.२.५.१७ | उच्च शिक्षा कार्यक्रम (३५००००१९) | १५००० | ३००० जना | दोस्रो तेस्रो |

| कार्यक्रमको परिचय | उच्च शिक्षामा समान पहुँच र निरन्तरताका लागि आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका विद्यार्थीलाई लक्षित सहयोग आवश्यक हुन्छ। विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रका सामुदायिक क्याम्पसमा अध्ययन गर्ने | कैफियत |
|---|---|---|

| | | |
|---|---|---|
| | विपन्न, दलित तथा जनजाति समुदायका विद्यार्थीहरू आर्थिक अभाव, सामाजिक असमानता तथा शैक्षिक अवसरको सीमितताका कारण उच्च शिक्षा अध्ययनमा निरन्तरता कायम गर्न कठिनाइमा पर्न सक्ने अवस्था रहेको छ।सामुदायिक क्याम्पसहरूले स्थानीय स्तरमा उच्च शिक्षाको पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। यस्ता क्याम्पसमा अध्ययनरत विपन्न तथा लक्षित समुदायका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउँदा उच्च शिक्षामा पहुँच, अध्ययन निरन्तरता र शैक्षिक उपलब्धि अभिवृद्धि गर्न सहयोग पुग्नेछ। यसै सन्दर्भमा सामाजिक विकास मन्त्रालयअन्तर्गतको शिक्षा तथा सामाजिक विकास निर्देशनालयबाट चालु आर्थिक वर्षमा करिब ३,००० जना विपन्न, दलित तथा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिनेछ। छात्रवृत्तिले विद्यार्थीको अध्ययनसँग सम्बन्धित आधारभूत आर्थिक भार न्यूनीकरण गरी उच्च शिक्षा पूरा गर्न प्रोत्साहन गर्नेछ। | |
| कार्यक्रमको उद्देश्य | १. सामुदायिक क्याम्पसमा अध्ययनरत विपन्न, दलित तथा जनजाति विद्यार्थीलाई आर्थिक सहयोग उपलब्ध गराई उच्च शिक्षामा पहुँच तथा अध्ययन निरन्तरता सुनिश्चित गर्नु।<br>२. लक्षित समुदायका विद्यार्थीको उच्च शिक्षा पूरा गर्ने अवसर वृद्धि गरी शैक्षिक समावेशीकरण, सामाजिक सशक्तीकरण तथा मानव पुँजी विकासमा योगदान पुऱ्याउनु । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | छावत्रृत्ति व्यवस्थापन एकीकृत कार्यविधि (२०८३) अनुसार | |
| खर्च प्रक्रिया र प्रतिवेदन | छावत्रृत्ति व्यवस्थापन एकीकृत कार्यविधि (२०८३) अनुसार | |
| अपेक्षित उपलब्धी | १. करिब ३,००० जना विपन्न, दलित तथा जनजाति विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्नेछन्।<br>२. लक्षित विद्यार्थीको उच्च शिक्षामा पहुँच तथा अध्ययन निरन्तरता वृद्धि हुनेछ।<br>३. आर्थिक अभावका कारण उच्च शिक्षा बीचमै छोड्ने सम्भावना न्यूनीकरण हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | १. छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीको संख्या।<br>२. मापदण्ड पूरा गर्ने योग्य विद्यार्थीको संख्या।<br>३. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको संख्या र प्रतिशत। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |

## ७२.**कार्यक्रम/ आयोजनाको नाम: मुक्तकमैया कम्लहरी मुस्लिम र अति सिमान्तकृत समुदायका छात्रहरुलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २७२११ | ७.२.५.१८ | उच्च शिक्षा कार्यक्रम (३५०००१९) | ३००० | ६०० जना | दोस्रो तेस्रो |

| कार्यक्रमको परिचय | नेपालको संविधानले शिक्षामा समान पहुँच तथा सामाजिक न्यायको प्रत्याभूति गरेको सन्दर्भमा ऐतिहासिक रूपमा शैक्षिक अवसरबाट पछाडि परेका समुदायका विद्यार्थीलाई उच्च शिक्षामा पहुँच र निरन्तरताका लागि लक्षित सहयोग आवश्यक रहेको छ। मुक्त कमैया, कम्लहरी, मुस्लिम तथा अति सीमान्तकृत समुदायका छात्राहरू आर्थिक, सामाजिक, भौगोलिक तथा अन्य संरचनागत कारणले उच्च शिक्षा प्राप्त गर्ने अवसरमा | कैफियत |
|---|---|---|

| | | |
|---|---|---|
| | तुलनात्मक रूपमा कमजोर अवस्थामा रहन सक्ने भएकाले उनीहरूको शिक्षालाई निरन्तरता दिन विशेष सहयोग आवश्यक हुन्छ।विद्यालय तहमा यस्ता लक्षित समुदायका छात्राहरूलाई प्रदान हुँदै आएको छात्रवृत्तिले विद्यालय शिक्षामा पहुँच तथा निरन्तरता कायम गर्न सहयोग पुऱ्याउँदै आएको आधारमा त्यसको स्वाभाविक विस्तारका रूपमा उच्च शिक्षा तहमा समेत छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय तह पूरा गरेपछि आर्थिक अभावका कारण उच्च शिक्षामा प्रवेश गर्न नसक्ने वा बीचमै अध्ययन छोड्ने सम्भावनालाई न्यूनीकरण गर्नु कार्यक्रमको महत्वपूर्ण पक्ष हुनेछ। यस आर्थिक वर्षमा करिब ६०० जना लक्षित छात्रालाई छात्रवृत्ति उपलब्ध गराई उनीहरूको उच्च शिक्षा अध्ययनमा प्रवेश, निरन्तरता तथा अध्ययन पूरा गर्न सहयोग पुऱ्याउने लक्ष्य राखिएको छ। छात्रवृत्ति वितरण गर्दा लक्षित समुदायको पहिचान, आर्थिक अवस्था, अध्ययनरत तह/कार्यक्रम तथा स्वीकृत मापदण्डका आधारमा पारदर्शी र प्रमाणमा आधारित छनोट गरिनेछ। | |
| कार्यक्रमको उद्देश्य | १. मुक्त कमैया, कम्लहरी, मुस्लिम तथा अति सीमान्तकृत समुदायका छात्राहरूलाई उच्च शिक्षामा पहुँच र अध्ययन निरन्तरताका लागि आर्थिक सहयोग उपलब्ध गराउनु।<br>२. लक्षित समुदायका छात्राहरूको उच्च शिक्षा पूरा गर्ने अवसर वृद्धि गरी ज्ञान, सीप, आत्मनिर्भरता, रोजगारी तथा सामाजिक सशक्तीकरणमा योगदान पुऱ्याउनु । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | छावत्रृत्ति व्यवस्थापन एकीकृत कार्यविधि (२०८३) अनुसार | |
| खर्च प्रक्रिया र प्रतिवेदन | छावत्रृत्ति व्यवस्थापन एकीकृत कार्यविधि (२०८३) अनुसार | |
| अपेक्षित उपलब्धी | १. करिब ६०० जना लक्षित छात्राले उच्च शिक्षा अध्ययनका लागि आर्थिक सहयोग प्राप्त गर्नेछन्।<br>२. विद्यालय तहपछि आर्थिक अभावका कारण उच्च शिक्षा छोड्ने सम्भावना न्यूनीकरण हुनेछ।<br>३. लक्षित समुदायका छात्राको उच्च शिक्षामा पहुँच तथा निरन्तरता बढ्नेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | १. प्राप्त आवेदनको संख्या।<br>२. लक्षित समुदाय प्रमाणित भएका योग्य छात्राको संख्या।<br>३. छनोट भएका छात्राको संख्या र समुदायगत विवरण।<br>४. छात्रवृत्ति रकम प्राप्त गर्ने छात्राको संख्या तथा प्रतिशत। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |

## ७३.कार्यक्रम/ आयोजनाको नाम: गरिबीको तह उच्च रहेका स्थानीय तहका आधारभुत विद्यालयका बालबालिकाको दिवा खाजामा सहयोग

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.११.१ | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५०००२२) | ११५०० | १२०००जना | पहिलो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | नेपाल सरकारबाट सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकालाई विद्यालयमा नियमित उपस्थित गराउन, पोषणको अवस्था सुधार गर्ने तथा सिकाइमा सकारात्मक प्रभाव पार्न दिवा खाजा कार्यक्रम सञ्चालन | कैफियत |

| | | |
|---|---|---|
| | हुँदै आएको छ। तथापि, उच्च गरिबीको अवस्था रहेका स्थानीय तहमा अभिभावकविहीन, अति विपन्न तथा आर्थिक रूपमा कमजोर परिवारका बालबालिकालाई विद्यमान दिवा खाजा रकम पर्याप्त नहुन सक्ने अवस्था रहेको छायस सन्दर्भमा लुम्बिनी प्रदेशका १२ जिल्लाबाट गरिबीको तह उच्च रहेको १/१ स्थानीय तह छनोट गरी जम्मा १२ स्थानीय तहमा, कक्षा १–५ सञ्चालन भएका सामुदायिक आधारभूत विद्यालयमा अध्ययनरत बालबालिकाको नियमित दिवा खाजामा प्रदेश सरकारका तर्फबाट प्रति विद्यार्थी दैनिक रु. ५ थप सहयोग उपलब्ध गराउने कार्यक्रम प्रस्ताव गरिएको हो। यसबाट विद्यमान दिवा खाजा रकममा प्रदेशको थप योगदान भई प्रति विद्यार्थी दैनिक रु. २५ सम्मको दिवा खाजा व्यवस्थापन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।कार्यक्रमले विशेषगरी अभिभावकविहीन, अति विपन्न तथा आर्थिक रूपमा कमजोर परिवारका बालबालिकालाई नियमित, पौष्टिक र पर्याप्त खाजा उपलब्ध गराई विद्यालयमा नियमित उपस्थिति, स्वास्थ्य तथा पोषण र सिकाइ उपलब्धिमा सुधार ल्याउने उद्देश्य राख्दछ। साथै स्थानीयस्तरमा उपलब्ध कृषि तथा खाद्य सामग्रीको प्रयोग गरी पोषणयुक्त खाजा व्यवस्थापन गर्न प्रोत्साहन गरिनेछ। | |
| कार्यक्रमको उद्देश्य | १. उच्च गरिबी रहेका स्थानीय तहका आधारभूत विद्यालयमा अध्ययनरत बालबालिकाको दिवा खाजामा प्रदेश सरकारको थप आर्थिक सहयोग उपलब्ध गराई पर्याप्त तथा पोषणयुक्त खाजा सुनिश्चित गर्नु।<br>२. अभिभावकविहीन तथा अति विपन्न परिवारका बालबालिकाको विद्यालयमा नियमित उपस्थिति, स्वास्थ्य तथा पोषण र सिकाइमा सुधार ल्याउन सहयोग गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | विद्यालय दिवा खाजा सहयोग व्यवस्थापन कार्यविधि (२०८३) अनुसार | |
| खर्च प्रक्रिया र प्रतिवेदन | विद्यालय दिवा खाजा सहयोग व्यवस्थापन कार्यविधि (२०८३) अनुसार | |
| अपेक्षित उपलब्धी | १. १२ जिल्लाका उच्च गरिबीको तह भएका स्थानीय तहका कक्षा (१–५) मा अध्ययनरत बालबालिकाको दिवा खाजामा दैनिक रु. ५ थप भई पोषणयुक्त दिवा खाजा उपलब्ध भएको हुनेछ ।<br>२. विपन्न परिवारका बालबालिकाको विद्यालयमा नियमित उपस्थिति, पोषण अवस्था र सिकाइमा सुधार आउनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिबिजन कार्यालयहरु सबै र विद्यालयहरु | |
| अनुगमन सूचक | लाभान्वित विद्यालय र विद्यार्थी संख्या विवरण तथा अभिलेख | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, सामाजिक विकास डिबिजन कार्यालयहरु | |

### ७४.कार्यक्रम/ आयोजनाको नामः मदरसा समन्वय समितिद्वारा विभिन्न कार्यक्रम सञ्चालन

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.३१४ | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५०००००२२) | १००० | ४ समुह | सबै |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | मदरसा शिक्षा नेपालको बहुधार्मिक, बहुसांस्कृतिक तथा बहुभाषिक शैक्षिक संरचनाको महत्वपूर्ण अंगका रूपमा रहेको छ। मदरसामा धार्मिक तथा परम्परागत शिक्षासँगै समयसापेक्ष ज्ञान, सीप, प्रविधि, सामाजिक मूल्य–मान्यता तथा राष्ट्रिय शिक्षा प्रणालीसँग सम्बन्धित विषयवस्तुको पहुँच विस्तार गर्न आवश्यक रहेको छ। यसका लागि मदरसामा शिक्षण गर्ने शिक्षक तथा मौलानाहरूको विषयगत, शैक्षिक तथा समसामयिक क्षमता | कैफियत |

| | | |
|---|---|---|
| | विकास गर्नु आवश्यक हुन्छ।यसै सन्दर्भमा मदरसा समन्वय समितिको समन्वय तथा सहकार्यमा मदरसा शिक्षालाई मूलप्रवाहीकरण गर्दै समयसापेक्ष र गुणस्तरीय शिक्षाको विकास गर्न शिक्षक तथा मौलानाको क्षमता विकास, समसामयिक विषयमा अभिमुखीकरण, शैक्षिक अन्तरक्रिया, अनुभव आदान–प्रदान तथा आवश्यकतामा आधारित अन्य कार्यक्रमहरू सञ्चालन गरिनेछ। कार्यक्रममार्फत मदरसा शिक्षामा संलग्न जनशक्तिलाई नेपालको संवैधानिक व्यवस्था, शिक्षा सम्बन्धी नीति तथा कानुनी व्यवस्था, बालअधिकार, लैङ्गिक समानता, सूचना प्रविधि, स्वास्थ्य तथा सरसफाइ, सामाजिक सद्भाव, राष्ट्रियता तथा आधुनिक शिक्षण विधिसँग परिचित गराउने उद्देश्य राखिएको छ। | |
| कार्यक्रम को उद्देश्य | १. मदरसा शिक्षामा संलग्न शिक्षक तथा मौलानाहरूको शैक्षिक, विषयगत तथा समसामयिक क्षमता विकास गर्नु।<br>२. मदरसा शिक्षालाई मूलप्रवाहीकरण गर्दै समयसापेक्ष, गुणस्तरीय, समावेशी तथा सामाजिक सद्भाव प्रवर्द्धन गर्ने शिक्षाको विकासमा सहयोग पुऱ्याउनु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. कार्यक्रम कार्यान्वयनको संक्षिप्त कार्यढाँचा स्वीकृत गर्ने,<br>२. मदरसा समन्वय समितिसँग समन्वयमा आवश्यकताका आधारमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,<br>३. कार्यक्रमका क्रममा धार्मिक तथा सांस्कृतिक संवेदनशीलतालाई सम्मान गर्दै संविधान, कानून, राष्ट्रिय शिक्षा नीति र सामाजिक सद्भावका मूल्यसँग सामञ्जस्य हुने विषयवस्तुमा जोड दिने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेटको सीमाभित्र रही प्रचलित कानून तथा प्रदेश सरकार सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ बमोजिम खर्च गर्ने । संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. मदरसामा शिक्षण गर्ने शिक्षक तथा मौलानाको शिक्षण, प्रविधि प्रयोगमा क्षमता विकास हुनेछ।<br>२. मदरसा शिक्षा र मूलधारको शिक्षा प्रणालीबीच समन्वय तथा सहकार्य अभिवृद्धि हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय र मदरसा समन्वय समिति | |
| अनुगमन सूचक | १. क्षमता विकास तथा अभिमुखीकरणमा सहभागी शिक्षक/मौलानाको संख्यात्मक विवरण<br>२. कार्यसम्पन्न प्रतिवेदन | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, | |

### ७५.कार्यक्रम/ आयोजनाको नामः विपद् व्यवस्थापनका लागि शिक्षा समुह बैठक तथा अन्तर्क्रिया कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४६६ | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५०००२२) | ३०० | आवश्यकता अनुसार | पहिलो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | विपद्का कारण विद्यालय शिक्षा, विद्यार्थी, शिक्षक तथा शैक्षिक पूर्वाधारमा पर्न सक्ने जोखिम न्यूनीकरण, पूर्वतयारी तथा विपद्को समयमा शैक्षिक निरन्तरता कायम गर्न शिक्षा क्षेत्रका सरोकारवालाबीच समन्वय र सहकार्य आवश्यक हुन्छ। यसका लागि शिक्षा समूहको बैठक तथा अन्तर्क्रिया आयोजना गरी विपद् जोखिम व्यवस्थापनसम्बन्धी समस्या, आवश्यकता, प्राथमिकता र कार्ययोजनाका विषयमा छलफल गरिनेछ। विपद्को पूर्व तयारी र विपद्को संभावित जोखिमको विश्लेषण गरी जोखिम न्यूनीकरणका लागि शिक्षा समुहलाई व्यवस्थित र जागरुक बनाउन सहयोग पुग्नेछ । | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. शिक्षा क्षेत्रमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा शैक्षिक निरन्तरताका लागिसमन्वय र सहकार्य अभिवृद्धि गर्नु।<br>२. शिक्षा क्षेत्रमा विपद् व्यवस्थापनसम्बन्धीआवश्यकता, समस्या पहिचान गरी प्रभावकारी कार्ययोजना तथा समाधानका उपाय तय गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. सम्बन्धित निकाय तथा सरोकारवालासँग समन्वय गरी बैठक/अन्तर्क्रियाको आवश्यकता र विषय पहिचान गर्ने।<br>२. प्रदेश तथा स्थानीय तहका शिक्षा निकाय, विपद् व्यवस्थापनसम्बन्धी निकाय, सुरक्षा निकाय, विद्यालय तथा अन्य सरोकारवालाको सहभागिता सुनिश्चित गर्ने।<br>३. विपद् जोखिम, पूर्वतयारी, प्रतिकार्य, सुरक्षित विद्यालय तथा विपद्का समयमाशिक्षा निरन्तरताका विषयमा प्रस्तुतीकरण, समूह छलफल तथा अन्तर्क्रियागर्ने।<br>४. छलफलबाट प्राप्त सुझावका आधारमा प्राथमिकता, जिम्मेवारी र समयसीमासहित आवश्यककार्ययोजना/निर्णय तयारगर्ने।<br>५. बैठकको उपस्थिति, छलफलका विषय, निर्णय, कार्ययोजना तथा सुझाव अभिलेखीकरण गर्ने तथा सम्बन्धित निकायमा पेश गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि र मापदण्डअनुसार खर्च गर्ने । कार्यक्रम सञ्चालन संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. शिक्षा क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, प्रतिकार्य र शैक्षिक निरन्तरताका लागि सरोकारवालाबीच समन्वय र सहकार्यमा सुधार हुने।<br>२. विपद् व्यवस्थापनका प्रमुख समस्या तथा आवश्यकता पहिचान भई कार्यान्वयनयोग्य कार्ययोजना तयार हुने। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |
| अनुगमन सूचक | सञ्चालन भएका बैठक/अन्तर्क्रिया कार्यक्रमको संख्या, सहभागी निकाय तथा प्रतिनिधिको संख्या, | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय , आन्तरिक मामिला तथा कानुन मन्त्रालय | |

### ७६.कार्यक्रम/ आयोजनाको नाम: विद्यालय स्वास्थ्यकर्मी सेवा प्राप्त गरेका विद्यालयका बिच अनुभव आदान प्रदान

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४६७ | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५०००० २२) | ३०० | १ समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाइ तथा सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्न विद्यालयमा आधारभूत स्वास्थ्य सेवाको पहुँच महत्वपूर्ण हुन्छ। विद्यालयमा स्वास्थ्यकर्मीको सेवाबाट विद्यार्थी तथा विद्यालय परिवारलाई सामान्य स्वास्थ्य समस्या, प्राथमिक उपचार, स्वास्थ्य तथा सरसफाइसम्बन्धी सचेतना र विभिन्न समयमा देखापर्ने भाइरल तथा संक्रामक रोगको जोखिम न्यूनीकरणमा सहयोग पुग्दै आएको छ।आर्थिक वर्ष २०८१/८२ देखि निरन्तर सञ्चालन हुँदै आएको यस कार्यक्रमलाई हाल ५० वटा सामुदायिक विद्यालयमा विस्तार गरिएको छ। स्वास्थ्यकर्मी सेवा प्राप्त गरेका विद्यालयहरूले स्वास्थ्य सेवा प्रवाह, स्वास्थ्य सचेतना, प्राथमिक उपचार, विद्यार्थीको स्वास्थ्य समस्या पहिचान तथा विभिन्न समयमा देखापर्ने भाइरल लगायतका स्वास्थ्य समस्याको पूर्वतयारी र व्यवस्थापनमा हासिल गरेका अनुभवहरू एकअर्काबीच आदान–प्रदान गर्दा कार्यक्रमको प्रभावकारिता थप अभिवृद्धि हुने अपेक्षा गरिएको छ।यस कार्यक्रमअन्तर्गत विद्यालय स्वास्थ्यकर्मी, विद्यालय प्रशासन तथा सम्बन्धित सरोकारवालाबीच असल अभ्यास, सिकाइ, समस्या, चुनौती र समाधानका उपायहरू आदान–प्रदान गरिनेछ। यसबाट विद्यालयमा आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्नुका साथै विद्यार्थी तथा विद्यालय समुदायमा स्वास्थ्यसम्बन्धी जागरण र पूर्वतयारीको क्षमता विकास गर्न सहयोग पुग्नेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. विद्यालय स्वास्थ्यकर्मी सेवा प्राप्त गरेका विद्यालयहरूबीच स्वास्थ्य सेवा प्रवाहका असल अभ्यास, अनुभव, सिकाइ तथा चुनौतीहरू आदान–प्रदान गरी सेवा प्रभावकारिता अभिवृद्धि गर्नु।<br>२. विद्यालयमा आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य सचेतना, प्राथमिक उपचार तथा भाइरल/संक्रामक रोगको जोखिम न्यूनीकरण र पूर्वतयारी क्षमता सुदृढ गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. स्वास्थ्यकर्मी सेवा प्राप्त गरिरहेका सामुदायिक विद्यालयको विवरण तथा स्वास्थ्य सेवाको वर्तमान अवस्थाको समीक्षा गर्ने ।<br>२. विद्यालयहरूले स्वास्थ्य सेवा सञ्चालनका क्रममा गरेका असल अभ्यास, उपलब्धि, समस्या तथा चुनौती पहिचान गर्ने ।<br>३. विद्यालय स्वास्थ्यकर्मी, प्रधानाध्यापक तथा सम्बन्धित सरोकारवालाको सहभागितामा अनुभव आदान–प्रदान कार्यक्रम सञ्चालन गर्ने ।<br>४. प्राथमिक उपचार, विद्यार्थी स्वास्थ्य जाँच, स्वास्थ्य सचेतना, पोषण, सरसफाइ तथा विभिन्न समयमा देखापर्ने भाइरल तथा संक्रामक रोगको रोकथाम र पूर्वतयारी सम्बन्धी अभ्यास प्रस्तुत तथा छलफल गर्ने ।<br>५. प्रभावकारी अभ्यास भएका विद्यालयलाई आफ्नो अनुभव अन्य विद्यालयसँग साझा गर्न अवसर प्रदान गर्ने ।<br>६. विद्यालय स्वास्थ्यकर्मीले स्वास्थ्यसम्बन्धी समस्या पहिचान, प्राथमिक उपचार तथा आवश्यक अवस्थामा स्वास्थ्य संस्थासँग समन्वय गर्ने प्रक्रियाबारे अनुभव आदान–प्रदान गर्नेछन्।<br>७. अनुभव आदान–प्रदानबाट प्राप्त सिकाइलाई अन्य विद्यालयमा अनुकरण तथा प्रयोग गर्न सकिने असल अभ्यासका रूपमा अभिलेखीकरण गर्ने ।<br>८. सम्बन्धित निकायबाट कार्यक्रमको अनुगमन गरी प्राप्त उपलब्धि तथा सुधार गर्नुपर्ने पक्ष समेटिएको प्रतिवेदन तयार गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित कानून बमोजिम खर्च गर्ने ।<br>कार्यसम्पादन पश्चात संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. सामुदायिक विद्यालयमा कार्यरत स्वास्थ्यकर्मी तथा विद्यालय व्यवस्थापनबीच स्वास्थ्य सेवा प्रवाहका असल अभ्यास र अनुभव आदान–प्रदान भई विद्यालय स्वास्थ्य सेवाको प्रभावकारिता बढ्नेछ।<br>२. विद्यार्थी तथा विद्यालय समुदायमा स्वास्थ्य सचेतना, प्राथमिक उपचार तथा विभिन्न | |

| | | |
|---|---|---|
| | भाइरल/संक्रामक रोगको रोकथाम र पूर्वतयारी सम्बन्धी क्षमता अभिवृद्धि हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |
| अनुगमन सूचक | १. अनुभव आदान–प्रदान कार्यक्रममा सहभागी विद्यालय, स्वास्थ्यकर्मी तथा सरोकारवालाको संख्यात्मक विवरण<br>२. कार्यसम्पन्न प्रतिवेदन | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय | |

### ७७.कार्यक्रम/ आयोजनाको नामः विद्यालय बाहिर रहेका बालबालिकाहरुको प्रोफाइल तयारी र प्रकाशन

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उपशीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४६८ | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५००००२२) | ५०० | १ वटा | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक सुनिश्चित गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा सम्बन्धित कानुनी व्यवस्थाअनुसार विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना गराई आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क रूपमा उपलब्ध गराउने राज्यको दायित्व रहेको छ। नेपाल सरकारले वि.सं. २०८५ वैशाख १ गतेसम्म अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कानुनी व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयन गरी विद्यालय उमेर समूहका कुनै पनि बालबालिका आधारभूत तहको शिक्षाबाट वञ्चित नरहने लक्ष्य लिएको सन्दर्भमा विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान, अभिलेखीकरण, प्रोफाइल तयारी र लक्षित हस्तक्षेप आवश्यक रहेको छ।यस कार्यक्रमअन्तर्गत प्रदेशभित्रका विद्यालय उमेर समूहका तर विद्यालयमा भर्ना नभएका, भर्ना भएर पनि विद्यालय छाडेका तथा आधारभूत तहको शिक्षा पूरा नगरेका बालबालिकाको स्थानीय तह तथा विद्यालय तहबाट तथ्याङ्क संकलन गरी बालबालिकाको व्यक्तिगत तथा पारिवारिक अवस्था, उमेर, लिङ्ग, बसोबासको स्थान, विद्यालय बाहिर रहनुको कारण, सामाजिक तथा आर्थिक अवस्था, अपाङ्गता, जोखिमको अवस्था, विद्यालयमा पुनः भर्ना हुन आवश्यक सहयोग तथा सम्बन्धित स्थानीय तह/विद्यालयको विवरणसहितको प्रोफाइल तयार गरिनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. प्रदेशभित्र विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका तथा आधारभूत तहको शिक्षा पूरा नगरेका बालबालिकाको वास्तविक र अद्यावधिक तथ्याङ्क तथा प्रोफाइल तयार गर्नु।<br>२. विद्यालय बाहिर रहनुका प्रमुख कारण पहिचान गरी सम्बन्धित बालबालिकालाई विद्यालयमा ल्याउन आवश्यक लक्षित नीति, कार्यक्रम तथा सहयोगका लागि आधार तयार गर्नु।<br>३. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्‍याई विद्यालय उमेर समूहका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा समावेश गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. कार्यक्रमको समन्वय तथा कार्यढाँचा निर्धारण,<br>२. स्थानीय तह तथा विद्यालयसँग तथ्याङ्क सत्यापन<br>३. प्रदेशस्तरबाट प्राविधिक सहजीकरण, | |

| | | |
|---|---|---|
| | ४. डिभिजनस्तरमा प्रोफाइल तयारी,<br>५. डिभिजनस्तरीय प्रोफाइलको सत्यापन,<br>६. डिभिजन स्तरीय विवरणको एकीकरण तथा विश्लेषण,<br>७. प्रदेशस्तरीय प्रोफाइल प्रकाशन, | |
| खर्च प्रक्रिया र प्रतिवेदन | १. स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि, कानून तथा प्रदेश सरकारका स्वीकृत मापदण्ड अनुसार खर्च गर्ने ।<br>२. प्रोफाइल समावेश गरी प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. प्रदेशभित्र विद्यालय बाहिर रहेका बालबालिकाको अद्यावधिक प्रोफाइल तयार हुनेछ । | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |
| अनुगमन सूचक | विद्यालय बाहिर रहेका बालबालिकाको प्रोफाइल । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग | |

## ७८.कार्यक्रम/ आयोजनाको नामः विशेष शिक्षा स्रोत कक्षाका स्रोत शिक्षकका लागि व्यवस्थापकीय क्षमता विकास तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट तथा खर्च शीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४६४ | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५०००२२) | ६०० | २ समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | विशेष आवश्यकता भएका बालबालिकाको शिक्षण–सिकाइलाई प्रभावकारी बनाउन विद्यालयमा सञ्चालन हुने स्रोत कक्षाको व्यवस्थापन सामान्य कक्षाकोठा व्यवस्थापनभन्दा फरक र संवेदनशील प्रकृतिको हुन्छ। स्रोत कक्षामा रहेका बालबालिकाको शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक तथा सञ्चारसम्बन्धी आवश्यकता फरक–फरक हुने भएकाले स्रोत शिक्षकमा विषयगत शिक्षण सीपसँगै बालबालिकाको मनोविज्ञान, व्यवहार, संवेग, अभिभावकीय सम्बन्ध, समावेशी वातावरण निर्माण तथा स्रोत व्यवस्थापनसम्बन्धी व्यवस्थापकीय क्षमता आवश्यक हुन्छ।स्रोत कक्षाको प्रभावकारी व्यवस्थापनका लागि बालबालिकाको व्यक्तिगत आवश्यकता पहिचान, व्यक्तिगत सिकाइ योजना निर्माण, सिकाइ सामग्री तथा सहायक सामग्रीको उचित प्रयोग, कक्षाको भौतिक तथा मनोसामाजिक वातावरण व्यवस्थापन, अभिभावक तथा सम्बन्धित सरोकारवालासँग समन्वय र स्रोत कक्षाको अभिलेख व्यवस्थापन महत्वपूर्ण हुन्छ। न्यूनतम शैक्षिक योग्यता र सीमित अनुभवका आधारमा जिम्मेवारी निर्वाह गरिरहेका स्रोत शिक्षकका लागि यस्ता विषयमा नियमित क्षमता विकासका अवसर आवश्यक देखिन्छन्।यसै सन्दर्भमा विशेष शिक्षा स्रोत कक्षामा कार्यरत स्रोत शिक्षकको शैक्षिक, मनोसामाजिक, व्यवस्थापकीय, समन्वयात्मक तथा नेतृत्व क्षमता अभिवृद्धि गरी स्रोत कक्षालाई बालमैत्री, अपाङ्गतामैत्री, समावेशी र प्रभावकारी सिकाइ केन्द्रका रूपमा विकास गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. स्रोत शिक्षकमा विशेष शिक्षा तथा स्रोत कक्षा व्यवस्थापनसम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने।<br>२. विशेष आवश्यकता भएका बालबालिकाको मनोभावना, व्यवहार र संवेगात्मक आवश्यकतालाई बुझी बालमैत्री सिकाइ वातावरण निर्माण गर्न सक्षम बनाउने। | |

| | | |
|---|---|---|
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आवश्यकता पहिचान: स्रोत कक्षा सञ्चालन भएका विद्यालय तथा कार्यरत स्रोत शिक्षकको क्षमता, आवश्यकता र विद्यमान व्यवस्थापकीय अवस्थाको प्रारम्भिक पहिचान गर्ने ।<br>२. तालिम पाठ्यक्रम तथा सामग्री विकास: पहिचान भएका आवश्यकताका आधारमा विशेष शिक्षा, बाल मनोविज्ञान, स्रोत कक्षा व्यवस्थापन, व्यवहार व्यवस्थापन तथा अभिभावक समन्वयसम्बन्धी व्यावहारिक तालिम सामग्री तयार गर्ने ।<br>३. प्रशिक्षक छनोट: विशेष शिक्षा, मनोविज्ञान, समावेशी शिक्षा, स्रोत कक्षा व्यवस्थापन तथा बाल विकासका क्षेत्रमा अनुभव भएका विज्ञ/प्रशिक्षकबाट तालिम सञ्चालन गर्ने।<br>४. सहभागी छनोट: प्रदेशभित्रका स्रोत कक्षा सञ्चालन भएका विद्यालयका स्रोत शिक्षकलाई आवश्यकता, भौगोलिक प्रतिनिधित्व र प्राथमिकताका आधारमा सहभागी गराउने ।<br>५. सहभागितामूलक तालिम सञ्चालन: व्याख्यानभन्दा बढी समूह छलफल, केस अध्ययन, भूमिका निर्वाह, समस्या समाधान, अनुभव आदान–प्रदान, व्यवहारिक अभ्यास तथा विद्यालयमा प्रयोग गर्न सकिने नमुना अभ्यासमार्फत तालिम सञ्चालन गर्ने ।<br>६. व्यावहारिक अभ्यास: बालबालिकाको व्यवहार पहिचान, कक्षा व्यवस्थापन, सहायक सामग्रीको प्रयोग, अभिलेख व्यवस्थापन तथा अभिभावकसँग परामर्श गर्ने अभ्यास गराउने ।<br>७. असल अभ्यास आदान–प्रदान: प्रभावकारी रूपमा स्रोत कक्षा सञ्चालन गरिरहेका विद्यालय तथा स्रोत शिक्षकका अभ्यास प्रस्तुत गरी सहभागीबीच अनुभव आदान–प्रदान गराउने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत कार्यक्रम बजेट तथा प्रचलित आर्थिक कार्यविधि/नियमअनुसार खर्च गर्ने । कार्यक्रम सम्पन्न भएपछि संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. स्रोत शिक्षकको विशेष शिक्षा तथा स्रोत कक्षा व्यवस्थापनसम्बन्धी ज्ञान, सीप र व्यवस्थापकीय क्षमता अभिवृद्धि हुनेछ।<br>२. विशेष आवश्यकता भएका बालबालिकाको मनोवैज्ञानिक, संवेगात्मक तथा व्यवहारगत आवश्यकता पहिचान गरी उपयुक्त सिकाइ वातावरण निर्माण गर्ने क्षमता विकास हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | तालिम प्राप्त स्रोत शिक्षकको संख्यात्मक विवरण र फोटो | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग, | |

### ७९.कार्यक्रम/ आयोजनाको नामः अपाङ्गता भएका शिक्षकका लागि डिजिटल सीप विकास तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट तथा खर्च शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४२७ | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५०००२२) | ५०० | १ समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | वर्तमान डिजिटल युगमा शिक्षण–सिकाइ प्रक्रियालाई प्रभावकारी, पहुँचयोग्य, समावेशी तथा प्रविधिमैत्री बनाउन शिक्षकमा डिजिटल सीपको विकास अपरिहार्य भएको छ। सूचना तथा सञ्चार प्रविधिको तीव्र विकाससँगै डिजिटल सामग्रीको प्रयोग, अनलाइन स्रोतमा पहुँच, डिजिटल शिक्षण सामग्री निर्माण, भर्चुअल तथा हाइब्रिड शिक्षण, कृत्रिम बौद्धिकता लगायतका प्रविधिको प्रयोग शिक्षण सिकाइको महत्वपूर्ण पक्ष बन्दै गएको छ।अपाङ्गता भएका शिक्षकहरू पनि साधारण तथा विशेष कक्षामा शिक्षण कार्यमा संलग्न रहेको | कैफियत |

| | | |
|---|---|---|
| | अवस्थामा उनीहरूको अपाङ्गताको प्रकृति र आवश्यकता अनुकूल डिजिटल सीप तथा प्रविधिको पहुँच र प्रयोग क्षमता विकास गर्नु समावेशी शिक्षाको महत्वपूर्ण पक्ष हो। विद्यमान डिजिटल प्रविधिको प्रयोगमा आवश्यक ज्ञान, सीप तथा आत्मविश्वासको अभावले शिक्षण कार्यमा चुनौती सिर्जना गर्न सक्ने भएकाले त्यस्ता शिक्षकलाई उनीहरूसँग उपलब्ध सहयोगी सामग्री (Assistive Devices/Technology) को प्रभावकारी प्रयोगसहित डिजिटल सीप विकास गराउनु आवश्यक छायस कार्यक्रमअन्तर्गत प्रदेश शिक्षा तालिम केन्द्रबाट अपाङ्गता भएका शिक्षकहरूको आवश्यकता पहिचान गरी उनीहरूको अपाङ्गताको प्रकृति, प्रयोग गरिरहेका सहयोगी सामग्री तथा डिजिटल सीपको वर्तमान अवस्थाका आधारमा व्यावहारिक तथा आवश्यकता-आधारित डिजिटल सीप विकास तालिम सञ्चालन गरिनेछ। | |
| कार्यक्रमको उद्देश्य | १. अपाङ्गता भएका शिक्षकहरूको आवश्यकतामा आधारित डिजिटल सीप तथा प्रविधिको प्रयोग क्षमता विकास गर्नु।<br>२. शिक्षकहरूले आफूले प्रयोग गरिरहेका सहयोगी सामग्री तथा प्रविधिको प्रभावकारी प्रयोग गरी साधारण तथा विशेष कक्षाको शिक्षण–सिकाइलाई पहुँचयोग्य, प्रविधिमैत्री तथा प्रभावकारी बनाउन सक्षम बनाउनु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आवश्यकता पहिचान,<br>२. सहभागी छनोट,<br>३. तालिम पाठ्यक्रम तथा सामग्री तयारी,<br>४. सहयोगी प्रविधिको प्रयोगमा जोड,<br>५. प्रयोगात्मक तालिम सञ्चालन,<br>६. डिजिटल शिक्षण सामग्री निर्माणमा सहजीकरण,<br>७. कृत्रिम बौद्धिकता तथा डिजिटल स्रोतको प्रयोग, | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित आर्थिक कार्यविधि अनुसार स्वीकृत खर्च गर्ने। संक्षिप्त प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | १. अपाङ्गता भएका शिक्षकहरूको डिजिटल सीप, आत्मविश्वास तथा सहयोगी प्रविधिको प्रयोग क्षमता अभिवृद्धि हुनेछ।<br>२. सहभागी शिक्षकहरूले आफ्नो अपाङ्गताको प्रकृति तथा आवश्यकताअनुसार डिजिटल उपकरण तथा सहयोगी सामग्रीको प्रभावकारी प्रयोग गर्न सक्षम हुनेछन्। | |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश शिक्षा तालिम केन्द्र | |
| अनुगमन सूचक | तालिममा सहभागी अपाङ्गता भएका शिक्षकहरूको विवरण र फोटो। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ८०.कार्यक्रम/ आयोजनाको नाम: स्थानीय तहसँगको समन्वयमा विद्यालय बाहिर रहेकाबालबालिका पहिचान तथा प्रोफाइल तयारी

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४३० | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५०००००२२) | २००(प्रति डिभिजन) | १ वटा | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक सुनिश्चित गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा प्रचलित कानुनी व्यवस्थाअनुसार विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना गराई आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क रूपमा उपलब्ध गराउनु राज्यको दायित्व हो। नेपाल सरकारले वि.सं. २०८५ वैशाख १ गतेसम्म अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गरी विद्यालय उमेर समूहका कुनै पनि बालबालिका आधारभूत शिक्षाबाट वञ्चित नरहने लक्ष्य लिएको सन्दर्भमा विद्यालय बाहिर रहेका बालबालिकाको यथार्थ पहिचान, अभिलेखीकरण तथा लक्षित हस्तक्षेप आवश्यक रहेको छ।विद्यालय बाहिर रहेका बालबालिकाको वास्तविक अवस्था पहिचान गर्न स्थानीय तहको प्रत्यक्ष सहभागिता र विद्यालय, समुदाय तथा अभिभावकसँगको समन्वय अत्यन्त महत्वपूर्ण हुन्छ। यसै सन्दर्भमा प्रदेशअन्तर्गतका शिक्षा विकास तथा समन्वय/शिक्षा तालिम/डिभिजन कार्यालयले आफ्नो कार्यक्षेत्रअन्तर्गत पर्ने दुई–दुई जिल्लाका स्थानीय तहसँग पर्याप्त समन्वय र सहकार्य गरी विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा उनीहरूको विस्तृत प्रोफाइल तयार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. डिभिजन कार्यालयको कार्यक्षेत्रअन्तर्गतका स्थानीय तहसँग समन्वय र सहकार्य गरी विद्यालय बाहिर रहेका बालबालिकाको वास्तविक तथा अद्यावधिक पहिचान र प्रोफाइल तयार गर्नु।<br>२. विद्यालय बाहिर रहनुका प्रमुख कारण, जोखिम तथा आवश्यक सहयोग पहिचान गरी पुनःभर्ना, शिक्षामा निरन्तरता तथा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि तथ्यमा आधारित योजना निर्माणको आधार तयार गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. मन्त्रालयसँगको समन्वयमा प्रोफाइलको ढाँचा निर्धारण,<br>२. प्रदेश तथा स्थानीय तहसँग समन्वय र पूर्वतयारी,<br>३. सम्बन्धित स्थानीय तहसँगको समन्वयमा विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा तथ्याङ्क संकलन,<br>४. डिभिजनस्तरीय एकीकरण तथा सत्यापन,<br>५. प्रोफाइल निर्माण र प्रकाशन, | |
| खर्च प्रक्रिया र प्रतिवेदन | १. स्वीकृत बजेटको सीमाभित्र रही प्रचलित आर्थिक कार्यविधि, सार्वजनिक खरिदसम्बन्धी कानून तथा स्वीकृत मापदण्डअनुसार खर्च गर्ने।<br>२. निर्मित प्रोफाइल सहितको प्रतिवेदन। | |
| अपेक्षित उपलब्धी | १. विद्यालय बाहिर रहेका बालबालिकाको वास्तविक तथा अद्यावधिक विवरण पहिचान हुनेछ।<br>२. डिभिजनस्तरीय प्रोफाइल तयार हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | निर्मित डिभिजनस्तरीय प्रोफाइल। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, | |

## ८१.कार्यक्रम/ आयोजनाको नामः सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताका लागि निरन्तर सिकाई व्यवस्थापनका लागि क्षमता विकास तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४३१ | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५०००२२) | २००(प्रति डिभिजन) | १ समुह (प्रति | दोस्रो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | डिभिजन) | |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | सामुदायिक सिकाइ केन्द्र समुदायस्तरमा शिक्षा, सूचना, ज्ञान तथा सीपको पहुँच विस्तार गर्ने महत्वपूर्ण सामुदायिक संस्था हुन्। औपचारिक विद्यालय शिक्षाबाट बाहिर रहेका तथा विगतमा अनौपचारिक वा अनियमित प्रक्रियाबाट साक्षर भएका नागरिकमा निरन्तर सिकाइको अवसर सिर्जना गर्नु, उनीहरूको ज्ञान तथा सीपलाई समसामयिक बनाउनु र जीवनोपयोगी क्षमता विकास गर्नु सामुदायिक सिकाइ केन्द्रको महत्वपूर्ण कार्य हो।वर्तमान प्रविधिजन्य युगमा सूचना तथा ज्ञानको स्वरूप, पहुँच र प्रयोगमा तीव्र परिवर्तन भइरहेको अवस्थामा सामुदायिक सिकाइ केन्द्रलाई समुदायस्तरको सूचना तथा ज्ञान व्यवस्थापनको सक्षम एकाइका रूपमा विकास गर्न सहजकर्ताको क्षमता विकास आवश्यक रहेको छ। सहजकर्तामा डिजिटल प्रविधि, सूचना व्यवस्थापन, सिकाइ सहजीकरण, समुदाय परिचालन, जीवनपर्यन्त सिकाइ तथा स्थानीय आवश्यकता पहिचानसम्बन्धी क्षमता विकास भएमा समुदायका नागरिकलाई समसामयिक ज्ञान, सूचना तथा सीपमा जोड्न प्रभावकारी भूमिका निर्वाह गर्न सक्नेछन्। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताको निरन्तर सिकाइ व्यवस्थापन, डिजिटल प्रविधि, सूचना तथा ज्ञान व्यवस्थापन र सिकाइ सहजीकरणसम्बन्धी क्षमता विकास गर्नु।<br>२. अनौपचारिक वा अनियमित प्रक्रियाबाट साक्षर भएका नागरिकका लागि समसामयिक ज्ञान, सूचना, डिजिटल साक्षरता तथा जीवनोपयोगी सीपमा आधारित निरन्तर सिकाइका अवसर सिर्जना गर्न सहजकर्तालाई सक्षम बनाउनु । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. मन्त्रालयले प्रदेशमा रहेका सामुदायिक सिकाइ केन्द्रको अद्यावधिक विवरण तयार गरी डिभिजन कार्यालयगत रूपमा केन्द्र तथा सहजकर्ताको संख्या उपलब्ध गराउने ।<br>२. सम्बन्धित डिभिजन कार्यालयले स्थानीय तह तथा सामुदायिक सिकाइ केन्द्रसँग समन्वय गरी सहजकर्ताको आवश्यकता तथा विद्यमान क्षमता पहिचान गर्ने।<br>३. सम्बन्धित डिभिजन कार्यालयबाट सहजकर्ताका लागि प्रयोगात्मक तथा सहभागितामूलक क्षमता विकास तालिम सञ्चालन गर्ने।<br>४. कुनै डिभिजनमा केन्द्रको संख्या बढी वा कम भएमा प्रदेश मन्त्रालयले डिभिजन कार्यालयबीच समन्वय गरी अतिरिक्त समूह वा अन्तर-डिभिजन सहभागिताको व्यवस्था मार्फत सबै सहजकर्ताको सहभागिता सुनिश्चित गर्ने। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेटको सीमाभित्र रही प्रचलित आर्थिक कार्यविधि, सार्वजनिक खरिदसम्बन्धी कानून तथा प्रदेश सरकारका स्वीकृत मापदण्डअनुसार खर्च गर्ने । कार्यक्रम सम्पन्न पछि संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. प्रदेशका सबै सामुदायिक सिकाइ केन्द्रका सहजकर्तालाई क्षमता विकास तालिममा पहुँच सुनिश्चित हुनेछ।<br>२. सहजकर्ताको डिजिटल साक्षरता, सूचना तथा ज्ञान व्यवस्थापन र निरन्तर सिकाइ सहजीकरणसम्बन्धी क्षमता अभिवृद्धि हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | सामुदायिक सिकाइ केन्द्रमध्ये तालिममा सहभागी गराइएका केन्द्रको संख्यात्मक विवरण र फोटो । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ८२.कार्यक्रम/ आयोजनाको नाम: विद्यार्थीमा बालबिवाह, बालश्रम तथा लागुपदार्थ दुर्व्यसनी विरुद्धका सचेतना लगायतका कार्यक्रम सञ्चालन (जिल्लास्तर)

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४३३ | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५०००००२२) | ३००(प्रति डिभिजन) | २ समुह | दोस्रो र तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | बालविवाह, बालश्रम तथा लागुपदार्थ दुर्व्यसन बालबालिकाको शिक्षा, स्वास्थ्य, व्यक्तित्व विकास तथा भविष्यमा प्रत्यक्ष असर पार्ने सामाजिक समस्या हुन्। विशेषगरी किशोरावस्थामा उचित जानकारी, मार्गदर्शन तथा सकारात्मक वातावरणको अभाव हुँदा बालबालिका यस्ता जोखिमपूर्ण गतिविधिमा फस्ने सम्भावना बढ्न सक्छ।यस प्रदेशमा लागुपदार्थ दुर्व्यसन तथा बालविवाहको अवस्था चिन्ताजनक रहेको सन्दर्भमा विद्यालयलाई ज्ञान, सूचना तथा सामाजिक सचेतनाको महत्वपूर्ण आधारका रूपमा उपयोग गर्नु आवश्यक छ। विद्यार्थीलाई बालविवाह, बालश्रम तथा लागुपदार्थ दुर्व्यसनका कारण, असर, कानुनी व्यवस्था, रोकथामका उपाय तथा जोखिमबाट सुरक्षित रहने व्यवहारबारे समयमै जानकारी गराई सचेत र जिम्मेवार नागरिकका रूपमा विकास गर्ने उद्देश्यले जिल्लास्तरमा यो कार्यक्रम सञ्चालन गरिनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. विद्यार्थीलाई बालविवाह, बालश्रम तथा लागुपदार्थ दुर्व्यसनका कारण, असर, जोखिम, कानुनी व्यवस्था तथा रोकथामका उपायबारे जानकारी गराई सचेत बनाउनु।<br>२. विद्यार्थीमा स्वस्थ, सुरक्षित, जिम्मेवार तथा सकारात्मक जीवनशैलीको विकास गर्दै सामाजिक विकृति तथा जोखिमपूर्ण व्यवहार न्यूनीकरणमा विद्यालय, परिवार र समुदायको भूमिका सुदृढ गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आवश्यकता पहिचान: जिल्लाको अवस्था, विद्यालयको आवश्यकता तथा उपलब्ध तथ्याङ्कका आधारमा लक्षित विद्यालय तथा विद्यार्थी पहिचान गर्ने।<br>२. समन्वय तथा योजना निर्माण: सम्बन्धित डिभिजन कार्यालयले स्थानीय तह, विद्यालय, प्रहरी, स्वास्थ्य संस्था, बाल संरक्षणसम्बन्धी निकाय तथा अन्य सरोकारवालासँग समन्वय गरी कार्यक्रमको कार्ययोजना तयार गर्ने।<br>३. सहभागी छनोट: लक्षित विद्यालय तथा विद्यार्थी छनोट गरी आवश्यकताअनुसार शिक्षक, अभिभावक तथा अन्य सरोकारवालालाई समेत सहभागी गराउने।<br>४. सचेतनामूलक कार्यक्रम सञ्चालन: विशेषज्ञ/सम्बन्धित निकायका प्रतिनिधिबाट प्रस्तुतीकरण, अन्तरक्रिया, छलफल, प्रश्नोत्तर, अनुभव आदानप्रदान तथा सचेतनामूलक सामग्रीमार्फत कार्यक्रम सञ्चालन गर्ने।<br>५. व्यावहारिक तथा सहभागितामूलक विधि: विद्यार्थीको सक्रिय सहभागिताका लागि नाटक, सडक नाटक, वक्तृत्व, पोस्टर, चित्रकला, भिडियो प्रदर्शन, समूह छलफल तथा अन्य सिर्जनात्मक गतिविधि सञ्चालन गर्न सके थप प्रभावकारी हुने।<br>६. विद्यालयस्तरीय निरन्तरता: कार्यक्रमपछि विद्यालयले बालविवाह, बालश्रम तथा लागुपदार्थ दुर्व्यसनविरुद्ध नियमित सचेतना, परामर्श तथा बाल संरक्षणसम्बन्धी गतिविधि सञ्चालन गर्ने व्यवस्था मिलाउने। | |

| | | |
|---|---|---|
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा आर्थिक कार्यविधि बमोजिम खर्च गर्ने । कार्यक्रम सम्पन्न भएपछि प्रगति प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. विद्यार्थीमा बालविवाह, बालश्रम तथा लागुपदार्थ दुर्व्यसनका कारण, असर, जोखिम तथा रोकथामका उपायबारे ज्ञान र सचेतना अभिवृद्धि भएको हुनेछ।<br>२. विद्यार्थीमा सकारात्मक जीवनशैली तथा जोखिमपूर्ण व्यवहारबाट बच्ने क्षमता विकास भई विद्यालय, परिवार तथा समुदायमा बालविवाह, बालश्रम तथा लागुपदार्थ दुर्व्यसन न्यूनीकरणका लागि सकारात्मक वातावरण निर्माणमा योगदान पुगेको हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिबिजन कार्यालय सबै | |
| अनुगमन सूचक | सचेतना कार्यक्रममा सहभागी विद्यार्थीको संख्यात्मक विवरण र फोटो । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ८३.कार्यक्रम/ आयोजनाको नामः माध्यमिक विद्यालयमा ज्येष्ठ नागरिकहरुमा अन्तरपुस्ता ज्ञान सीप र अनुभव हस्तान्तरण कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४३४ | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५०००२२) | २००(प्रति डिभिजन) | आवश्य कता अनुसार | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | परिवर्तित सामाजिक संरचना, एकल परिवारको बढ्दो अभ्यास, प्रविधिमा आधारित जीवनशैली तथा पुस्ताबीचको संवादमा आएको कमीका कारण वर्तमान पुस्ताका बालबालिका तथा किशोरकिशोरीले अघिल्लो पुस्ताबाट प्राप्त हुने जीवन अनुभव, सामाजिक मूल्य, परम्परागत ज्ञान, सीप, संस्कार तथा जीवन दर्शन सिक्ने अवसर क्रमशः सीमित हुँदै गएको छ। विद्यालय तहमा अध्ययनरत विद्यार्थीमा देखिने अधैर्यता, बेचैनी तथा सामाजिक मूल्यप्रतिको दूरीलाई पुस्ताबीचको संवाद र अनुभव आदानप्रदानबाट समेत सम्बोधन गर्न सकिन्छ।ज्येष्ठ नागरिकहरू समाजका जीवित अनुभव र इतिहासका स्रोत हुन्। उनीहरूले भोगेको सामाजिक, सांस्कृतिक, आर्थिक तथा पारिवारिक जीवनका अनुभवलाई वर्तमान पुस्तासँग जोड्दा विद्यार्थीले विगतको जीवन, संघर्ष, उपलब्धि, सामाजिक मूल्य तथा व्यवहारिक ज्ञान बुझ्ने अवसर प्राप्त गर्दछन्। यस कार्यक्रममार्फत माध्यमिक विद्यालयका विद्यार्थी र समुदायमा रहेका ज्येष्ठ नागरिकबीच नियमित तथा संरचित अन्तरसंवाद, अनुभव आदानप्रदान र ज्ञान हस्तान्तरणको वातावरण सिर्जना गरिनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. माध्यमिक तहका विद्यार्थी र ज्येष्ठ नागरिकबीच अन्तरसंवाद तथा अनुभव आदानप्रदानको अवसर सिर्जना गरी विद्यार्थीमा सकारात्मक जीवनदृष्टि सहितको जीवनोपयोगी ज्ञान र विकास गर्नु।<br>२. ज्येष्ठ नागरिकमा रहेको परम्परागत ज्ञान, सीप तथा जीवन अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै अन्तरपुस्ता समता र एकता सुदृढ गरी सामाजिक खुसी व्यवस्थापन गर्नु । | |

| | | |
|---|---|---|
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. विद्यालय तथा समुदाय छनोट: कार्यक्रम सञ्चालनका लागि माध्यमिक विद्यालय छनोट गरी सम्बन्धित विद्यालय रहेको समुदायका सक्रिय तथा अनुभवयुक्त ज्येष्ठ नागरिकको पहिचान गर्ने।<br>२. ज्येष्ठ नागरिकको पहिचान: स्थानीय तह, वडा, ज्येष्ठ नागरिक संघ/समूह तथा समुदायसँग समन्वय गरी विभिन्न क्षेत्रको अनुभव तथा ज्ञान भएका ज्येष्ठ नागरिकको सूची तयार गर्ने।<br>३. विषय निर्धारण: विद्यालय र ज्येष्ठ नागरिकसँगको समन्वयमा विद्यार्थीका लागि उपयोगी जीवन अनुभव, स्थानीय इतिहास, संस्कृति, सीप तथा जीवन दर्शनका विषय निर्धारण गर्ने।<br>४. अन्तरसंवाद कार्यक्रम सञ्चालन: विद्यालयमा ज्येष्ठ नागरिक तथा विद्यार्थीबीच प्रत्यक्ष संवाद, प्रश्नोत्तर, अनुभव आदानप्रदान तथा छलफल सञ्चालन गर्ने।<br>५. अनुभव कथन तथा प्रस्तुतीकरण: ज्येष्ठ नागरिकले आफ्नो जीवनका महत्वपूर्ण अनुभव, संघर्ष, सफलता, सामाजिक परिवर्तन तथा सिकाइ विद्यार्थीसमक्ष प्रस्तुत गर्ने व्यवस्था गर्ने।<br>६. विद्यार्थीको सहभागिता: विद्यार्थीलाई प्रश्न तयार गर्ने, संवाद सञ्चालन गर्ने, अनुभव अभिलेख गर्ने, प्रतिवेदन लेख्ने तथा सिकाइलाई सिर्जनात्मक रूपमा प्रस्तुत गर्ने अवसर दिने।<br>७. ज्ञान अभिलेखीकरण: ज्येष्ठ नागरिकबाट प्राप्त महत्वपूर्ण अनुभव, स्थानीय इतिहास, कथा, ज्ञान तथा सीपलाई विद्यार्थीको सहभागितामा लिखित, श्रव्य वा दृश्य माध्यमबाट अभिलेखीकरण गर्न सकिने | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा आर्थिक कार्यविधि बमोजिम खर्च गर्ने। कार्यक्रम सम्पन्न भएपछि संक्षिप्त प्रगति प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | १. माध्यमिक तहका विद्यार्थीले ज्येष्ठ नागरिकबाट जीवन अनुभव, परम्परागत ज्ञान, सीप तथा जीवन दर्शनसम्बन्धी व्यवहारिक ज्ञान प्राप्त गर्ने अवसर पाएका हुनेछन्।<br>२. विद्यार्थीमा धैर्यता, अनुशासन, सामाजिक उत्तरदायित्व, ज्येष्ठ नागरिकप्रतिको सम्मान तथा सकारात्मक जीवनदृष्टिको विकास भई पुस्ताबीचको सम्बन्ध र सामाजिक सद्भाव सुदृढ भएको हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | कार्यक्रम सञ्चालन भएका माध्यमिक विद्यालय, विद्यार्थी तथा ज्येष्ठ नागरिकको संख्यात्मक विवरण र फोटो। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ८४.कार्यक्रम/ आयोजनाको नाम: दृष्टिविहिन अपाङ्गता भएका बालबालिकाका लागि ब्रेल सामग्री तथा अन्य शैक्षिक सामग्री सहयोग कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४३५ | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५०००२२) | २००(प्रति डिभिजन) | आवश्य कता | दोस्रो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अनुसार | |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | दृष्टिविहीन तथा दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाले सामान्य शैक्षिक सामग्रीको प्रयोगबाट अध्ययन गर्न कठिनाइ भोग्ने भएकाले उनीहरूको सिकाइ आवश्यकताअनुकूल ब्रेल सामग्री तथा अन्य सहायक शैक्षिक सामग्रीको उपलब्धता आवश्यक हुन्छ। उपयुक्त शैक्षिक सामग्रीको अभावमा यस्ता बालबालिकाको विद्यालयमा पहुँच, नियमितता, सिकाइमा सहभागिता तथा शैक्षिक उपलब्धिमा प्रतिकूल असर पर्न सक्ने अवस्था रहन्छ।यस कार्यक्रममार्फत दृष्टिविहीन तथा दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाको आवश्यकता पहिचान गरी ब्रेल पाठ्यसामग्री, ब्रेल लेखन सामग्री तथा आवश्यकताअनुसार अन्य सहायक शैक्षिक सामग्री उपलब्ध गराइनेछ। कार्यक्रम प्रदेशका सबै सम्बन्धित डिभिजन कार्यालयमार्फत सञ्चालन गरी लक्षित बालबालिकालाई विद्यालयको समन्वयमा सहयोग उपलब्ध गराउने व्यवस्था गरिनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. दृष्टिविहीन तथा दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई आवश्यकता अनुसार ब्रेल तथा अन्य सहायक शैक्षिक सामग्री उपलब्ध गराई शिक्षामा पहुँच तथा सिकाइमा सहजीकरण गर्नु।<br>२. दृष्टिविहीन अपाङ्गता भएका बालबालिकाको विद्यालय निरन्तरता, सहभागिता तथा शैक्षिक उपलब्धि अभिवृद्धि गर्दै समावेशी शिक्षाको प्रवर्द्धन गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. लाभग्राही पहिचान: सम्बन्धित डिभिजन कार्यालयले स्थानीय तह तथा विद्यालयसँग समन्वय गरी दृष्टिविहीन तथा दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाको विवरण संकलन गर्ने ।<br>२. आवश्यकता निर्धारण: विद्यार्थीको दृष्टिसम्बन्धी अवस्था, कक्षा, पाठ्यक्रम तथा सिकाइ आवश्यकताका आधारमा आवश्यक ब्रेल तथा अन्य शैक्षिक सामग्रीको पहिचान गर्ने ।<br>३. आवेदन तथा छनोट: विद्यार्थी/अभिभावकबाट आवश्यक कागजातसहित आवेदन संकलन गरी लाभग्राही छनोट गर्ने ।<br>४. सामग्रीको व्यवस्थापन: स्वीकृत बजेट तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानूनअनुसार आवश्यक ब्रेल तथा अन्य शैक्षिक सामग्री खरिद/व्यवस्थापन गर्ने।<br>५. सामग्री वितरण: छनोट भएका विद्यार्थीलाई विद्यालय तथा स्थानीय तहको समन्वयमा आवश्यकताअनुसार सामग्री वितरण गर्ने ।<br>६. प्रयोगसम्बन्धी सहजीकरण: विद्यार्थी, अभिभावक तथा आवश्यकताअनुसार शिक्षकलाई ब्रेल तथा अन्य सहायक सामग्रीको प्रयोग र संरक्षणसम्बन्धी जानकारी गराउने ।<br>७. अभिलेखीकरण: लाभग्राही विद्यार्थी, उपलब्ध गराइएको सामग्री, प्रयोग अवस्था तथा उपलब्धिको विवरण व्यवस्थित रूपमा अभिलेख राख्ने। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | १. स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा आर्थिक कार्यविधि बमोजिम खर्च गर्ने।<br>२. कार्यक्रम सम्पन्न भएपछि संक्षिप्त प्रगति प्रतिवेदन तयारगर्ने । | |
| अपेक्षित उपलब्धी | १. दृष्टिविहीन तथा दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाले आवश्यकता अनुसार ब्रेल तथा अन्य सहायक शैक्षिक सामग्री प्राप्त गरी अध्ययन, लेखन तथा | |

| | | |
|---|---|---|
| | सिकाइमा सहजता प्राप्त गरेका हुनेछन्।<br>२. लक्षित बालबालिकाको विद्यालय पहुँच, नियमितता, निरन्तरता, कक्षागत सहभागिता तथा शैक्षिक उपलब्धिमा सुधार भई गुणस्तरीय र समावेशी शिक्षामा उनीहरूको सहभागिता अभिवृद्धि भएको हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | १. ब्रेल तथा शैक्षिक सामग्री प्राप्त गर्ने विद्यार्थी संख्यात्मक विवरण,<br>२. वितरण गरिएका सामग्रीको प्रकार, संख्या तथा अभिलेख । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, | |

## ८५.कार्यक्रम/ आयोजनाको नामः विद्यालय स्वच्छता प्रवर्द्धन तथा व्यवहार परिवर्तनका लागि पैरबी कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४३८ | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५०००० २२) | २००(प्रति डिभिजन) | २ समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | साधारण अर्थमा शिक्षाले व्यक्तिलाई अनुशासित, नैतिकवान, चरित्रवान, ज्ञानवान, सीपयुक्त र सक्षम बनाउने अपेक्षा गरिएको हुन्छ ।यसका लागि विद्यालय, समुदाय, शिक्षक, विद्यार्थीको अर्थपुर्ण र व्यावहारिक प्रयत्न र साझेदारी आवश्यक हुन्छ। विद्यालयको वातावरणको प्रभाव व्यक्तिको समग्र जीवनमा पर्ने विषय स्वाभाविक हुन्छ । यदि विद्यार्थीले विद्यालयमा सरसफाईका आधारभुत विषयवस्तुको जानकारी हासिल गर्यो भने त्यसको अभ्यास उसले आफ्नो घरमा समेत अपनाउन थाल्छ ।यसका लागि विद्यालयको सरसफाइ र स्वच्छताको अवस्था कस्तो छ? शिक्षक विद्यार्थी संख्याकोआधारमा शौचालय र खानेपानीको प्रबन्ध कस्तो छ? यीनीहरु लैङ्गिक मैत्री अपाङ्गता भएका व्यक्ति मैत्री र उमेर समुह अनुसार व्यवस्थित भएका छन की छैनन भन्ने विषयले विद्यालयको स्वच्छता प्रवर्द्धनमा महत्वपुर्ण भुमिका खेल्दछन। विद्यालयमा शौचालय र खानेपानीको प्रवन्ध हुदा वित्तिकै त्यो विद्यालयमा स्वच्छताको अवस्था राम्रो छ भन्न सकिदैन । भएका शौचालय, खानेपानी, खेलमैदान, कान्टिनको उपयोग र विद्यालयमा उत्पादित फोहोरको व्यवस्थापनको अवस्था कस्तो छ थप महत्वपुर्ण मानिन्छ । यसरी विद्यालय तहमा उत्पादन हुने फोहोरको व्यवस्थापन हरियाली प्रवर्द्धन र उचित खानेपानी र शौचालयको प्रवन्ध र परिचालन गर्ने आदत व्यवहार र शैलीले हाम्रो विद्यालय र समाजको स्वच्छतामा समेत प्रभाव पारेको हुन्छ । | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. विद्यार्थी, शिक्षक, समितिका पदाधिकारीमा सरसफाई र स्वच्छता प्रवर्द्धनमा खेल्नुपर्ने भुमिकाको बारेमा जानकारी प्राप्त हुनु।<br>२. विद्यालयमा गरिएको व्यवहार परिवर्तनले घर र समुदायमा समेत सकारात्मक प्रभाव पार्नु । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आधारभुत विद्यालयहरुको छनोट,<br>२. सरसफाई र स्वच्छता प्रवर्द्धन सँग सम्बन्धित विषयबस्तु, कानुनी प्रवन्ध आचारसंहिता जस्ता विषयको तयारी गर्ने,<br>३. कार्यक्रमको आयोजना<br>४. विद्यालयको कार्ययोजना र समापन | |

| | | |
|---|---|---|
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा आर्थिक कार्यविधि बमोजिम खर्च गर्ने। कार्यक्रम सम्पन्न भएपछि संक्षिप्त प्रगति प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | शिक्षक, विद्यार्थीको व्यवहारमा सकारात्मक परिवर्तन भई विद्यालयमा सरसफाई र स्वच्छता प्रवर्द्धन भएको हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | सहभागी विद्यालयको सरसफाई र स्वच्छताको अवस्था, व्यवहार परिवर्तनका अभ्यास, विभिन्न चार्ट तथा आचारसंहिता, आदि। | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ८६.**कार्यक्रम/ आयोजनाको नाम: सुस्त श्रवण अपाङ्गता भएका विद्यार्थीका लागि श्रवण यन्त्र सहयोग कार्यक्रम**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२१ | २.७.१.१ | नमुना विद्यालय तथा विशेष शिक्षा कार्यक्रम (३५०००० २२) | २००(प्रति डिभिजन) | आवश्य कता अनुसार | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | सुस्त श्रवण अपाङ्गता भएका बालबालिका तथा विद्यार्थीमा सुनाइ क्षमताको कमीका कारण कक्षाकोठामा शिक्षकको भनाइ सुन्न, बुझ्न, अन्तर्क्रिया गर्न तथा सिकाइ क्रियाकलापमा सक्रिय रूपमा सहभागी हुन कठिनाइ हुने गर्दछ। श्रवण क्षमता सिकाइ, भाषा तथा सञ्चार विकासको महत्वपूर्ण आधार भएकाले आवश्यकताअनुसार उपयुक्त श्रवण यन्त्रको प्रयोगबाट विद्यार्थीको सुनाइ तथा सञ्चार क्षमतामा उल्लेखनीय सुधार ल्याउन सकिन्छ।यस कार्यक्रमअन्तर्गत सुनाइसम्बन्धी समस्या भएका विद्यार्थीको पहिचान तथा श्रवण परीक्षण गरी चिकित्सकीय/प्राविधिक सिफारिसका आधारमा आवश्यक श्रवण यन्त्र उपलब्ध गराइनेछ। कार्यक्रम प्रदेशका सबै सम्बन्धित डिभिजन कार्यालयमार्फत सञ्चालन गरी लक्षित विद्यार्थीलाई विद्यालय तथा समुदायको पहुँचमै सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ। श्रवण यन्त्र वितरणसँगै यसको प्रयोग, संरक्षण, मर्मतसम्भार तथा नियमित फलोअपसम्बन्धी जानकारीसमेत प्रदान गरिनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. सुस्त श्रवण अपाङ्गता भएका विद्यार्थीलाई आवश्यकता र प्राविधिक सिफारिसका आधारमा उपयुक्त श्रवण यन्त्र उपलब्ध गराई उनीहरूको सुनाइ तथा सिकाइ क्षमतामा सुधार ल्याउनु।<br>२. श्रवण अपाङ्गता भएका विद्यार्थीको शैक्षिक, सामाजिक तथा सञ्चारसम्बन्धी सहभागिता अभिवृद्धि गर्दै समावेशी शिक्षाको प्रवर्द्धन गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आवश्यकता पहिचान: डिभिजन कार्यालय, स्थानीय तह तथा विद्यालयको समन्वयमा सुस्त श्रवण भएका विद्यार्थीको विवरण संकलन तथा प्रारम्भिक पहिचान गरिनेछ।<br>२. आवेदन तथा छनोट: लक्षित विद्यार्थी वा अभिभावकबाट आवश्यक कागजातसहित आवेदन संकलन गरी तोकिएको मापदण्डका आधारमा लाभग्राही छनोट गरिनेछ<br>३. श्रवण परीक्षण: सम्बन्धित विशेषज्ञ/स्वास्थ्य संस्थाको समन्वयमा विद्यार्थीको श्रवण परीक्षण गरी श्रवण यन्त्र आवश्यक भए/नभएको तथा आवश्यक यन्त्रको प्रकार निर्धारण गरिनेछ।<br>४. प्राविधिक सिफारिस: श्रवण परीक्षणको प्रतिवेदनका आधारमा विद्यार्थीको श्रवण | |

| | | |
|---|---|---|
| | क्षमताअनुकूल श्रवण यन्त्रको प्राविधिक स्पेसिफिकेसन तथा आवश्यकता निर्धारण गरिनेछ।<br>५. श्रवण यन्त्र खरिद तथा वितरण: स्वीकृत बजेट, प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा मापदण्डअनुसार श्रवण यन्त्र खरिद गरी छनोट भएका विद्यार्थीलाई वितरण गरिनेछ।<br>६. प्रयोगसम्बन्धी अभिमुखीकरण: विद्यार्थी, अभिभावक तथा आवश्यकताअनुसार शिक्षकलाई श्रवण यन्त्र लगाउने, सञ्चालन गर्ने, चार्ज/ब्याट्री व्यवस्थापन गर्ने, सफा राख्ने तथा सुरक्षित रूपमा संरक्षण गर्ने विषयमा अभिमुखीकरण गरिनेछ।<br>७. विद्यालयमा सहजीकरण: श्रवण यन्त्र प्रयोग गर्ने विद्यार्थीलाई कक्षाकोठामा अगाडिको/उपयुक्त स्थानमा बस्ने व्यवस्था, शिक्षकको स्पष्ट उच्चारण, दृश्य सामग्रीको प्रयोग तथा आवश्यक अन्य शैक्षिक सहजीकरण गर्न विद्यालयलाई अभिमुखीकरण गरिनेछ।<br>८. फलोअप तथा प्राविधिक सहयोग: श्रवण यन्त्रको प्रभावकारिता, विद्यार्थीको प्रयोग अवस्था तथा सिकाइमा परेको प्रभावको नियमित फलोअप गरिनेछ। आवश्यकताअनुसार मर्मत, समायोजन वा प्राविधिक परामर्शको व्यवस्था गरिनेछ।<br>९. अभिलेखीकरण: लाभग्राही विद्यार्थी, श्रवण परीक्षण, वितरण गरिएको यन्त्र, फलोअप तथा उपलब्धिको विवरण व्यवस्थित रूपमा अभिलेख राखिनेछ। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट, प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा मापदण्डअनुसार खर्चगर्ने ।<br>कार्यक्रमसँग सम्बन्धित स्वीकृत कार्यक्रम, बजेट, लाभग्राही विवरण, श्रवण यन्त्र वितरण अभिलेख सहितको प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. आवश्यकता पहिचान भएका सुस्त श्रवण अपाङ्गता भएका विद्यार्थीले उपयुक्त श्रवण यन्त्र प्राप्त गरी सुनाइ तथा सञ्चार क्षमतामा सुधार भएको हुनेछ।<br>२. श्रवण अपाङ्गता भएका विद्यार्थीको कक्षाकोठामा सहभागिता, विद्यालय उपस्थिती, सिकाइ उपलब्धि, आत्मविश्वास तथा सामाजिक अन्तर्क्रियामा सुधार भई समावेशी शिक्षामा उनीहरूको पहुँच र निरन्तरता बढेको हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | श्रवण यन्त्र प्राप्त गर्ने विद्यार्थी संख्यात्मक विवरण तथा फोटो । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

**८७.कार्यक्रम/ आयोजनाको नाम: शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि (क्षमता विकास र प्रविधिजन्य सहयोग कार्यक्रम)**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २५३११ | ४.५.१.२८८३ | विज्ञान तथा प्रविधि विकास कार्यक्रम (३५००००२३) | ७०००० | १०२ विद्यालय | सबै |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | सूचना तथा सञ्चार प्रविधि आजको शिक्षा प्रणालीको अभिन्न अंग बन्दै गएको छ। शिक्षण सिकाइ, सूचना प्राप्ति, शैक्षिक सामग्री विकास, विद्यार्थीको डिजिटल साक्षरता, शिक्षकको पेशागत विकास, विद्यालय व्यवस्थापन तथा सेवा प्रवाहमा प्रविधिको प्रयोगले शिक्षाको गुणस्तर र पहुँच अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेलिरहेको छ। तर प्रदेशभित्रका सबै विद्यालयमा सूचना प्रविधिको पहुँच समान रूपमा विकास हुन सकेको छैन।विशेषगरी उच्च गरिबीको तह भएका ३४ स्थानीय तहमा रहेका केही सामुदायिक माध्यमिक विद्यालय अझै कम्प्युटर प्रयोगशाला तथा आवश्यक सूचना प्रविधिको पहुँचबाट वञ्चित वा अत्यन्त कमजोर अवस्थामा रहेको अवस्था डिजिटल विभेदको दृष्टिले चुनौतीपूर्ण विषय हो। सूचना प्रविधिको तीव्र विस्तार भइरहेको वर्तमान समयमा विद्यालय नै सूचना महामार्गबाट अलग रहनु विद्यार्थीको सिकाइ अवसर, डिजिटल सीप र भविष्यको प्रतिस्पर्धात्मक क्षमताका लागि समेत प्रतिकूल हुन सक्छ।यसै पृष्ठभूमिमा विशेष अनुदानबाट प्राप्त स्रोत परिचालन गरी ३४ स्थानीय तहका प्रति स्थानीय तह ३ गरी करिब १०२ सामुदायिक माध्यमिक विद्यालयलाई लक्षित गरी सूचना प्रविधिमा पहुँच अत्यन्त न्यून वा कमजोर भएका विद्यालयमा प्रविधिजन्य सहयोग र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. सूचना प्रविधिको कमजोर पहुँच भएका वा पहुँच नभएका सामुदायिक माध्यमिक विद्यालयमा आवश्यक प्रविधिजन्य सहयोग उपलब्ध गराई डिजिटल पहुँच तथा शैक्षिक सेवाको गुणस्तर अभिवृद्धि गर्नु।<br>२. शिक्षक तथा विद्यालयका सम्बन्धित जनशक्तिमा सूचना प्रविधिको सुरक्षित, प्रभावकारी, दिगो र परिणाममुखी प्रयोग गर्न सक्ने क्षमता विकास गरी शिक्षण सिकाईमा सुधार गर्नु । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | शैक्षिक विकासका लागि सेवाको गुणस्तरअभिवृद्धि (क्षमता विकास र प्रविधिजन्य सहयोग) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ अनुसार | |
| खर्च प्रक्रिया र प्रतिवेदन | शैक्षिक विकासका लागि सेवाको गुणस्तरअभिवृद्धि (क्षमता विकास र प्रविधिजन्य सहयोग) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ अनुसार | |
| अपेक्षित उपलब्धी | १. गरिबीको तह उच्च भएका स्थानीय तहका सामुदायिक माध्यमिक विद्यालयमा सूचना प्रविधिको पहुँच विस्तार हुनेछ।<br>२. सूचना प्रविधि तथा कम्प्युटर प्रयोगशालाबाट वञ्चित विद्यालयले न्यूनतम डिजिटल सुविधा प्राप्त गर्नेछन्।<br>३. शिक्षकमा डिजिटल उपकरण तथा शैक्षिक प्रविधि प्रयोग गर्ने क्षमता विकास हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, डिभिजन कार्यालयहरु | |
| अनुगमन सूचक | सूचना प्रविधि सहयोग प्राप्त गर्ने लक्षित विद्यालय र क्षमता विकास तालिम प्राप्त गर्ने शिक्षक संख्यात्मक विवरण तथा फोटोहरु | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग | |

## ८८.कार्यक्रम/ आयोजनाको नाम: स्मार्ट विद्यालय र अन्य विद्यालयका बीच अनुभव आदान प्रदान कार्यक्रम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४६९ | विज्ञान तथा प्रविधि विकास कार्यक्रम (३५०००००२३) | ५०० | २ समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | सूचना तथा सञ्चार प्रविधिको विकाससँगै विद्यालय शिक्षामा प्रविधिको प्रयोग शिक्षण सिकाइ, विद्यालय व्यवस्थापन, सूचना प्रवाह, विद्यार्थीको सिकाइ स्रोतमा पहुँच तथा शिक्षकको पेशागत विकासका लागि महत्वपूर्ण माध्यम बन्दै गएको छ। यसै सन्दर्भमा सामाजिक विकास मन्त्रालयले गत आर्थिक वर्षमा प्रदेशका १३ वटा सामुदायिक माध्यमिक विद्यालयलाई स्मार्ट विद्यालयका रूपमा विकास गर्ने उद्देश्यले प्रविधिजन्य सहयोग उपलब्ध गराएको छ। यी विद्यालयहरूमा सूचना प्रविधिको तुलनात्मक रूपमा व्यापक पहुँच स्थापित भई प्रविधिलाई शैक्षिक तथा व्यवस्थापकीय कार्यमा प्रयोग गर्ने अभ्यास विकास हुँदै गएको छ।तर प्रदेशका सबै विद्यालयमा सूचना प्रविधिको पहुँच र प्रयोगको अवस्था समान छैन। कतिपय विद्यालयमा प्रविधिको पहुँच कमजोर वा न्यून रहेको अवस्थामा केही विद्यालयले उपलब्ध प्रविधिलाई शिक्षण सिकाइ तथा विद्यालय व्यवस्थापनमा प्रयोग गर्दै अनुभवजन्य सिकाइ र नवीन अभ्यास विकास गरिरहेका छन्। यस्तो अवस्थामा स्मार्ट विद्यालयले हासिल गरेका अनुभवलाई अन्य विद्यालयसँग साझा गर्नु र अन्य विद्यालयले आफ्ना स्थानीय अनुभव तथा अभ्यास स्मार्ट विद्यालयसँग आदान–प्रदान गर्नु उपयोगी हुनेछ। यस कार्यक्रमले स्मार्ट विद्यालयलाई केवल प्रविधि प्राप्त गरेका विद्यालयका रूपमा नभई प्रविधिको प्रयोग, व्यवस्थापन, शिक्षक क्षमता विकास, डिजिटल सामग्री निर्माण, विद्यार्थीको सिकाइमा प्रविधिको एकीकरण तथा समस्या समाधानका अनुभव भएका Learning Hubका रूपमा परिचालन गर्नेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. स्मार्ट विद्यालयमा प्रविधिको प्रयोगबाट प्राप्त सफल अभ्यास, अनुभव तथा सिकाइलाई प्रविधिमा कमजोर पहुँच भएका अन्य विद्यालयमा आदान प्रदान गर्नु,<br>२. विद्यालयहरूबीच सहकर्मी सिकाइ, नवप्रवर्तन तथा सहयोगको वातावरण सिर्जना गरी उपलब्ध सूचना प्रविधिको प्रभावकारी, दिगो उपयोग मार्फत शिक्षण सिकाइमा सुधार ल्याउनु । | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. विद्यालय छनोट: स्मार्ट विद्यालयसँग प्रविधिमा कमजोर पहुँच भएका सामुदायिक विद्यालयलाई आवश्यकता तथा भौगोलिक सहजताका आधारमा विद्यालय छनोट गर्ने ।<br>२. अभ्यास तथा आवश्यकता पहिचान: सहभागी विद्यालयले आफ्नो प्रविधिको पहुँच, प्रयोग, समस्या तथा सिकाइसम्बन्धी अवस्था प्रस्तुत गरी आदान–प्रदानका प्राथमिक विषय पहिचान गर्नेछन्।<br>३. स्मार्ट विद्यालयका अभ्यास प्रदर्शन: स्मार्ट विद्यालयमा प्रयोग भइरहेको डिजिटल शिक्षण, ICT प्रयोगशाला, डिजिटल सामग्री, अनलाइन स्रोत, विद्यालय व्यवस्थापन प्रणाली तथा अन्य प्रभावकारी अभ्यासको प्रस्तुतीकरण गराउने र संभव भए प्रत्यक्ष अवलोकनको वातावरण तयार गर्ने ।<br>४. अनुभव आदान–प्रदान तथा सहकर्मी सिकाइ: प्रधानाध्यापक, शिक्षक तथा ICT सँग सम्बन्धित जनशक्तिबीच सफल अभ्यास, चुनौती, समाधान तथा स्थानीय रूपमा अपनाउन सकिने उपायबारे अन्तरक्रिया गर्ने ।<br>५. अनुकरण कार्ययोजना: सहभागी अन्य विद्यालयले आफ्नो अवस्था र स्रोतअनुसार स्मार्ट विद्यालयबाट सिकेका अभ्यास मध्ये तत्काल लागू गर्न सकिने कम्तीमा केही अभ्यास छनोट गरी विद्यालय स्तरीय कार्ययोजना तयार गर्नेछन्।<br>६. फलोअप तथा सिकाइ प्रसार: कार्यक्रमपछि कार्ययोजनाको कार्यान्वयन अवस्थाको अनुगमन गरी सफल अभ्यासलाई अन्य विद्यालयसम्म समेत सिकाइ तथा अनुभवको रूपमा प्रसार गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित आर्थिक कार्यविधि कानुन अनुसार खर्च गर्ने। कार्यक्रम पछि संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. स्मार्ट विद्यालयमा विकसित प्रविधिजन्य असल अभ्यास अन्य विद्यालयसम्म विस्तार हुनेछ।<br>२. प्रविधिमा कमजोर पहुँच भएका विद्यालयमा ICT प्रयोग सम्बन्धी व्यवहारिक क्षमता र आत्मविश्वास वृद्धि हुनेछ।<br>३. सहभागी विद्यालयको शिक्षण सिकाइ तथा व्यवस्थापनमा डिजिटल प्रविधिको प्रयोग विस्तार हुनेछ । | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |

| | | |
|---|---|---|
| अनुगमन सूचक | सहभागीहरुको अभिलेख तथा अभ्यासका नमुनाहरुको विवरण तथा फोटो । | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग | |

**८९.कार्यक्रम/ आयोजनाको नामः माध्यमिक तहका गणित विज्ञान र सामाजिक विषय शिक्षकका लागि स्टेममा आधारित क्षमता विकास तालिम**

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४७० | विज्ञान तथा प्रविधि विकास कार्यक्रम (३५०००००२३) | १२०० | ३ समुह | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | STEM अर्थात् Science, Technology, Engineering and Mathematics मा आधारित शिक्षा वर्तमान विश्वमा आवश्यक पर्ने वैज्ञानिक सोच, सिर्जनात्मकता, समस्या समाधान, अनुसन्धान, प्रविधिको प्रयोग तथा नवप्रवर्तनात्मक क्षमता विकास गर्ने महत्वपूर्ण शैक्षिक दृष्टिकोणका रूपमा स्थापित हुँदै गएको छ। परम्परागत रूपमा विषयहरूलाई अलग–अलग सिकाउने अभ्यासभन्दा STEM ले वास्तविक जीवनका समस्या र चुनौतीलाई विभिन्न विषयको ज्ञान तथा सीपको एकीकृत प्रयोगबाट समाधान गर्न जोड दिन्छ।माध्यमिक तहमा गणित, विज्ञान र सामाजिक विषयले विद्यार्थीमा क्रमशः तार्किक तथा परिमाणात्मक सोच, वैज्ञानिक दृष्टिकोण, अनुसन्धान तथा प्रयोग, सामाजिक चेतना, समस्या विश्लेषण र निर्णय क्षमता विकास गर्न महत्वपूर्ण भूमिका खेल्छन्। यी विषयलाई अलग–अलग सीमामा मात्र नराखी स्थानीय तथा वास्तविक जीवनका समस्यासँग जोडेर सिकाउँदा विद्यार्थीको सिकाइ थप अर्थपूर्ण र प्रयोगात्मक बनाउन सकिन्छ।तर विद्यालय तहमा STEM को अवधारणा कार्यान्वयन गर्दा शिक्षकमा अन्तरविषयक शिक्षण, परियोजनामा आधारित सिकाइ, समस्या समाधान, अनुसन्धान, प्रविधिको प्रयोग तथा प्रयोगात्मक शिक्षणसम्बन्धी थप क्षमता आवश्यक हुन्छ। त्यसैले प्रस्तुत कार्यक्रमले शिक्षकलाई STEM को सैद्धान्तिक अवधारणामा मात्र सीमित नराखी आफ्नै विषयवस्तुलाई अन्य विषयसँग जोडेर वास्तविक समस्या समाधानमा आधारित शिक्षण सिकाइ योजना निर्माण तथा कार्यान्वयन गर्ने क्षमता विकास गर्नेछ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. माध्यमिक तहका गणित, विज्ञान तथा सामाजिक विषय शिक्षकमा STEM को अवधारणा, अन्तरविषयक शिक्षण, समस्या समाधान तथा परियोजनामा आधारित सिकाइसम्बन्धी क्षमता विकास गर्नु।<br>२. वास्तविक जीवनका समस्या तथा स्थानीय सन्दर्भलाई गणित, विज्ञान, प्रविधि र सामाजिक ज्ञानसँग जोडेर विद्यार्थीको सिर्जनात्मक, वैज्ञानिक, तार्किक तथा समस्या समाधान क्षमता विकास गर्न शिक्षकलाई सक्षम बनाउनु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आवश्यकता पहिचान तथा सहभागी छनोट,<br>२. STEM अवधारणा तथा अन्तरविषयक शिक्षण,<br>३. स्थानीय समुदाय तथा विद्यालयसँग सम्बन्धित समस्या पहिचान गरी त्यसलाई गणित, विज्ञान र सामाजिक विषयसँग जोड्ने अभ्यास गराउने,<br>४. सहभागी शिक्षकले समूहगत रूपमा STEM आधारित पाठयोजना, परियोजना वा विद्यार्थी सिकाइ गतिविधि तयार गर्ने,<br>५. तयार गरिएका पाठ/परियोजना प्रस्तुत गरी विषयगत विज्ञ तथा सहकर्मीबाट सुझाव लिई सुधार गर्ने। | |

| | | |
|---|---|---|
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि कानुन बमोजिम खर्च गर्ने। तालिमको समापन पछि संक्षिप्त प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | १. गणित, विज्ञान तथा सामाजिक विषय शिक्षकमा STEM आधारित शिक्षण क्षमता विकास हुनेछ।<br>२. शिक्षकले अन्तरविषयक शिक्षणको ढाँचा प्रयोग गरी शिक्षण गर्न सक्नेछन्। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय | |
| अनुगमन सूचक | तालिममा सहभागी गणित, विज्ञान र सामाजिक विषय शिक्षकको संख्यात्मक विवरण र फोटो | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग | |

## ९०.कार्यक्रम/ आयोजनाको नामः सूचना प्रविधि प्रतिष्ठान/ लुम्बिनी प्राविधिक विश्वविद्यालयसँगको समन्वयमा शिक्षकलाई डिजिटल साक्षरता सम्बन्धी तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्चउप शीर्षक नं | बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४५० | विज्ञान तथा प्रविधि विकास कार्यक्रम (३५०००००२३) | १८०० | ४ समुह | दोस्रो तेस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | सूचना तथा सञ्चार प्रविधि शिक्षण सिकाइ, ज्ञान प्राप्ति, सञ्चार, विद्यालय व्यवस्थापन तथा पेशागत विकासको महत्वपूर्ण माध्यम बनिसकेको वर्तमान समयमा शिक्षकमा डिजिटल साक्षरता आधारभूत पेशागत क्षमताका रूपमा स्थापित हुँदै गएको छ। शिक्षकले डिजिटल उपकरण चलाउन जान्नु मात्र पर्याप्त नभई डिजिटल स्रोतको खोजी तथा मूल्याङ्कन, डिजिटल सामग्रीको निर्माण, अनलाइन सिकाइ, तथ्य तथा सूचनाको प्रमाणीकरण, साइबर सुरक्षा र प्रविधिको जिम्मेवार प्रयोगसमेत गर्न सक्नुपर्ने अवस्था छ।विद्यालय तहमा प्रविधिको पहुँच विस्तार भइरहे पनि शिक्षकको डिजिटल क्षमता समान स्तरमा विकास हुन सकेको छैन। कतिपय शिक्षकमा कम्प्युटर तथा मोबाइलको सामान्य प्रयोग क्षमता भए पनि त्यसलाई शिक्षण सिकाइ, विद्यार्थी मूल्याङ्कन, शैक्षिक सामग्री विकास, सहकार्य तथा विद्यालय व्यवस्थापनमा प्रभावकारी रूपमा प्रयोग गर्ने क्षमता थप विकास गर्नुपर्ने आवश्यकता रहेको छ।यसै सन्दर्भमा प्रदेशमा सूचना प्रविधिसम्बन्धी विशेषज्ञता र प्राविधिक जनशक्ति रहेको सूचना प्रविधि प्रतिष्ठान तथा लुम्बिनी प्राविधिक विश्वविद्यालयसँग समन्वय र सहकार्य गरी शिक्षकका लागि प्रयोगात्मक डिजिटल साक्षरता तालिम सञ्चालन गरिनेछ। यसबाट सरकारी निकायका स्रोत र प्राविधिक विज्ञताको उपयोग गर्दै शिक्षकलाई आधुनिक प्रविधिसँग परिचित गराउने मात्र नभई "Technology User बाट Technology-enabled Teacher" बनाउने उद्देश्य राखिएको छ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. शिक्षकमा डिजिटल साक्षरता तथा डिजिटल उपकरणको प्रभावकारी प्रयोग गर्ने क्षमता विकास गर्नु।<br>२. शिक्षण सिकाइ, मूल्याङ्कन तथा पेशागत विकासमा डिजिटल तथा नवीनतम प्रविधिको सुरक्षित, मर्यादित तथा प्रभावकारी प्रयोग गर्न शिक्षकलाई सक्षम बनाउनु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. तालिम कार्यक्रमको ढाँचा सहितको संक्षिप्त कार्ययोजना स्वीकृत गर्ने।<br>२. आवश्यकता पहिचान तथा सहभागी छनोट,<br>३. तालिमको विषयवस्तु तथा पाठ्यक्रम/पाठ्यसामग्री विकास,<br>४. कम्प्युटर, मोबाइल, Internet, Email, Cloud, Online Collaboration तथा डिजिटल फाइल व्यवस्थापनसम्बन्धी अभ्यास गराउने। | |

| | | |
|---|---|---|
| | ५. Digital Learning Resources, Presentation, Interactive Content, Online Assessment, Virtual Learning तथा डिजिटल शैक्षिक सामग्री निर्माणसम्बन्धी अभ्यास गराउने ।<br>६. Digital Safety तथा AI Literacy का सत्रहरु समेत सञ्चालन गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि कानुन अनुसार खर्च गर्ने । कार्यक्रम समापन पछि संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. शिक्षकमा डिजिटल साक्षरता तथा डिजिटल उपकरण प्रयोग तथा संभावित जोखिम पहिचान गर्ने क्षमता विकास हुनेछ।<br>२. शिक्षकले शिक्षण सिकाइका लागि डिजिटल सामग्री खोज्न, मूल्याङ्कन गर्न र निर्माण गर्न सक्नेछन्।<br>३. अनलाइन तथा डिजिटल माध्यमबाट शिक्षण, सिकाइ र मूल्याङ्कन गर्ने क्षमता बढ्नेछ। | |
| कार्यान्वयन गर्ने निकाय | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |
| अनुगमन सूचक | १. डिजिटल साक्षरता तालिम प्राप्त गर्ने शिक्षकको संख्यात्मक विवरण,<br>२. तालिम पछि शिक्षकले तयार तथा प्रयोग गरेका डिजिटल शैक्षिक सामग्रीको विवरण | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग | |

### ९१.कार्यक्रम/ आयोजनाको नाम: डिजिटल साक्षरता सम्बन्धी ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४२९ | विज्ञान तथा प्रविधि विकास कार्यक्रम (३५०००० २३) | ६०० | १समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | सूचना तथा सञ्चार प्रविधि शिक्षण सिकाइ, ज्ञान प्राप्ति, सञ्चार तथा पेशागत विकासको अभिन्न माध्यम बन्दै गएको अवस्थामा शिक्षकमा डिजिटल साक्षरता विकास गर्नु शैक्षिक गुणस्तर अभिवृद्धिको महत्वपूर्ण आधार हो। विद्यालयमा डिजिटल उपकरण तथा इन्टरनेटको पहुँच विस्तार भए पनि त्यसको प्रभावकारी शैक्षिक प्रयोगका लागि पर्याप्त दक्ष जनशक्ति आवश्यक हुन्छ।यसै सन्दर्भमा शिक्षा तालिम केन्द्रबाट ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी डिजिटल साक्षरतासम्बन्धी विषयमा अन्य शिक्षकलाई प्रशिक्षण दिन सक्ने दक्ष प्रशिक्षक तयार गरिनेछ। तालिमलाई सामान्य कम्प्युटर प्रयोगमा मात्र सीमित नगरी Digital Literacy, Digital Pedagogy, डिजिटल सामग्री निर्माण, अनलाइन सिकाइ, साइबर सुरक्षा, डिजिटल नागरिकता तथा AI को जिम्मेवार प्रयोगसम्म विस्तार गरिनेछ।यस कार्यक्रमको विशेषता एकपटक धेरै शिक्षकलाई तालिम दिनेभन्दा प्रशिक्षक उत्पादन गरी उनीहरूमार्फत स्थानीय तह तथा विद्यालय तहसम्म डिजिटल साक्षरता विस्तार गर्ने रहेको छ। यसबाट शिक्षा तालिम केन्द्रमा विकसित प्रशिक्षक समूहलाई भविष्यका डिजिटल क्षमता विकास कार्यक्रमको स्रोतका रूपमा परिचालन गर्न सकिनेछ। | कैफियत |
| कार्यक्रम को उद्देश्य | १. शिक्षकलाई डिजिटल साक्षरतासम्बन्धी तालिम प्रदान गर्न सक्ने दक्ष प्रशिक्षक तयार गर्नु।<br>२. डिजिटल प्रविधिको शिक्षण सिकाइमा सुरक्षित, प्रभावकारी र मर्यादित प्रयोग विस्तार गर्न प्रशिक्षकमा आवश्यक विषयगत तथा प्रशिक्षण क्षमता विकास गर्नु । | |

| | | |
|---|---|---|
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. तालिम कार्यक्रमको ढाँचा सहितको संक्षिप्त कार्ययोजना स्वीकृत गर्ने,<br>२. प्रशिक्षक छनोट तथा आवश्यकता पहिचान गरी डिजिटल सीप, विषयगत ज्ञान र प्रशिक्षण क्षमता भएका शिक्षक/प्रशिक्षक छनोट गर्ने,<br>३. डिजिटल साक्षरता प्रशिक्षक प्रशिक्षण मोड्युल तयार/परिमार्जन गरी ७ दिने तालिम सञ्चालन गर्ने ।<br>४. Digital Literacy, Digital Pedagogy, डिजिटल सामग्री निर्माण, Online Tools, Cyber Security, Digital Citizenship तथा AI Literacy सम्बन्धी सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यास गराउने ।<br>५. सहभागीलाई Micro-teaching तथा Training Simulation मार्फत डिजिटल साक्षरतासम्बन्धी विषय अरू शिक्षकलाई प्रशिक्षण दिने अभ्यास गराउने ।<br>६. प्रत्येक सहभागीले आफ्नो कार्यक्षेत्रमा सञ्चालन गर्न सक्ने डिजिटल साक्षरता तालिमको नमुना कार्ययोजना तथा प्रशिक्षण सामग्री तयार गर्ने।<br>७. तालिमपश्चात् प्रशिक्षकलाई आवश्यकता अनुसार स्थानीय तह/विद्यालयमा परिचालन गरी प्रशिक्षण सञ्चालन गराउने र प्रशिक्षकको कार्यसम्पादन तथा प्रभावको फलोअप गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि कानुन अनुसार खर्च गर्ने । तालिमको समापन पछि संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. डिजिटल साक्षरताका लागि दक्ष प्रशिक्षकको समूह तयार हुनेछ।<br>२. प्रशिक्षकले अन्य शिक्षकलाई डिजिटल साक्षरतासम्बन्धी तालिम सञ्चालन गर्न सक्नेछन्। | |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश शिक्षा तालिम केन्द्र | |
| अनुगमन सूचक | प्रशिक्षक प्रशिक्षण प्राप्त गर्ने प्रशिक्षकको संख्यात्मक विवरण तथा फोटो | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ९२.कार्यक्रम/ आयोजनाको नाम:युवा विद्यार्थीमा सूचना प्रविधिको गलत प्रयोग र यसका असरहरुको अभिमुखीकरण (जिल्लास्तर)

| खर्च शीर्षक | क्रियाकलाप | बजेट खर्च उप शीर्षक नं | स्वीकृत बजेट | लक्ष्य | त्रैमासिक |
|---|---|---|---|---|---|
| २२५२२ | २.७.१३.४४१ | विज्ञान तथा प्रविधि विकास कार्यक्रम (३५०००० २३) | २०० (प्रति डिभिजन) | २ समुह | दोस्रो |

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | सूचना तथा सञ्चार प्रविधि आजका युवा विद्यार्थीको अध्ययन, सञ्चार, मनोरञ्जन, ज्ञान प्राप्ति तथा सामाजिक अन्तरक्रियाको महत्वपूर्ण माध्यम बनेको छ। स्मार्ट मोबाइल, सामाजिक सञ्जाल, अनलाइन प्लेटफर्म, डिजिटल गेम तथा विभिन्न AI लगायतका प्रविधिले विद्यार्थीका लागि ज्ञान र अवसरको पहुँच विस्तार गरे पनि यसको असन्तुलित, अनियन्त्रित वा गलत प्रयोगले व्यक्तिगत, सामाजिक तथा शैक्षिक क्षेत्रमा नकारात्मक असर पार्न सक्ने अवस्था देखिएको छ।विशेषगरी लामो समयसम्म स्क्रिनमा रहने, सामाजिक सञ्जालमा अत्यधिक निर्भर हुने, अध्ययनको समय मनोरञ्जनात्मक सामग्रीमा खर्च गर्ने, अविश्वसनीय सूचना तथा अफवाहमा विश्वास गर्ने, साइबर बुलिङ, गोपनीयता तथा व्यक्तिगत विवरणको असुरक्षित प्रयोग, | कैफियत |

| | | |
|---|---|---|
| | अनलाइन ठगी तथा डिजिटल सामग्रीको गैरजिम्मेवार प्रयोगजस्ता विषय युवा विद्यार्थीका लागि महत्वपूर्ण चुनौती बन्दै गएका छन्। | |
| कार्यक्रमको उद्देश्य | १. युवा विद्यार्थीलाई सूचना प्रविधिको असुरक्षित तथा असन्तुलित प्रयोगबाट उत्पन्न हुन मनोसामाजिक असरबारे सचेत गराउनु।<br>२. विद्यार्थीमा सुरक्षित तथा सिर्जनात्मक रूपमा सूचना प्रविधि प्रयोग गर्ने क्षमता र बानीको विकास गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. कार्यक्रमको बारेमा ढाँचा सहितको कार्ययोजना स्वीकृत गर्ने,<br>२. लक्षित विद्यालयबाट आवश्यक संख्यामा माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थी सहभागी छनोट गर्ने।<br>३. विद्यार्थीमा डिजिटल सामग्री प्रयोगको अवस्था तथा प्रमुख समस्या पहिचान गरी स्थानीय सन्दर्भ अनुकूल अभिमुखीकरण सामग्री तयार गर्ने।<br>४. विज्ञ/प्रशिक्षकबाट सूचना प्रविधिको गलत प्रयोग, सामाजिक सञ्जाल, साइबर बुलिङ, गोपनीयता तथा डिजिटल सुरक्षाका विषयमा प्रस्तुतीकरण गर्ने।<br>५. गलत समाचार, Misinformation, Online Fraud, Privacy तथा Cyber Security पहिचान र सुरक्षित व्यवहार सम्बन्धी व्यावहारिक अभ्यास गराउने।<br>६. विद्यार्थीलाई Digital Well-being, समय व्यवस्थापन, अध्ययनमा प्रविधिको सदुपयोग तथा सकारात्मक डिजिटल सामग्री निर्माण सम्बन्धी अभ्यास गराउने।<br>७. कार्यक्रम सम्पन्न भए पछि विद्यार्थीबाट डिजिटल सुरक्षा/जिम्मेवार प्रयोग सम्बन्धी व्यक्तिगत प्रतिबद्धता लिने। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि कानुन अनुसार खर्च गर्ने। कार्यक्रम सम्पन्न भए पछि संक्षिप्त प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | १. विद्यार्थीमा सूचना प्रविधिको गलत तथा असन्तुलित प्रयोगका असरबारे सचेतना बढ्नेछ।<br>२. विद्यार्थीले साइबर जोखिम, गलत सूचना तथा अनलाइन ठगीबाट बच्ने आधारभूत उपाय जान्नेछन्।<br>३. व्यक्तिगत डेटा, गोपनीयता तथा डिजिटल सुरक्षाप्रति सचेत व्यवहार विकास हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | १. अभिमुखीकरणमा सहभागी विद्यार्थीको संख्यात्मक विवरण<br>२. प्रस्तुत कार्यपत्र | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ९३.कार्यक्रमको नामः अभिखुखीकरण/सचेतनामुलक/ जानकारीमुलक कार्यक्रम एकीकृत

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | सचेतना वा जनचेतना भन्नाले व्यक्ति तथा समुदायलाई कुनै विषयका जोखिम, प्रभाव, अधिकार, जिम्मेवारी र सुरक्षित व्यवहारबारे जानकारी तथा सजगता प्रदान गर्ने प्रक्रिया बुझिन्छ।लागू पदार्थको दुरुपयोगबाट हुने स्वास्थ्य, सामाजिक र आर्थिक क्षतिबारे सचेत गराई यसको नियन्त्रण तथा रोकथाममा जनसहभागिता बढाउनु, साइबर अपराधबाट सुरक्षित रहन व्यक्तिगत सूचना, पासवर्ड तथा डिजिटल कारोबारको सुरक्षा र जिम्मेवार डिजिटल व्यवहारसम्बन्धी ज्ञान अभिवृद्धि गर्नु, मानव बेचबिखनको जोखिम, पहिचान, रोकथाम तथा पीडितको अधिकारबारे समुदायलाई सचेत बनाउनु सामाजिक सुरक्षा र मानव मर्यादा संरक्षणगर्नु,बढ्दोAIप्रयोगसँगै AI हाइजिनअर्थात् कृत्रिम बुद्धिमत्ताको सुरक्षित, जिम्मेवार, गोपनीयता–मैत्री र नैतिक प्रयोगसम्बन्धी सचेतना विकास गर्नु आधुनिक समाजको अपरिहार्य आवश्यकता बनेको छ। | कैफियत |

| | | |
|---|---|---|
| कार्यक्रमको उद्देश्य | १. लागू पदार्थ, साइबर अपराध र मानव बेचबिखन लगायतका सामाजिक तथा डिजिटल जोखिमबाट व्यक्ति र समुदायलाई सुरक्षित रहन आवश्यक ज्ञान, सीप र सचेतना अभिवृद्धि गर्नु।<br>२. AI हाइजिनको प्रवर्द्धन गर्दै कृत्रिम बुद्धिमत्ताको सुरक्षित, जिम्मेवार, नैतिक र गोपनीयता–मैत्री प्रयोगका लागि नागरिकलाई सक्षम बनाउनु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. कार्यक्रम रहेका डिभिजन कार्यालयले शुरुमा त्यस कार्यक्रमको लक्षित भुगोल, समुदाय, लिङ्ग र वर्गको पहिचान गर्ने,<br>२. लक्षित समुहको सचेतनाको तहको समेत आकलन गरी निर्धारित विषयको बारेमा उपलब्ध विचार, धारणा, प्रतिवेदन तथा कानूनीआधारहरुको खोजि गर्ने,<br>३. आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको अनुभव भएका व्यक्तिहरुसँगको छलफलबाट तालिमको विषयवस्तु/प्याकेज र प्रशिक्षकको तय गर्ने,<br>४. आफ्नो निकाय त्यस खालको सचेतना तालिम वा कार्यक्रम सञ्चालन गर्न सक्षम भए निकाय आफैले सञ्चालन तथा व्यवस्थापन गर्ने,<br>५. आफ्नो निकायबाट सञ्चालनको सम्भावना नभएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको चालु आर्थिक बर्ष २०८३।०८४ को बजेट कार्यान्वयन मार्गदर्शनको परिधिमा रही प्रचलित कानून बमोजिम प्रतिस्पर्धाका माध्यमबाट उक्त क्षेत्रमा कार्य गरेका संस्थाहरुबाट उपयुक्त संस्था छनोट गर्ने,<br>६. छनोट हुने संस्थासँग विस्तृत संझौता गरी कार्यक्रमको उद्देश्यमुलक र प्रभावकारी सञ्चालनको व्यवस्था मिलाउने,<br>७. अनुगमनको व्यवस्था मिलाउने, | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा आर्थिक कार्यविधि सम्बन्धी कानून र लुम्बिनी प्रदेश सरकारको सार्वजिनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ बमोजिम खर्च गर्ने । संक्षिप्त प्रगति प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | लक्षित समुदाय क्षेत्र वर्ग र लिङ्गका सहभागी व्यक्तिहरुमा उक्त विषयवस्तु प्रतिको बुझाईका अतिरिक्त सही र गलत प्रयोगले पार्ने सक्ने संभावित जोखिमको बारेमा ज्ञान हासिल भई परिवार तथा समुदायमा समेत सकारात्मक सूचना प्रवाह भएको हुनेछ । | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | सहभागीको विवरण सहितको अभिलेख,फोटो, समाचार तथा प्रतिवेदन | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ९४.कार्यक्रमको नामः सशक्तीकरण र क्षमता विकास कार्यक्रम एकीकृत

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | क्षमता विकास र सशक्तिकरण भन्नाले व्यक्ति, समूह तथा संस्थाकोज्ञान, सीप, दक्षता, आत्मविश्वास र निर्णय क्षमता अभिवृद्धि गरी आफ्ना अधिकार, जिम्मेवारी र अवसरको प्रभावकारी उपयोग गर्न सक्षम बनाउने प्रक्रियाबुझिन्छ। यसले व्यक्तिलाई समस्या पहिचान, निर्णय र समाधानमा सक्रिय तथा आत्मनिर्भर बनाउँछ। क्षमता विकासमार्फत आवश्यक ज्ञान र सीप प्रदान गरिन्छ भने सशक्तिकरणले त्यसलाई व्यवहारमा प्रयोग गर्ने अधिकार, अवसर र आत्मविश्वास सुनिश्चित गर्दछ। समावेशी, उत्तरदायी र आत्मनिर्भर समाज निर्माणका लागि क्षमता विकास र सशक्तिकरण महत्वपूर्ण आधार हुन्। | कैफियत |

| | | |
|---|---|---|
| कार्यक्रमको उद्देश्य | १. व्यक्ति, समूह तथा संस्थाको ज्ञान, सीप, दक्षता र निर्णय क्षमता अभिवृद्धि गरी कार्यसम्पादनमा सक्षम र आत्मनिर्भर बनाउनु।<br>२. अधिकार, अवसर र स्रोतमा पहुँच सुनिश्चित गर्दै व्यक्ति तथा समुदायलाई आफ्नो हित र विकासका लागि सक्रिय, जिम्मेवार र सशक्त बनाउनु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. आवश्यकता पहिचान:लक्षित व्यक्ति, समूह वा समुदायको क्षमता, समस्या र आवश्यकताको अध्ययन गरी कार्यक्रमको आवश्यकता पहिचान गर्ने।<br>२. योजना तथा कार्यक्रमको खाका निर्माण:पहिचान भएका आवश्यकताका आधारमा उद्देश्य, लक्षित समूह, विषयवस्तु, विधि, समय, बजेट र अपेक्षित उपलब्धि निर्धारण गरी कार्यक्रमको खाका तयार गर्ने।<br>३. स्रोत तथा समन्वय व्यवस्थापन:आवश्यक जनशक्ति, स्रोतसाधन र बजेटको व्यवस्था गरी सम्बन्धित सरोकारवाला तथा साझेदार निकायसँग समन्वय गर्ने ।<br>४. क्षमता मापन गर्नेः आफ्नो निकाय त्यस खालको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रमसञ्चालन गर्न सक्षम भए निकाय आफैले सञ्चालन तथा व्यवस्थापन गर्ने,<br>५. प्रतिस्पर्धाका आधारमा संस्था छनोटःआफ्नो निकायबाट सञ्चालनको सम्भावना नभएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट कार्यान्वयन मार्गदर्शनको परिधिमा रही प्रचलित कानून बमोजिम प्रतिस्पर्धाका माध्यमबाट उक्त क्षेत्रमा कार्य गरेका संस्थाहरुबाट उपयुक्त संस्था छनोट गर्ने र विस्तृत संझौता गर्ने,<br>६. छनोट भएको संस्थाले कार्यक्रम सञ्चालन: छनोट भएको संस्थाले संझौता अनुरुप कार्यशाला, परामर्श, नेतृत्व विकास तथा व्यवहारिक अभ्यासजस्ता माध्यमबाट लक्षित समूहको ज्ञान, सीप, आत्मविश्वास र निर्णय क्षमता विकास गर्ने ।<br>७. अनुगमन तथा मूल्याङ्कन: डिभिजन कार्यालयले कार्यक्रमको सहभागिता, उपलब्धि र प्रभावको अनुगमन तथा मूल्याङ्कनका लागि तालुक निकायहरुको समेत सहभागिता अनुगमनको व्यवस्था गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा आर्थिक कार्यविधि सम्बन्धी कानून र लुम्बिनी प्रदेश सरकारको सार्वजिनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ बमोजिम खर्च गर्ने । संक्षिप्त प्रगति प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. लक्षित व्यक्ति तथा समुदायको ज्ञान, सीप, आत्मविश्वास र निर्णय क्षमता अभिवृद्धि भई समस्या समाधान तथा जिम्मेवारी निर्वाहमा सक्षम र आत्मनिर्भर हुने।<br>२. अधिकार, अवसर र स्रोतको प्रभावकारी उपयोग गर्दै लक्षित समूहको सहभागिता, नेतृत्व क्षमता र सामाजिक उत्तरदायित्वमा वृद्धि हुने। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | सहभागिको विवरण सहितको अभिलेख,कार्यक्रम तालिका,समुह कार्य प्रतिवेदन, फोटो, समाचार तथा प्रतिवेदन | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ९५.कार्यक्रमको नाम:सीपमुलक तालिम एकीकृत

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | सीपमूलक तालिम भन्नाले व्यक्तिलाई कुनै निश्चित पेशा, व्यवसाय वा कार्य गर्न आवश्यकव्यावहारिक ज्ञान,सीप र दक्षता प्रदान गर्ने योजनाबद्ध प्रशिक्षण प्रक्रियाबुझिन्छ। यसले सैद्धान्तिक ज्ञानभन्दा व्यवहारिक अभ्यास र कार्यसम्पादन क्षमतामा बढी जोड दिन्छ। तालिमले सहभागीको रोजगारी, स्वरोजगार तथा | कैफियत |

| | | |
|---|---|---|
| | उद्यमशीलताका लागि आवश्यक दक्षता विकास गर्न सहयोग गर्दछ। बजारको माग र प्रविधिमा आएको परिवर्तनअनुसार सीपलाई अद्यावधिक गर्नु पनि सीपमूलक तालिमको महत्वपूर्ण पक्ष हो। यसबाट व्यक्तिको आयआर्जन क्षमता, आत्मनिर्भरता र उत्पादकत्व अभिवृद्धि भई आर्थिक तथा सामाजिक सशक्तिकरणमा योगदान पुग्छ। | |
| कार्यक्रमको उद्देश्य | १. लक्षित समूहमा बजारको माग अनुरूप व्यावहारिक ज्ञान, सीप र दक्षता विकास गरी रोजगारी तथा स्वरोजगारका लागि सक्षम बनाउनु।<br>२. सीपको प्रभावकारी उपयोगमार्फत आय आर्जन, उद्यमशीलता, उत्पादकत्व र आत्मनिर्भरता अभिवृद्धि गर्दै आर्थिक सशक्तिकरणमा योगदान पुऱ्याउनु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. सीप तथा आवश्यकता पहिचान गरी स्थानीय श्रम बजार आवश्यकता अनुसार तालिमको विषय छनोट गर्ने।<br>२. तालिमको योजना तथा पाठ्यक्रम तयार गरी उद्देश्य, अवधि, सहभागी संख्या, प्रशिक्षण विधि, आवश्यक सामग्री र बजेट निर्धारण गर्ने।<br>३. सम्बन्धित विषयमा तालुक निकायहरु शिक्षा तथा खेलकुद मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायबाट पाठ्यक्रम तयार गरी स्वीकृत गरेको भए उक्त पाठ्यक्रममा आधारित भई तालिम सञ्चालन गर्ने ।<br>४. क्षमता मापन गरी आफ्नो निकाय त्यस खालको सीपमुलक तालिम सञ्चालन गर्न सक्षम भए निकाय आफैले सञ्चालन तथा व्यवस्थापन गर्ने योजना बनाउने।<br>५. आफ्नो निकायबाट सीपमुलक तालिम सञ्चालनको सम्भावना नभएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट कार्यान्वयन मार्गदर्शनको परिधिमा रही प्रचलित कानून बमोजिम प्रतिस्पर्धाका माध्यमबाट उक्त क्षेत्रमा कार्य गरेका संस्थाहरुबाट उपयुक्त संस्था छनोट गर्ने र विस्तृत सम्झौता गर्ने,<br>६. प्रशिक्षार्थी छनोट तथा प्रशिक्षक व्यवस्थापन गरी सैद्धान्तिक ज्ञानसँगै पर्याप्त व्यावहारिक अभ्यास गराई सहभागीलाई सम्बन्धित पेशा वा व्यवसाय सञ्चालन गर्न आवश्यक सीप प्रदान गर्ने।<br>७. तालिमको उपलब्धि मूल्याङ्कन गर्दै आवश्यक सुधार गर्ने । सीप परीक्षण, प्रमाणीकरण सहितको तालिम भए परीक्षण र प्रमाणीकरणको सुनिश्चितता गर्ने ।<br>८. सीपमुलक तालिम कार्यक्रमको सहभागिता, उपलब्धि र प्रभावको अनुगमन तथा मूल्याङ्कनका लागि तालुक निकायहरुको समेत सहभागिता अनुगमनको व्यवस्था गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा आर्थिक कार्यविधि सम्बन्धी कानून र लुम्बिनी प्रदेश सरकारको सार्वजिनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ बमोजिम खर्च गर्ने । संक्षिप्त प्रगति प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. लक्षित व्यक्ति/ समुहमा बजारको मागअनुसार आवश्यक सीप र दक्षता विकास भई रोजगारी तथा स्वरोजगारका लागि सक्षम भएको हुने।<br>२. प्राप्त सीपको उपयोगबाट आयआर्जन, उद्यमशीलता र आत्मनिर्भरता वृद्धि भई व्यक्तिको आर्थिक सशक्तिकरणमा योगदान पुगेको हुने । | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | सहभागिको विवरण सहितको अभिलेख, कार्यक्रम तालिका | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग,शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ९६.कार्यक्रमको नामः अन्य कार्यक्रम

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | अन्य कार्यक्रम भन्नाले चालु आर्थिक वर्षमा स्वीकृत भई मन्त्रालय तथा मातहतका निकायबाट सञ्चालन हुने लोकसेवा तयारी कक्षा, सम्मेलन लगायतका कार्यक्रमलाई जनाउँछ। लक्षित वर्ग, क्षेत्र, लिङ्ग तथा समुदायको सहभागितामा कार्यक्रम सञ्चालन गरी उनीहरूको पहुँच, क्षमता तथा सीप विकासमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. लक्षित वर्गको क्षमता तथा सीप विकास गर्नु।<br>२. सेवा तथा अवसरमा पहुँच र सहभागिता अभिवृद्धि गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. स्वीकृत कार्यक्रमअनुसार लक्षित वर्ग, क्षेत्र, लिङ्ग तथा समुदायको पहिचान गर्ने ।<br>२. कार्यक्रम सञ्चालनका लागि वार्षिक कार्ययोजना, समयतालिका र आवश्यक स्रोतसाधनको व्यवस्थापन गर्ने ।<br>३. क्षमता मापन गरी आफ्नो निकाय त्यस खालको कार्यक्रम सञ्चालन गर्न सक्षम भए निकाय आफैले सञ्चालन तथा व्यवस्थापन गर्ने योजना बनाउने ।<br>४. आफ्नो निकायबाट सीपमुलक तालिम सञ्चालनको सम्भावना नभएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट कार्यान्वयन मार्गदर्शनको परिधिमा रही प्रचलित कानून बमोजिम प्रतिस्पर्धाका माध्यमबाट उक्त क्षेत्रमा कार्य गरेका संस्थाहरुबाट उपयुक्त संस्था छनोट गर्ने र विस्तृत सम्झौता गर्ने,<br>५. लोकसेवा तयारी कक्षा, सम्मेलन तथा अन्य कार्यक्रमका लागि आवश्यक प्रशिक्षक, विज्ञ तथा स्रोतव्यक्तिको छनोटलाई व्यवस्थित गर्ने,<br>६. कार्यक्रमको उपस्थिति, सहभागिता, सिकाइ तथा उपलब्धिको अभिलेखीकरण गरी नियमित अनुगमन गर्ने ।<br>७. कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन, खर्च विवरण तथा उपलब्धिको समीक्षा गरी आगामी कार्यक्रम सुधारका लागि सुझावसहितको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने। | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा आर्थिक कार्यविधि सम्बन्धी कानून र लुम्बिनी प्रदेश सरकारको सार्वजिनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ बमोजिम खर्च गर्ने । संक्षिप्त प्रगति प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | लक्षित व्यक्ति/ समुहमा समयको मागअनुसार आवश्यक व्यावहारिक सीप र दक्षता विकास भई सक्षमता विकास हुने। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | सहभागिको विवरण सहितको अभिलेख, कार्यक्रम तालिका, | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग,शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## ९७.कार्यक्रम/ आयोजनाको नामः अधुरो भवन निर्माण

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | अधुरा भवन भन्नाले निर्माण कार्य सुरु भई स्वीकृत लागत अनुमान, डिजाइन तथा निर्धारित मापदण्डअनुसार निर्माण सम्पन्न हुन बाँकी रहेका र हाल प्रयोगमा आउन नसकेका वा पूर्ण क्षमतामा प्रयोग हुन नसकेका सरकारी/सार्वजनिक भवनलाई जनाउँछ। यस्ता भवनमा बजेट अभाव, निर्माण व्यवसायीको ढिलाइ, प्राविधिक समस्या, ठेक्का व्यवस्थापन, जग्गा/स्वामित्वसम्बन्धी समस्या वा अन्य कारणले निर्माण कार्य अपूर्ण रहेको हुन सक्छ। | कैफियत |

| | | |
|---|---|---|
| कार्यक्रमको उद्देश्य | १. निर्माणाधीन तथा अधुरा सार्वजनिक भवनहरूको बाँकी निर्माण कार्य सम्पन्न गरी भवनलाई निर्धारित मापदण्डअनुसार पूर्ण रूपमा सञ्चालनयोग्य बनाउने।<br>२. अधुरा भवनमा विगतमा भएको लगानीको सदुपयोग गर्दै सेवाग्राही/सरोकारवालालाई आवश्यक सार्वजनिक सेवा सहज, गुणस्तरीय र प्रभावकारी रूपमा उपलब्ध गराउने। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. विनियोजित बजेटको परिधि भित्र रही सार्वजनिक खरिद सम्बन्धी कानूनको प्रावधान अनुरुप हुने गरी ड्रईङ, डिजाइन तथा लागत अनुमान अद्यावधिक गर्ने,<br>२. सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली २०७६ र अन्य प्रचलित कानून अनुसारको खरिद प्रक्रिया अपनाउने,<br>३. डिभिजन कार्यालयले ठेक्का आह्वान गरेको सूचनाको जानकारी निर्देशनालयमा अनिवार्य रुपमा गराउने,<br>४. चालु आर्थिक वर्षमा आयोजना सम्पन्न हुने गरी संझौता गर्ने,<br>५. आयोजना कार्यान्वयन गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अर्थ मन्त्रालय, आर्थिक मामिला तथा आयोजना मन्त्रालयबाट विभिन्न समयमा दिएका सुझावहरू,मार्गदर्शन र निर्देशनहरुको पूर्ण रुपमा पालना गर्ने,<br>६. आयोजना कार्यान्वयन गरेको स्थानमा सर्वसाधारण सबैले देख्ने गरी आयोजना सूचना पाटी अनिवार्य रुपमा राख्ने,<br>७. कार्य सम्पन्न प्रतिवेदनका आधारमा अर्को आर्थिक वर्षमा दायित्व बाँकी नहुने गरी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी समयमै भुक्तानी गर्ने व्यवस्था मिलाउने,<br>८. प्राविधिक कार्यका लागि स्थानीयतहसँग समन्वय र सहकार्य गर्न सकिने, | |
| खर्च प्रक्रिया र प्रतिवेदन | १. प्रचलित कानुन अनुसार आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी भुक्तानी गर्ने ।<br>२. प्रमाणमा आधारित प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | विगत आर्थिक वर्षमा निर्माण अधुरो भइ चालु आर्थिक वर्षमा बजेट विनियोजन भएका भवनहरु निर्माण सम्पन्न भई शैक्षिक गतिविधिका लागि प्रयोगमा आएको हुने । | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | कार्यसम्पन्न भएको प्रमाणित गर्ने प्रचलित कानून बमोजिमका कागजात, कार्य सम्पन्न भएको आयोजनाको फोटो | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग,शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

**९८.कार्यक्रम/ आयोजनाको नामः भवन निर्माण**

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | भवन निर्माण भन्नाले कुनै सार्वजनिक, शैक्षिक, प्रशासनिक वा अन्य प्रयोजनका लागि आवश्यक जग्गा छनोट तथा तयारी, डिजाइन तथा नक्सा निर्माण, स्वीकृति, संरचनागत निर्माण, विद्युत् तथा खानेपानीलगायतका पूर्वाधार जडान, फिनिसिङ, परीक्षण तथा प्रयोगयोग्य अवस्थामा हस्तान्तरण गर्ने सम्पूर्ण कार्यलाई जनाउँछ। भवन निर्माण केवल भौतिक संरचना निर्माण गर्ने कार्य मात्र नभई यसको उपयोगिता, सुरक्षा, पहुँचयोग्यता, वातावरणीय प्रभाव, विपद् जोखिम न्यूनीकरण तथा दीर्घकालीन दिगोपनालाई समेत समेट्ने समग्र प्रक्रिया हो।नेपालमा भवन निर्माण गर्दा प्रचलित भवन ऐन तथा भवनसम्बन्धी नियमावली, राष्ट्रिय भवन संहिता (National Building Code), स्थानीय तहबाट स्वीकृत भवन निर्माण मापदण्ड तथा प्रचलित सार्वजनिक खरिद, आर्थिक कार्यविधि र वातावरणीय व्यवस्थासमेत पालना गर्नुपर्ने व्यवस्था रहेको छ। विशेषतः भूकम्पीय जोखिमलाई ध्यानमा राखी भवनको डिजाइन, संरचनागत सुरक्षा, निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि तथा प्राविधिक परीक्षणलाई प्राथमिकता दिन आवश्यक हुन्छ। | कैफियत |

| | | |
|---|---|---|
| कार्यक्रमको उद्देश्य | १. प्रचलित कानून, संहिता तथा स्वीकृत मापदण्ड अनुसार सुरक्षित, गुणस्तरीय, पहुँचयोग्य र दिगो सार्वजनिक भवन निर्माण तथा विकास गर्नु।<br>२. सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक भौतिक पूर्वाधारको विकास गरी भवनको प्रभावकारी उपयोग, विपद् जोखिम न्यूनीकरण तथा सार्वजनिक लगानीको दीर्घकालीन प्रतिफल सुनिश्चित गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. भवन निर्माण स्थलको जग्गाको स्वामित्व एकिन गरी आयोजना स्थल पहिचान गर्ने,<br>२. भवन निर्माणमा कानुनी तथा प्रकृयागत समस्या नभएको एकिन गर्ने,<br>३. सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम ड्रईङ, डिजाइन तथा लागत अनुमान तयार गरी स्वीकृत गर्ने,<br>४. सार्वजनिक खरिद ऐन २०६३, नियमावली२०६४ र सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली २०७६ र अन्य प्रचलित कानुन अनुसारको खरिद प्रक्रिया अवलम्बन गर्ने,<br>५. डिभिजन कार्यालयले बोलपत्र आह्वान गरेको सूचनाको जानकारी निर्देशनालयमा अनिवार्य रुपमा पठाउने,<br>६. चालु आर्थिक वर्षमा आयोजना सम्पन्न हुने गरी विनियोजित बजेटको परिधिभित्र रही आगामी आर्थिक बर्षमा दायित्व नसर्ने सुनिश्चितता सहित संझौता गर्ने,<br>७. कार्यक्रम संचालन गरेको स्थानमा सर्वसाधारण सबैले देख्ने गरी आयोजना सूचना पाटी अनिवार्य रुपमा राख्ने,<br>८. कार्य सम्पन्न प्रतिवेदनका आधारमा अर्को आर्थिक वर्षमा दायित्व नसर्ने गरी प्रचलित कानून बमोजिम भुक्तानी गर्ने व्यवस्था मिलाउने, | |
| खर्च प्रक्रिया र प्रतिवेदन | १. प्रचलित कानुनले तोकेको विधि प्रक्रिया अनुसार आगामी आर्थिक बर्षमा दायित्व नसर्ने गरी भुक्तानी गर्ने ।<br>२. प्रमाणमा आधारित प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | स्वीकृत मापदण्ड, संहिता अनुरुपको सुरक्षित, गुणस्तरीय, पहुँचयोग्य भवन निर्माण सम्पन्न भई प्रयोगमा आएको हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | कार्य सम्पन भएको प्रमाणित गर्ने प्रचलित कानुन बमोजिमका कागजात ,कार्य सम्पन्न भएको आयोजनाको फोटो | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

### ९९.कार्यक्रम/ आयोजनाको नामः ICT व्यवस्थापन तथा मेसिनरी औजार उपकरण खरिद / व्यवस्थापन

| | | |
|---|---|---|
| कार्यक्रम को परिचय | प्रदेश सरकारका मन्त्रालय, मातहतका कार्यालय, शैक्षिक तथा प्राविधिक शिक्षण संस्था, तालिम केन्द्र तथा सेवा प्रवाह गर्ने निकायमा सूचना तथा सञ्चार प्रविधि (ICT) र आवश्यक मेसिनरी, औजार तथा उपकरणको उपलब्धता, गुणस्तर र प्रयोग क्षमताले सेवा प्रवाहको प्रभावकारिता निर्धारण गर्दछ। प्रविधिको तीव्र विकाससँगै कार्यालय तथा संस्थाहरूमा आधुनिक ICT उपकरण, नेटवर्किङ सामग्री, डिजिटल उपकरण तथा प्राविधिक/व्यावसायिक शिक्षाका लागि आवश्यक मेसिनरी तथा औजार उपकरणको आवश्यकता बढ्दै गएको छायस कार्यक्रममार्फत सम्बन्धित निकाय तथा संस्थाको वास्तविक आवश्यकता पहिचान गरी आवश्यक ICT उपकरण, कम्प्युटर तथा परिधीय उपकरण, नेटवर्किङ सामग्री, प्रिन्टर/स्क्यानर, प्रोजेक्टर, UPS, सर्भर/स्टोरेजलगायतका सामग्री तथा प्राविधिक शिक्षा/तालिमका लागि आवश्यक मेसिनरी, औजार र उपकरणको खरिद, जडान, सञ्चालन, मर्मत तथा व्यवस्थापन गरिनेछ। यस कार्यक्रमले उपकरणको खरिद मात्र नभई आवश्यकता पहिचानदेखि उपयोग, क्षमता विकास, मर्मतसम्भार र अनुगमनसम्मको पूर्ण जीवनचक्र | कैफियत |

| | | |
|---|---|---|
| | व्यवस्थापनलाई प्राथमिकता दिनेछ। | |
| कार्यक्रम को उद्देश्य | १. शैक्षिक संस्थाको आवश्यकता आधारमा आधुनिक ICT सँग सम्बन्धित मेसिनरी/औजार उपकरण उपलब्ध गराउने।<br>२. शिक्षण, सिकाइ, तालिम, कार्यालय सञ्चालन तथा सेवा प्रवाहमा प्रविधिको प्रयोग बढाउने।<br>३. उपकरणको उचित जडान, सञ्चालन, मर्मतसम्भार तथा उपयोग सुनिश्चित गरी लगानीको प्रतिफल अभिवृद्धि गर्ने। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. डिभिजन कार्यालयले सरोकारवालासँगको समन्वयमा शैक्षिक संस्थामा भएको ICT तथा प्रविधिको अवस्थाको विस्तृत अनुगमन गरी आवश्यकता पहिचान गर्ने,<br>२. आवश्यकतामा आधारित रही सम्बन्धित प्राविधिक विशेषज्ञता भएको निकायबाट उपकरणको क्षमता, गुणस्तर, स्पेशिफिकेशन जस्ता विषयको निर्माण गर्न लगाई खरिद कानुन बमोजिम हुने गरी स्वीकृत गर्ने,<br>३. सार्वजनिक खरिद कानून बमोजिम खरिद योजना तयार गर्ने,लागत अनुमान स्वीकृत गर्ने र उपयुक्त खरिद विधि छनोट गर्ने र सम्झौता गर्ने ।<br>४. शैक्षिक संस्थाबाट/ ठेक्का व्यवसायीबाट आपूर्ति भएका उपकरणको प्राविधिक परीक्षण गराई प्राविधिक कर्मचारीको सिफारिसका आधारमा आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी नियमानुसार भुक्तानी गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | स्वीकृत कार्यक्रम तथा बजेटको आधारमा प्रचलित आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद सम्बन्धी कानुन अनुसार खर्च गर्ने । प्राविधिक परीक्षण तथा सिफारिस र दाखिला प्रतिवेदन समेत समावेश गरी संक्षिप्त प्रतिवेदन तयार गर्ने । | |
| अपेक्षित उपलब्धी | १. शैक्षिक संस्थामा आवश्यकता आधारमा ICT सँग सम्बन्धित मेसिनरी/औजार उपकरण उपलब्ध भएको हुनेछ।<br>२. कार्यालय तथा संस्थाको प्रविधिगत क्षमता अभिवृद्धि हुनेछ।<br>३. शिक्षण, तालिम तथा सेवा प्रवाहमा आधुनिक प्रविधिको प्रयोग बढ्नेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालयहरु, शैक्षिक संस्था र सम्बन्धित स्थानीय तह । | |
| अनुगमन सूचक | १. खरिद भएका ICT तथा मेसिनरी/औजार उपकरणको संख्या<br>२. जिन्सी/सम्पत्ति अभिलेखमा दाखिला भएका उपकरणको संख्या | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग,शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## १००. कार्यक्रम/ आयोजनाको नामः कम्पाण्डवाल/तारवार निर्माण

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | शैक्षिक संस्था विद्यार्थी, शिक्षक, कर्मचारी तथा समुदायका लागि सुरक्षित, व्यवस्थित र अनुकूल सिकाइ वातावरण प्रदान गर्ने सार्वजनिक संस्था भएकाले यसको भौतिक पूर्वाधार सुरक्षित र व्यवस्थित हुनु आवश्यक हुन्छ। कम्पाउण्डवाल तथा तारबार भन्नाले शैक्षिक संस्थाको स्वामित्व वा उपयोगमा रहेको जग्गाको सीमाना निर्धारण गरी बाह्य अतिक्रमण, अनधिकृत प्रवेश, चोरी तथा अन्य जोखिमबाट संस्थाको सम्पत्ति र विद्यार्थीको सुरक्षा गर्न निर्माण गरिने स्थायी वा अस्थायी घेराबार संरचनालाई जनाउँछ । शैक्षिक संस्थामा कम्पाउण्डवाल तथा तारबारले विद्यालयको जग्गा तथा भौतिक सम्पत्तिको संरक्षण, विद्यार्थीको सुरक्षा, विद्यालय परिसरको व्यवस्थित उपयोग, अनुशासन कायम तथा सुरक्षित र बालमैत्री सिकाइ वातावरण निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। | कैफियत |

| | | |
|---|---|---|
| कार्यक्रमको उद्देश्य | १. शैक्षिक संस्थाको जग्गा, भवन तथा भौतिक सम्पत्तिको संरक्षण गर्दै विद्यार्थी, शिक्षक तथा कर्मचारीका लागि सुरक्षित, व्यवस्थित र बालमैत्री शैक्षिक वातावरण निर्माण गर्नु।<br>२. विद्यालय परिसरको सीमाना व्यवस्थित गरी अतिक्रमण, अनधिकृत प्रवेश, चोरी तथा अन्य सम्भावित जोखिम न्यूनीकरण गर्दै शैक्षिक संस्थाको सम्पत्तिको दीर्घकालीन संरक्षण सुनिश्चित गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. स्वीकृत बजेटको सीमा भित्र रही सार्वजनिक खरिद ऐन र नियमावलीमा तोकिएबमोजिम ड्रईङ, डिजाइन तथा लागत अनुमान तयारगरी स्वीकृत गर्ने,<br>२. सार्वजनिक खरिद ऐन, खरिद नियमावली, २०६४ तथा सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली को व्यवस्था अनुसार खरिद प्रकिया अपनाउने गर्ने,<br>३. कार्यक्रम संचालन गरेको स्थानमा सर्वसाधारण सबैले देख्ने गरी आयोजना सुचना पाटी अनिवार्य रुपमा राख्ने,<br>४. आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी योजना सम्पन्न गर्ने । | |
| खर्च प्रक्रिया र प्रतिवेदन | १. सार्वजिनिक खरिद ऐन र नियमावली तथा अन्य प्रचलित कानुन अनुसार भएका ठेक्का संझौता अनुसारको कार्य सम्पन्न प्रतिवेदनका आधारमा खर्चका विल भरपाई, स्थानीय तहको सिफारिसका आधारमा आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी भुक्तानी गर्ने ।<br>२. प्रमाणमा आधारित प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | १. छनोट भएका शैक्षिक संस्थामा कम्पाउण्ड वाल तथा तारबार निर्माण सम्पन्न भई विद्यालय परिसर सुरक्षित, व्यवस्थित र बालमैत्री भएको हुनेछ।<br>२. विद्यालयको जग्गा तथा भौतिक सम्पत्तिको संरक्षण, अनधिकृत प्रवेश तथा अतिक्रमण नियन्त्रणमा सुधार भई विद्यार्थी तथा शिक्षकका लागि सुरक्षित सिकाइ वातावरण निर्माण भएको हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन,कार्य सम्पन्न भएको प्रमाणित गर्ने प्रचलित कानून बमोजिमका कागजात र आयोजनाको फोटो | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग,शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## १०१. कार्यक्रम/ आयोजनाको नामः भौतिक पूर्वाधार निर्माण

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | भौतिक पूर्वाधार भन्नाले कुनै संस्था, समुदाय वा क्षेत्रको सेवा प्रवाह, सञ्चालन, विकास तथा आर्थिक–सामाजिक गतिविधिका लागि आवश्यक पर्ने भौतिक संरचना, सुविधा तथा सम्पत्तिहरूको समष्टिगत स्वरूपलाई जनाउँछ। शैक्षिक संस्थाको सन्दर्भमा विद्यालय/क्याम्पस भवन, कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, शौचालय, खानेपानी, विद्युत्, कम्पाउण्डवाल तथा तारबार, खेलमैदान, पहुँचमार्ग, फर्निचर तथा अन्य आवश्यक संरचना र सुविधाहरू भौतिक पूर्वाधारअन्तर्गत पर्दछन्।गुणस्तरीय शिक्षा तथा प्रभावकारी सेवा प्रवाहका लागि पर्याप्त, सुरक्षित, पहुँचयोग्य, समावेशी र वातावरणमैत्री भौतिक पूर्वाधार आवश्यक हुन्छ। त्यसैले शैक्षिक संस्थामा रहेको पूर्वाधारको अवस्था, आवश्यकता र प्राथमिकता पहिचान गरी नयाँ निर्माण, विस्तार, स्तरोन्नति, पुनर्निर्माण तथा मर्मतसम्भारमार्फत सुरक्षित र सिकाइमैत्री वातावरण विकास गर्नु यस कार्यक्रमको मुख्य आधार हुनेछ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. शैक्षिक संस्थाका लागि आवश्यक सुरक्षित, गुणस्तरीय, पहुँचयोग्य, समावेशी तथा दिगो भौतिक पूर्वाधार विकास गरी प्रभावकारी शिक्षण–सिकाइ वातावरण निर्माण गर्नु।<br>२. विद्यमान भौतिक पूर्वाधारको स्तरोन्नति, पुनर्निर्माण तथा मर्मतसम्भारमार्फत सार्वजनिक लगानीको संरक्षण गर्दै शैक्षिक सेवा प्रवाहको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्नु। | |

| | | |
|---|---|---|
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. बजेट विनियोजन भएको शैक्षिक संस्थाको आवश्यकता पहिचान गर्न प्राविधिक सहित सम्बन्धित संस्थाको अनुगमन गर्ने,<br>२. बजेटको सिमा भित्र रही सार्वजनिक खरिद् सम्बन्धी प्रचलित कानुन अनुसार ड्रइङ, डिजाइन तथा लागत अनुमान स्वीकृत,<br>३. सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ तथा सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावलीको व्यवस्था अनुसार खरिद प्रकिया अपनाउने,<br>४. चालु आर्थिक वर्षमै कार्य सम्पन्न हुने गरी कार्यदेश दिने,<br>५. आयोजना सूचनापाटी राख्ने, | |
| खर्च प्रक्रिया र प्रतिवेदन | १. आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी प्रचलित कानुन अनुसार भुक्तानी गर्ने ।<br>२. प्रमाणमा आधारित प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | आवश्यकतामा आधारित नयाँ भौतिक पूर्वाधार निर्माण तथा विद्यमान पूर्वाधारको स्तरोन्नति/मर्मत सम्भार भई शैक्षिक संस्थाहरू सुरक्षित, व्यवस्थित, पहुँचयोग्य र सिकाइमैत्री भएका हुनेछन्। भौतिक पूर्वाधारको पर्याप्तता र गुणस्तरमा सुधार भई शिक्षण–सिकाइ तथा सेवा प्रवाहको वातावरण, विद्यार्थीको पहुँच र संस्थागत कार्यसम्पादनमा सुधार भएको हुनेछ। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन,कार्य सम्पन्न भएको प्रमाणित गर्ने प्रचलित कानून बमोजिमका कागजात र आयोजनाको फोटो | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## १०२. कार्यक्रम/ आयोजनाको नामः ट्रष्ट निर्माण

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | ट्रष्ट भवन निर्माण भन्नाले विद्यालय, शैक्षिक संस्था वा अन्य सार्वजनिक संस्थामा आवश्यक अतिरिक्त भौतिक संरचना उपलब्ध गराउन हलुका, टिकाउ तथा लागत प्रभावकारी प्रविधिबाट निर्माण गरिने भवनलाई जनाउँछ। विशेषगरी कक्षा सञ्चालन, प्रयोगशाला, पुस्तकालय, सभाहल, बहुउद्देश्यीय गतिविधि, प्रशासनिक कार्य तथा अन्य शैक्षिक प्रयोजनका लागि पर्याप्त पक्की भवन उपलब्ध नभएका संस्थामा ट्रष्ट भवन उपयोगी हुन्छ। सीमित स्रोत, उपलब्ध जग्गा र तत्कालीन आवश्यकतालाई ध्यानमा राखी ट्रष्ट भवन निर्माण गरी सुरक्षित, व्यवस्थित र बालमैत्री सिकाइ वातावरण सिर्जना गर्न सकिन्छ। | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. विद्यालय तथा शैक्षिक संस्थामा आवश्यक अतिरिक्त भौतिक पूर्वाधार निर्माण गरी पर्याप्त, सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्नु।<br>२. तुलनात्मक रूपमा कम लागत र कम समयमा निर्माण गर्न सकिने संरचनामार्फत भौतिक पूर्वाधार विस्तार तथा सेवा प्रवाहमा सुधार गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम ड्रईङ, डिजाइन तथा लागत अनुमान स्वीकृत गर्ने,<br>२. सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ तथा सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावलीको व्यवस्था अनुसार खरिद प्रकिया अपनाउने,<br>३. कार्यक्रम संचालन गरेको स्थानमा सर्वसाधारण सबैले देख्ने गरी आयोजना सुचना पाटी अनिवार्य रुपमा राख्ने,<br>४. चालु आर्थिक बर्षमा कार्यक्रम सम्पन्न हुने गरी कार्यदेश दिने,<br>५. निर्माण कार्य गुणस्तरको सुनिश्चता गर्ने, | |

| | | |
|---|---|---|
| खर्च प्रक्रिया र प्रतिवेदन | १. आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी प्रचलित कानुन अनुसार भुक्तानी गर्ने ।<br>२. प्रमाणमा आधारित प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | १. लक्षित विद्यालय/शैक्षिक संस्थामा आवश्यकताअनुसार ट्रष्ट भवन निर्माण भई प्रयोगमा आउने।<br>२. कक्षा सञ्चालन तथा शैक्षिक गतिविधिका लागि पर्याप्त, सुरक्षित र व्यवस्थित स्थान उपलब्ध हुने।<br>३. विद्यार्थी तथा शिक्षकका लागि बालमैत्री, सुरक्षित र अनुकूल सिकाइ वातावरणमा सुधार हुने। | |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिबिजन कार्यालय सबै | |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन, कार्य सम्पन्न  भएको प्रमाणित गर्ने प्रचलित कानून बमोजिमका कागजात र आयोजनाको फोटो | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |

## १०३. कार्यक्रम/ आयोजनाको नाम: शौचालय  निर्माण

| | | |
|---|---|---|
| कार्यक्रमको परिचय | शौचालय भन्नाले शैक्षिक संस्थामा आधारभुत स्वास्थ्य र स्वच्छता प्रवर्द्धनका लागि अनिवार्य पूर्वाधार संरचना हो । यो प्राथमिकताप्राप्त न्यूनतम संक्षमताको अवस्था भित्रको एक महत्वपुर्ण अवयव हो । यसका माध्यमबाट शैक्षिक संस्थामा स्वच्छता र सुबिधाको महशुष गराउँछ । अहिले पनि हाम्रा शैक्षिक संस्थाहरुमा प्रयाप्त, सुबिधाजनक शौचालयहरु व्यवस्थित गर्न नसकेको अवस्था छ । भएका शौचालयहरु पनि बालबालिकाको उमेर, शारीरिक अवस्था, लिङ्ग र लैङ्गिकताका हिसाबले मैत्रीपुर्ण बन्न सकेका छैनन । विद्यार्थी संख्याको आधारमा, अपाङ्गता भएका बालबालिकाहरु, किशोरीहरु, सानो उचाई र उमेरका बालबालिकाका लागि उपयुक्त शौचालयहरुको निर्माणको आवश्यकता अहिले पनि उत्तिकै छ । शैक्षिक संस्थामा बन्ने शौचालयमा प्रयाप्त पानिको व्यवस्था गर्न नसक्दा थप स्वास्थ्य जोखिम रहने अवस्था समेत हुन्छ । | कैफियत |
| कार्यक्रमको उद्देश्य | १. विद्यालय तथा शैक्षिक संस्थामा आवश्यक शौचालय निर्माण गरी पर्याप्त, सुरक्षित र गुणस्तरीय स्वच्छ वातावरण सुनिश्चित गर्नु।<br>२. शौचालयलाई विद्यालयको सरसफाइ र स्वच्छता मानकको रुपमा विकास गर्नु। | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. स्वीकृत बजेट भित्र रही सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम ड्रईङ, डिजाइन तथा लागत अनुमान स्वीकृत गर्ने,<br>२. सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ तथा सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावलीको व्यवस्था अनुसार खरिद प्रकिया अपनाउने,<br>३. कार्यक्रम संचालन गरेको स्थानमा सर्वसाधारण सबैले देख्ने गरी आयोजना सुचना पाटी अनिवार्य रुपमा राख्ने,<br>४. चालु आर्थिक बर्षमा कार्यक्रम सम्पन्न हुने गरी कार्यदेश दिने,<br>५. निर्माण कार्यको गुणस्तर सुनिश्चता गर्ने, | |
| खर्च प्रक्रिया र प्रतिवेदन | १. आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी प्रचलित कानुन अनुसार भुक्तानी गर्ने ।<br>२. प्रमाणमा आधारित प्रतिवेदन तयार गर्ने। | |
| अपेक्षित उपलब्धी | १. लक्षित विद्यालय/शैक्षिक संस्थामा आवश्यकताअनुसार शौचालय निर्माण तथा सञ्चालन हुने।<br>२. विद्यार्थी, शिक्षक तथा कर्मचारीका लागि स्वच्छ, सुरक्षित र मर्यादित सरसफाइ सुविधा उपलब्ध हुने।<br>३. छात्रा तथा अपाङ्गता भएका विद्यार्थीको विद्यालयमा नियमित उपस्थिति र सहज सहभागिताका लागि अनुकूल वातावरण निर्माण हुने। | |

| | | |
|---|---|---|
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालय सबै | |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन,कार्य सम्पन्न भएको प्रमाणित गर्ने प्रचलित कानुन बमोजिमका कागजातहरु, आयोजनाको फोटो | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | |